

# एउटै सपना, एउटै संसार

# इतिहासकै भव्य ओलम्पिक

| थप समग्रीहरू | पृष्ठ |
| --- | --- |
| ओलम्पिक भिलेज | १६ |
| ओलम्पिक चिन्हहरू | २१ |
| सम्झनामा ओलम्पिक | २२ |
| नेपालको अपेक्षा | २३ |

काठमाडौं– ओलम्पिक आन्दोलनको २९ औं संस्करण चीनको राजधानी बेइजिङमा आज साँझदेखि विधिवत् रूपमा प्रारम्भ हुने भएको छ। २ सय ५ मुलुकले सहभागिता गरिरहेको यो खेलकुद मेलामा नेपालले पनि सहभागिता जनाएको छ। नेपालले यसपटक तेक्वान्दो, एथलेटिक्स, पौडी, जुडो, भारोत्तोलन तथा सुटिङ खेलमा सहभागिता जनाएको छ।


ओलम्पिक आन्दोलनको इतिहासमा अहिलेसम्मकै भव्य मानिएको बेइजिङ ओलम्पिकले विश्वमा चीनको राजनैतिक प्रभाव एवं आर्थिक समृद्धिलाई समेत प्रस्तुत गर्ने अवसरका रूपमा हेरिएको छ। ओलम्पिकको आयोजना गर्ने अवसर पाउँदा चीनका उपराष्ट्रपति लि ल्याङकिङले भनेका थिए– सन् २००८ को ओलम्पिक प्रतियोगिता आयोजना गर्ने क्रममा अन्तर्राष्ट्रिय क्षेत्रले चीनको सामाजिक स्थायित्व, आर्थिक विकास तथा नागरिकको स्वास्थ्यका बारेमा पूर्ण जानकारी पाउनेछन्, तर राजनैतिक विश्लेषकहरूले चीनले ओलम्पिकको समयमा तीव्र राजनैतिक दबाबको समेत सामना गर्ने अनुमान गरेका छन्।

बेइजिङले ओलम्पिकको आयोजना गर्ने महत्त्वाकांक्षी सपनाअन्तर्गत सन् २००० को ओलम्पिकलाई नै लक्ष्य बनाएको थियो, तर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सन् १९९३ को बैठकले बेइजिङको विकल्पमा अस्ट्रेलियाको सिड्नी सहरलाई छनौट गऱ्यो, त्यसपछि चीनले सन् २००१ मा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको १ सय १२ औं बैठकमा भएको मतदानमार्फत् सन् २००८ को ओलम्पिक आयोजना गर्ने अवसर पायो। उक्त मतदानमा बेइजिङलगायत रूसको मस्को, क्यानाडाको टोरोन्टो, फ्रान्सको पेरिस, टर्कीको इस्तानबुल तथा जापानको ओसाका सहर प्रतिस्पर्धी थिए। अन्तिम चरणमा बेइजिङले ओसाका सहरलाई ६ मतले पराजित गर्दै यो ओलम्पिक आयोजित गर्ने अवसर पाएको थियो।

पहिलो पटक ओलम्पिक आयोजना गर्ने अवसर पाएपछि चीनले यसलाई अहिलेसम्मकै सबैभन्दा भव्य ओलम्पिक बनाउने प्रयास गरेको छ। ओलम्पिक आयोजनाका लागि आफ्नो दावेदारी प्रस्तुत गर्नुअगावै पूर्वाधारहरू प्रस्तुत गर्नुपर्ने हुन्छ भने भविष्यमा कमिटीबाट मान्यता पाएका २ सय ५ राष्ट्रका १० हजार ७ सय ८ खेलाडीले यो ओलम्पिकमा सहभागिता गर्नेछन्। गत ओलम्पिकभन्दा केही स्पर्धा थप गरिए पनि यस पटक खेलको संख्यामा भने कुनै परिवर्तन गरिएको छैन। यसपटकको ओलम्पिक प्रतियोगितामा २८ खेलका ३ सय २ स्पर्धा सञ्चालन हुनेछन् भने सहभागी खेलाडीहरूले ३ सय २ स्वर्ण

**शेष पृष्ठ १६ मा जारी**

## यसरी हुँदैछ उद्घाटन समारोह



आज शुक्रबार साँझ यो शताब्दीकै भव्य २९ औं ओलम्पिक प्रतियोगिता चीनको राजधानी बेइजिङमा प्रारम्भ हुँदैछ। यो प्रतियोगिताको उद्घाटन गर्न आयोजक समितिले पूर्वअभ्याससमेत गरेको छ। पूर्वअभ्यासहरूलाई हेर्दा बेइजिङ ओलम्पिकको आकर्षण चराको गुँड आकारमा निर्माण गरिएको मुख्य रंगशालाभित्रको वातावरण जति आकर्षक हुनेछ त्यति नै आकर्षक वातावरण रंगशालाबाहिरसमेत हुनेछ। आयोजक समितिका अनुसार उनीहरूले रंगशालाभित्रको मुख्य कार्यक्रममा जति ध्यान दिएका छन् त्यति नै आतिसवाजीलाई पनि आकर्षक तुल्याउने सोच बनाएका छन्। यो आतिसबाजीको मुख्य आकर्षण आकाशमा बन्ने ओलम्पिक रिङ हुनेछ।

बेइजिङ ओलम्पिकको उद्घाटन समारोह साढे तीन घन्टा लामो हुनेछ। उद्घाटनको पहिलो चरणमा ओलम्पिकमा सहभागी खेलाडी तथा पदाधिकारीहरू मार्चपास गरेर रंगशालामा प्रवेश गर्नेछन्। त्यसपछि विभिन्न सांगीतिक एवं नृत्यका कार्यक्रम प्रस्तुत हुनेछन्। उद्घाटन कार्यक्रममा करिब १५ हजार व्यक्तिले सहभागिता गर्नेछन् र उद्घाटन समारोहको अन्तमा आतिसवाजी गरिनेछ। सुरक्षाको कारण देखाएर आयोजक समितिले अझै पनि कार्यक्रमको रूपरेख सार्वजनिक गरेको छैन, तर उद्घाटन समारोहमा विश्वप्रसिद्ध गायकगायिकाहरूले गीत गाउने कार्यक्रम छ, जसमा सिलोन डियोन तथा ताइवानका जे चाउ पनि छन्।



मध्यपृष्ठमा संजिता



१४ मा

धेरै दिनपछिको फिल्मी समारोह



११ मा

साप्ताहिक

## क्यासेट

### गल्ती मेरै भो



लोक तथा दोहोरी गीतहरूको नयाँ संग्रह 'गल्ती मेरै भो' श्रोतामाझ आएको छ। अर्जुन अभागी, दीपक परियार, राजु परियार, विष्णु माझी तथा लक्ष्मी न्यौपानेका स्वरहरूमा सजिएको यो संग्रहमा 'गल्ती मेरै भो...' तथा 'लालीगुराँस फुल्यो पाखैमा' भाकाका दुईवटा दोहोरी गीत सुन्न सकिन्छ। संग्रहका दोहोरी गीतहरूमा अर्जुन अभागी, दीपक परियार, कमल विश्वकर्मा, मधुसँदन घिमिरे, लक्ष्मी न्यौपाने आदिको लय तथा शब्द संकलन छ। संग्रहलाई महाबौद्ध रेकर्ड्सले बजारमा ल्याएको हो।

### भक्ति संगीत



नेपाली भजनहरूको संग्रह 'भक्ति संगीत भाग-२' बजारमा आएको छ। संग्रहका भजनहरू रामा मण्डल, देविका बन्दना, सपनाश्री तथा अञ्जु पन्तका स्वरमा सजिएका छन्। संग्रहमा भएका भजनहरूमा भगवान् गणेश, शिव तथा देवी दुर्गा र सरस्वतीको उपसना गरिएको छ।

### नादिन जुवारी

लोकदोहोरी गीतहरूको नयाँ संग्रह 'नादिन जुवारी' बजारमा आएको छ। इन्द्र गुरुङको लय तथा संकलनमा तयार पारिएको यो संग्रहका गीतहरू इन्द्र गुरुङ, याङ्जी शेर्पा तथा पासाङफुटी शेर्पाले गाएका छन्। भूपालमान सिंह संग्रहका गीतका एरेन्जर हुन्।

## रंगमञ्च

– पूर्वाञ्चलका विभिन्न तीनवटा जिल्लामा सडक नाटक प्रदर्शनको विशेष अभियानमा जुटेको बिहानी समाज विकास केन्द्रले स्थापनाकालदेखि नै सडक नाटकमार्फत ग्रामीण क्षेत्रमा जनचेतना फैलाइरहेको छ। यसपटक केन्द्रले झापा, मोरङ तथा सुनसरी जिल्लाका १ सय ५० स्थानमा नाटक प्रदर्शन गर्ने कार्यक्रम प्रारम्भ गरेकोमा हालसम्म १ सय ठाउँमा नाटक मञ्चन भैसकेको छ। 'आमाको विरह' शीर्षक राखिएको यो नाटकमा देशको वर्तमान अवस्थाको सजीव चित्रण गरिएको छ। पूर्वाञ्चलका सडकनाटक प्रेमीहरू यो नाटकको कथा रोचक तथा यथार्थपरक रहेको बताउँछन्। एउटी तल्लो जातकी युवतीले पानी छोएको दृश्यबाट प्रारम्भ हुने यो नाटकमा उनले पानी छोएपछि भोग्नुपरेको पीडामा केन्द्रित छ। यसबाहेक नाटकमा चक्काजाम, विद्यालय बन्दजस्ता क्रियाकलापमा संलग्न व्यक्तिहरूमाथि तीखो व्यंग्य प्रहार गरिएको छ। नाटकले अब बन्ने नयाँ संविधानमा कसरी जनमुखी हुनुपर्छ भन्ने सुझावसमेत दिएको छ। शिवहरि श्रेष्ठको परिकल्पना तथा प्रशान्त तामाङको निर्देशनमा मञ्चन भैरहेको यो नाटकमा सोनु गिरी, सन्देश राई, अनिता राई, प्रशान्त तामाङ, ईश्वर तिम्सिना, केशव खड्का, सुनीता राई, शशी राई, जेनी राई तथा प्रेमकुमार जिमीले प्रमुख भूमिका निर्वाह गरेका छन्। यो नाटक नेपाली, थारू तथा मैथिली भाषामा तयार पारिएको छ।

## ग्यालरी

– गत आइतबारदेखि बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा स्वदेशी तथा विदेशी चित्रकारका विभिन्न शैलीका चित्रहरू प्रदर्शन भैरहेका छन्। बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म चल्ने प्रदर्शनीमा करिब ५५ जना स्वदेशी तथा विदेशीका ७८ थान चित्रकला प्रदर्शन भैरहेका छन्। प्रदर्शनीमा नेपालका अतिरिक्त चीन तथा फिलिपिन्सका कलाकारहरूको सहभागिता छ। प्रदर्शनीमा राखिएका चित्रहरू बिक्रीका लागिसमेत उपलब्ध भएको जानकारी सिद्धार्थ आर्ट ग्यालरीले दिएको छ। प्रदर्शन आज शुक्रबारसम्म जारी रहनेछ।

– फोटोग्राफर मणि लामाले आगामी भदौ ६ गते शुक्रबारदेखि फोटोग्राफीसम्बन्धी वर्कसप सञ्चालन गर्ने भएका छन्। काठमाडौं उपत्यकाका विभिन्न आकर्षक लोकेसनमा आधारित हुने उक्त वर्कसपअन्तर्गत पहिलो चरणलाई 'मनसुन फोटोग्राफी' शीर्षक प्रदान गरिएको छ। वर्कसपकै क्रममा सहभागी फोटोग्राफरहरूले खिचेका तस्बिरहरूको प्रदर्शनीसमेत गरिनेछ। विभिन्न स्थानका सुन्दर तस्बिरहरूको उक्त प्रदर्शनी सर्वसाधारणका लागि पनि खुला गरिने जानकारी फोटोग्राफर लामाले दिएका छन्।

## पुस्तक

### आफ्नै सेरोफेरोभित्र

गोपालकुमार बस्नेतले एउटा कृति सार्वजनिक गरेका छन्– 'आफ्नै सेरोफेरोभित्र'। छ दशकअघिको पूर्वी तराईको तस्बिर उतारिएको यो कृतिमा लेखकले तत्कालीन समाजको सजीव चित्रण गरेको बताइएको छ। रत्नकुमार बस्नेत तथा टुङ्गबहादुर बस्नेतद्वारा प्रकाशित १ सय ७९ पृष्ठको यो पुस्तकको मूल्य १ सय ५१ रुपैयाँ छ। इतिहास र एउटा निश्चित कालखण्डमा आधारित कृतिहरू पढ्न रुचाउने पाठकहरूका लागि यो पुस्तक एउटा राम्रो खुराक हुनसक्छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता राम्रो छ। यात्रा हुनसक्छ। भेटघाटमा प्रसन्नता बढ्ने तथा पहिलो भेटमै सहयोग पाइने योग छ। आफन्तहरूको मद्दत पाउनुहोला। भाग्यले पनि साथ दिनेछ। आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ। आलोचकहरू सक्रिय रहनेछ।

### वृष

सानातिना उल्झन आए पनि निरन्तरको प्रयासले काममा सफलता प्राप्त हुनेछ। शत्रुबाट सजग रहनुहोला। मन चञ्चल रहनेछ। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। आइतबार तथा सोमबार प्रसन्नता एवं पराक्रम बढ्नेछ भने काममा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। अधुरा कामहरू पूरा हुनेछन्।

### मिथुन

सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। ठूला व्यक्तिले तपाईंको सम्मान गर्नेछन्। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना पनि छ। आफन्तहरूको सहयोग जुट्नेछ। बोलीको प्रभाव बढ्नेछ। रोग तथा शत्रुले सताउन सक्ने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला।

### कर्कट

आफन्तहरूको सहयोग पाइनेछ। नयाँ मित्रको आगमनले मन प्रसन्न रहला। सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सुधार आउनेछ। आम्दानीको नयाँ स्रोत फेलापर्न सक्छ। पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। रोग तथा शत्रु बढ्ने हुँदा खानपान एवं बोलमि विचार पुऱ्याउनुहोला। धनमाल हराउन सक्ने भएकाले सजग रहनुपर्ने बेला छ।

### सिंह

पराक्रम एवं सोच्ने शक्ति बढ्नेछ। अधुरा काम पूरा हुनुका साथै नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। व्यवसायमा सफलता हात लाग्नेछ। तपाईंको बुद्धिको प्रशंसा हुनेछ। अध्ययनमा रुचिका साथै खर्च एवं विवाद पनि बढ्ने हुँदा सजग रहनुहोला। सफलताका लागि गोपनियता आवश्यक छ।

### कन्या

बोलीको प्रभाव बढ्नेछ। अरूले तपाईंमाथि विश्वास गर्नेछन् भने आफन्तहरूसित गरिने अन्तरक्रियाले मनको बोझ हलुका हुनेछ। सहयोग गर्नेहरू प्रशस्तै हुनेछन्। खर्च बढे पनि पर्याप्त आम्दानी हुनेछ। मान-सम्मान पाइने योग छ। व्यवसायबाट हात लाग्ने सफलता यथावत् रहनेछ। विवाद बढ्ने हुँदा सजग रहनुहोला। झूटो आरोप लाग्न सक्छ।

### तुला

भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। मान-सम्मान प्राप्त हुनसक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता हात पर्नेछ भने अरूबाट सहयोग पनि पाउनुहोला। ठूला व्यक्तिले प्रशंसा गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ।

### वृश्चिक

खर्च एवं विवाद बढ्ने योग छ। कुरा काट्नेहरू प्रशस्तै हुनेछन्। चिन्ताले सताउन सक्छ। समयमा निर्णय नहुँदा काममा अवरोध आउन सक्छ। आइतबारदेखि मान सम्मान मिल्ने तथा भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। काममा सुधार आउनुका साथै बोलीको प्रभाव बढ्नेछ। यात्रा पनि हुनसक्छ।

### धनु

धन आर्जन हुनेछ भने मन प्रसन्न रहनेछ। काममा सफलता हात पर्नेछ। धार्मिक कार्यमा रुचि बढ्ने तथा रमाइलो यात्रा हुने देखिन्छ। आफन्तहरूले पूर्ण सहयोग गर्नेछन्। मान-सम्मान पनि पाउनुहोला। भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मकर

मान-सम्मान प्राप्त हुनेछ। काममा सफलता पाइनेछ। अरूको मन जित्न सकिनेछ। आम्दानी बढ्नेछ। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। घरेलु समस्याले सताउनसक्छ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै होलान्। अध्ययनमा अवरोध आउनेछ। मंगलबारदेखि बिहीबारसम्म चिन्ता एवं अस्थिरता बढ्नेछ।

### कुम्भ

भाग्यले साथ दिनेछ भने काममा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान पनि प्राप्त हुनेछ। व्यवसायमा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग गर्नेछन् भने अध्ययनमा सफलता हात पर्नेछ। शत्रु पराजित हुनेछन्।

### मीन

स्वास्थ्य गडबड हुनसक्छ। काममा अवरोध आउने तथा शत्रुले सताउने योग छ। मन चञ्चल रहनेछ। कुराकाट्नेहरू बढ्न सक्छन्। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। रोकिएका कामहरू बन्न थाल्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। ठूला व्यक्तिबाट सम्मान पाउनुहोला। गोपनियता आवश्यक छ।

## यो साताको पञ्चाङ्ग

साउन २४ गते : विश्व भू-संरक्षण दिवस, तुलसीदास जयन्ती, २५ गते : विश्व आदिवासी दिवस, यल पञ्चदान, २८ गते : विश्व युवा दिवस, पुत्रदा एकादशी, २९ गते : विश्व देब्रे हातेहरूको दिवस, ३० गते : प्रदोष व्रत।



## साता संक्षेप

**साउन १७ गते शुक्रबार**

• तीर्थयात्रामा भारत गएका काभ्रे जिल्लाका ३६ व्यक्तिको बस दुर्घटनामा मृत्यु, अधिकांश मृतकको उमेर ५० भन्दा माथि ।

• जाजरकोटको मूलपानीमा भीषण पहिरो, एकै घरका ५ सहित ९ को मृत्यु, ३ बालबालिका बेपत्ता ।

• दुर्गम जिल्लामा खाद्यान्न अभाव उत्कर्षमा, संकट भोग्ने जिल्लाहरूमा अछाम, बाजुरा, दैलेख, डोल्पा, हुम्ला, जाजरकोट, कालिकोट, मुगु र रुकुम ।

• सरकार गठनका विषयमा माओवादीको केन्द्रीय बैठक सुरु, आफ्नो दलसहित सबै दलमा विदेशी एजेन्ट भएकोमा केन्द्रीय सदस्यहरूको चिन्ता ।

• दक्षिण एसियाली क्षेत्रीय संगठन (सार्क) मा अस्ट्रेलिया तथा म्यानमारलाई पर्यवेक्षकको मान्यता, सार्कमा पर्यवेक्षक देशको संख्या ९ पुग्यो ।

**साउन १८ गते शनिबार**

• नेपाल आतंकवादी प्रभावित राष्ट्रमध्ये नवौं स्थानमा, पहिलो प्रभावित राष्ट्र इराक भएको आतंकवाद विरोधी संस्था डिफेन्स अगनेस्ट टेरोरिज्मको अध्ययन प्रतिवेदनको निष्कर्ष ।

• माओवादीद्वारा सरकार बनाउने विषयमा चार विकल्प, पहिलो सबै दलको राष्ट्रिय सरकार, दोस्रो सहमति नबने बहुमतको सरकार, तेस्रो त्यसमा पनि सहमति नबने माओवादीको अल्पमतको सरकार तथा अन्तिम प्रमुख प्रतिपक्षीका रूपमा अन्य ठूला दललाई सरकार बनाउन दिने निर्णय ।

• सार्क शिखर सम्मेलन प्रारम्भ, प्रधानमन्त्री कोइराला भारतलगायतका नेतासँग भेटघाटमा व्यस्त ।

• रामेछापको भीरपानीमा अज्ञात रोगबाट ७ जनाको मृत्यु, रोगको पहिचान गर्न राजधानीबाट स्वास्थ्य टोली प्रस्थान ।

**साउन १९ गते आइतबार**

• प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा भुटानी प्रधानमन्त्री जिग्मे वाई थिन्लेबीच भुटानी शरणार्थीका समस्या विषयमा छलफल ।

• माओवादीले फेरि २५ दलको बैठक बोलायो, अधिकांश दल माओवादीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्ने पक्षमा, कांग्रेसद्वारा फरक मत ।

• राष्ट्रपति डा. रामवरण यादवको चीन भ्रमण अन्तिम समयमा रद्द, नयाँ सरकार गठन प्रमुख कारण ।

**साउन २० गते सोमबार**

• पाकिस्तानस्थित विश्वको दोस्रो अग्लो हिमाल आरोहण गर्न गएका २ नेपालीको मृत्यु ।

• सार्क सम्मेलनमा ४१ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न, आगामी सम्मेलन मालेमा, सार्क विकासकोषको सचिवालय भुटानमा, खाद्यसुरक्षालाई सुनिश्चितता, अपराध नियन्त्रण घोषणापत्रका मुख्य बुँदा ।

• सरकार बनाउने विषय माओवादीद्वारा थप परामर्श, नेपाली कांग्रेसलाई लचिलो हुन आग्रह, तमलोपाद्वारा प्रतिपक्षमा बस्ने निर्णय ।

**साउन २१ गते मंगलबार**

• नेकपा (माओवादी) ले प्रस्तुत गरेका अवधारणाप्रति परिमार्जन गर्न मुख्य तीन दलको आग्रह, माओवादी तयार ।

• प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कोलम्बोमा भएको १५ औं सार्क शिखर सम्मेलनबाट भारत प्रस्थान, भारतीय नेताहरूसँग नयाँ सरकारका विषयमा छलफल ।

• दोलखा तथा रामेछापमा सोफी रक्सीका कारण ८ व्यक्ति मरेको खुलासा, गुणस्तरहीन रक्सीमा मिथाइल नामक अल्कोहल मिसाइएको खुलासा ।

• नेपालद्वारा खाडीराष्ट्रसँग पेट्रोलियम पदार्थ खरिद प्रस्ताव, एक महिनाभित्र छलफल प्रारम्भ हुने ।

**साउन २२ गते बुधबार**

• सरकार गठनसम्बन्धी प्रमुख चार दलको बैठक, तीन दिनभित्र राष्ट्रिय सरकार गठन गर्न राष्ट्रपति रामवरण यादवद्वारा माओवादीलाई सुझाव ।

• सशस्त्र द्वन्द्वका क्रममा मृत्यु भएकाहरूका आफन्तलाई सरकारद्वारा १ लाख रुपैयाँ राहत दिने घोषणा, नयाँ सरकारले राहत वितरण गर्ने ।

• यो वर्ष पनि कोरियामा नेपाली कामदार पठाउने अवसर गुम्ने कोरियाली चेतावनी, सरकारको ढिलासुस्तीका कारण हजारौं युवाको सपनामा कुठाराघात ।

• खाद्यान्न अभावका कारण दुर्गम जिल्ला भोकमरीमा परेको भन्दै संविधानसभा सदस्यहरूद्वारा सरकारको ध्यान आकृष्ट ।

• माओवादी सेनाले पाउन बाँकी १४ महिनाको तलब-भत्ताका लागि विश्व बैंकले ३ अर्ब ३५ करोड रुपैयाँ अनुदान सहयोग गर्ने ।

# कान्तिपुर सञ्चालक समिति पुनर्गठन

**साप्ताहिक समाचार**

काठमाडौं,- कान्तिपुर पब्लिकेशन्स तथा कान्तिपुर एफएम प्रालिबाट ज्ञवाली समूह आफ्नो सम्पूर्ण शेयर साझेदारलाई बिक्री गरी बुधबारदेखि विधिवत् रूपमा अलग भएको छ ।

समूहको बहिर्गमनसँगै कान्तिपुर पब्लिकेशन्स प्रा.लि. तथा कान्तिपुर एफएम प्रा. लि. को सञ्चालक समितिसमेत बुधबार नै पुनर्गठन गरिएको छ ।

पुनर्गठित सञ्चालक समितिको अध्यक्ष तथा प्रबन्ध निर्देशकमा कैलाश सिरोहिया तथा निर्देशकद्वयमा स्वस्तिका सिरोहिया र क्याप्टेन रामेश्वर थापा नियुक्त भएका छन् ।

नवनियुक्त अध्यक्ष तथा प्रबन्ध निर्देशक सिरोहियाले निवर्तमान अध्यक्ष हेमराज ज्ञवाली तथा निवर्तमान निर्देशक विनोदराज ज्ञवालीलाई कान्तिपुर पब्लिकेशन्स तथा एफएमको विकास तथा विस्तारका लागि पुऱ्याएको योगदानप्रति धन्यवाद ज्ञापन गरे । निवर्तमान अध्यक्ष र निर्देशकले पब्लिकेशन्स तथा एफएम प्रा.लि.को उत्तरोत्तर प्रगति कामना गर्दै नवनिर्वाचित सञ्चालक समितिलाई शुभकामना प्रदान गरेका थिए ।

नव नियुक्त निर्देशक थापा पेशाले पाइलट तथा युवा उद्यमी हुन् । उनी उच्च पहाडी तथा हिमाली भेगमा उद्धारका लागि विशेषज्ञ मानिन्छन् । ४२ वर्षीय थापाले वाणिज्य शास्त्रमा स्नातक गरेका छन् ।

**अर्जेन्ट आवश्यकता**

विगत ३ वर्षदेखि संचालित NGO संग आबद्ध संस्थालाई थप २१ कर्मचारी तु. आवश्यकता । (फुलटाइम, पार्टटाइम जबको ब्यबस्था) महिला, विद्यार्थी तथा गृहणीलाई विषेश ग्राहयता ।

तलब-७५00 + गाडीभाडा

योग्यता: साधरण, Test, SLC, +2, Above

सम्पर्क: २०७३६१६, ९८४१६२१८३६, ९८०३६९३१७०

(गौशालाचोक पुलिसबिटको अपोजीट)

शनिबारपनि अफिस खुल्ला हुनेछ ।

**होटल तालिम त्यो पनि छुटमा** 2003 मा स्थापित

नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक

Worldwide valid Certificate

COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम

- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Student Visa मा जानेलाई Special Discount

**र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर**
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131

**साहारा होटल तालिम सेन्टर**
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओम्बरकोट मार्ग
2040782, 016200757, 98510-93629

**र्‍याडीसन होटल तालिम सेन्टर**
नयाँ बानेश्वर, BICC पर्ना र्‍याडिको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

## सम्पादकीय

# छिटो सरकार बनाऊ

**संविधानसभा निर्वाचन सम्पन्न भएको चार महिना बितिसक्दा पनि नयाँ सरकार बन्न नसक्नुले मुलुकका राजनैतिक दलहरूको क्षमतामा नै प्रश्नचिह्न खडा भएको छ। व्यवस्थापिका संसद्को समेत अधिकारप्राप्त संविधानसभा अहिलेको अवस्थामा रहिरहने हो भने नयाँ संविधान निर्माण गर्न प्राप्त जनादेशअनुरूपको समयसीमा धर्किंदै जानेछ, जसको प्रभाव मुलुकको भावी राजनीतिमा पर्नेछ। संविधानसभालाई उसको उद्देश्यअनुरूप निर्बाध सञ्चालन गराउन पनि छिटोभन्दा छिटो सरकार अस्तित्वमा आउनुपर्छ। यस्तो सरकार जनताको म्यान्डेटअनुसार सहमतिका आधारमा गठन गरिनुपर्छ। कामचलाउ सरकारले मुलुकका कतिपय समस्यालाई निकास दिन नसकेको अहिलेको अवस्था अझ लम्बिने हो भने मुलुकले अकल्पनीय राजनैतिक गतिरोधको सामना गर्नुपर्नेछ। संविधानसभाले मुलुकका लागि नयाँ संविधानअन्तर्गत नयाँ राजनैतिक व्यवस्था निर्धारण नगरेसम्म सबै राजनैतिक दलले राजनीतिका सैद्धान्तिक मतभेदलाई थाँती राखेर सहमतिको सरकार गठन गर्नुपर्छ। त्यसो हुन सकेन भने संविधानसभामा ठूलो दलको हैसियत प्राप्त नेकपा (माओवादी) ले बहुमतको सरकार बनाउनुपर्छ। अहिले मुलुकका प्रमुख राजनैतिक दलले सकेसम्म सर्वदलीय सरकारका लागि पहल गरिरहेको बताइन्छ।**

**कथंकदाचित सर्वदलीय सरकार बन्न नसकेको अवस्थामा माओवादी नेतृत्वको सरकार बनाउन सबै दलले उसलाई सहयोग गर्नुपर्छ। यस्तो सहयोग प्राप्त गर्न माओवादी नेतृत्व हदैसम्म लचिलो हुनुपर्छ र सर्तका राजनीतिलाई पन्छाउने र सबै दलको विश्वास जित्ने वातावरण निर्माणमा स्वयं जुट्नुपर्छ। आफ्नो नेतृत्वमा सरकार बनाउने दलले अरू दलसमक्ष सर्त राख्नु भनेको अर्घेल्याइँ मात्र हो। यस्तो अवस्थामा उसले अरू दलको सर्तलाई सहमतिको बिन्दुमा पुर्‍याउन सक्नुपर्छ। त्यसो हुन सक्यो भने मात्र उसको राजनैतिक विश्वसनीयता कायम हुन सक्छ। राजनीतिमा साना दलहरूले आ–आफ्ना सर्तका आधारमा कुनै पनि मुलुकमा स्थिर सरकार बनाउन ठूला राजनैतिक दललाई सघाउन सक्छ भन्ने उदाहरण छिमेकी भारतमा विगत एक दशकदेखि र युरोपेली मुलुक इटलीमा पछिल्लो पचास वर्षदेखि देखिँदै आएको छ। यस्तो उदाहरण सर्तसहितको सरकारको आयु अल्पकालीन हुनसक्छ भन्ने माओवादी आशंका उसको राजनैतिक अपरिपक्वता हो भन्नका लागि पर्याप्त छ। तसर्थ नेकपा माओवादीले आफ्नो नेतृत्वमा सबै राजनैतिक दलको विश्वास प्राप्त सरकार निर्माण गरेर मुलुकलाई नयाँ संविधान दिने अभियानको अगुवाइ गर्नुपर्छ। अहिलेको अवस्था अझ केही दिन कायम रहने हो भने नेपाली जनताले राजनैतिक दलहरूमा राख्दै आएको विश्वास खण्डित हुनसक्छ।**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### बेरोजगारी भत्ताको कुरा

नेपालका विश्वविद्यालयहरूबाट उत्पादित जनशक्तिलाई क्षमतानुसार राष्ट्रसेवाकार्यमा देशभित्रै खपत गर्न नसक्दा त्यसैको समानुपातमा बेरोजगार युवायुवतीको सङ्ख्या बढिरहेको छ। त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गतको कीर्तिपुरस्थित नेपाली केन्द्रीय विभागबाट मात्र प्रतिवर्ष दुई सयको हाराहारीमा स्नातकोत्तर जनशक्ति उत्पादन हुन्छन्। एक जना स्नातकोत्तर उत्तीर्णले रोजगारी पाउन नयाँ क्याम्पसको स्थापना, पुराना क्याम्पसमा शिक्षकको माग र रिक्त दरबन्दीमध्ये एकलाई कुर्नुपर्ने हुन्छ। नयाँ दश जोड दुई विद्यालयहरू खुल्ने क्रम सहरमा बढेको छ तर त्रिभुवन विश्वविद्यालयमा स्थायी वा अस्थायी नियुक्ति लिएकाहरूले नै निजी क्याम्पसमा पनि अध्यापन गर्ने परम्पराका कारण नयाँ जनशक्तिले अवसर पाउँदैन। पाठ्यपुस्तक लेख्ने, पुस्तक छपाएर रोयल्टी, पारिश्रमिक लिने पनि जागिर खाइरहेकाहरू नै हुन्छन्। फलतः स्नातकोत्तरहरू निजी स्रोतबाट सञ्चालित मा.वि., नि.मा.वि. र प्रा.वि.हरूमा पढाउन बाध्य छन्। निजी स्रोतका उ.मा.वि.हरूमा स्नातक उत्तीर्ण शिक्षक नियुक्त गर्न पाइने प्रावधानका कारण थोरै बजेटमा प्लस टु चलाउन चाहने सञ्चालकहरू स्नातकोत्तरहरूलाई बढी तलब दिन हच्किन्छन्।

नेपालको वर्तमान शिक्षा नीतिअनुसार एउटा नागरिकको आधा जीवन अध्ययनमै सकिन्छ। नर्सरीदेखि दससम्म पढ्दा तेह्र वर्ष लाग्छ। त्यसपछि दुई वर्ष प्रमाणपत्र, तीन वर्ष स्नातक र तीन वर्ष स्नातकोत्तर (शोधवर्षसहित) तह अध्ययन गर्नुपर्छ। विद्यालय र विश्वविद्यालयको अध्ययन पूरा गर्न एक्काइस वर्ष लाग्छ। त्यसमाथि विद्यावारिधि गर्न थप समय र बजेट खर्च गर्नुपर्छ। एउटा नागरिकले आफ्नो जीवनको अधिकांश समय र पैसा पढाइमा लगानी गर्दासमेत निराश हुनुपर्ने स्थिति सामान्य होइन।

शिक्षासेवा आयोग र त्रिभुवन विश्वविद्यालय सेवा आयोगमा स्थाई सेवाको अवसर दुर्लभ बन्दै गएको छ। भारतका विद्यार्थीहरू स्नातक उत्तीर्ण गरेपछि बेरोजगारी भत्ता मात्र होइन, सरकारलाई शैक्षिक प्रमाणपत्र र प्रोपोजल देखाएर अटोरिक्सा किन्न अथवा अरू ऐच्छिक व्यवसाय गर्न स्वीकृत बजेट पाउँछन्। युरोपेली मुलुकका युवायुवती बेरोजगारी भत्ता लिएर सयर गर्न निस्कन्छन्। कैयन् अविकसित मुलुकले पनि आफ्ना शिक्षित बेरोजगार नागरिकलाई बेरोजगारी भत्ता र अन्य सुविधा दिन्छन् तर नेपालमा बेरोजगारी भत्ता पाइँदैन। त्यति मात्र होइन, ठूलो बौद्धिक श्रम र आर्थिक लगानी खर्चेर पाइने शैक्षिक प्रमाणपत्रलाई ब्याङ्कहरूले धितोका रूपमा स्वीकार्दैनन्। शिक्षित बेरोजगारहरूका लागि बेरोजगारी भत्ताको ग्यारेन्टी नगरिए सङ्गठित विद्रोह अथवा अराजक र आपराधिक क्रियाकलाप बढ्नेछन् र त्यसको नैतिक जिम्मेवार सरकार हुनुपर्नेछ। यस्तो परिस्थिति निम्तिन नदिन बेरोजगारी भत्ता र रोजगारीमध्ये एक विकल्प क्रियान्वित गरिनुपर्छ।

**–गोपाल विरही, काठमाडौं**

### उमाविहरूको पोसाकमा एकरुपता

उच्च शिक्षा माध्यमिक परिषद्ले पाठ्यक्रम परिमार्जन गरे झैं पोसाकमा पनि एकरूपता ल्याउनु आवश्यक देखिएको छ। हाल उच्च माध्यमिक विद्यालयहरूले रंगविरंगका पोसाक प्रचलनमा ल्याएका छन्। विद्यालयहरूमा विद्यार्थीहरू आफ्नो सीप विकास गर्नुको साटो पोसाकलाई विभिन्न ढाँचामा लगाउनतिर समय खर्च गर्छन्। विद्यार्थीलाई आफू शिक्षा हासिल गर्न अग्रसर हुनुपर्छ भन्ने भावना जगाउन पोसाक व्यवस्था गरिएको हो, तर यहाँ त विद्यालय पोसाकमा फेसन देखाउने होडबाजीको विकृति नै फैलिएको छ।

उमाविहरू विद्यार्थीहरूलाई अनिवार्य रूपका विद्यालयबाटै पोसाक लिनुपर्ने व्यवस्था गरेर कमिसन खान पल्किएका छन्। अग्रजहरूले प्रयोग गरिसकेका पोसाक विद्यार्थीहरूले चाहेर पनि लगाउन पाउँदैनन्। टाईजस्तो वस्तुलाई पोसाकमा समावेश गरेर निकै फजुल खर्च भैरहेको छ। फरक-फरकका पोसाकले एउटै तहमा पढ्ने विद्यार्थीमा ठूलो र सानो विद्यालयका भनेर वर्ग विभाजन गर्ने नकारात्मक संस्कार हाबी भएको छ।

विद्यालय शिक्षक तथा विद्यार्थीबीच अन्तर्क्रिया गर्ने कक्षा हो जहाँ राम्रा नराम्रा सबैखाले व्यक्तिहरू हुन्छन्, तर नेपालका उमाविहरूले आफ्ना मात्र विद्यालयमा असल विद्यार्थी पढ्छन् भनेर प्रचार गरिरहेका छन्। आफ्ना विद्यार्थीलाई फरक देखाउन विद्यालयहरूले बेग्लै रंग आकार र प्रकारका पोसाक प्रयोग गराएका छन्। त्यतिले मात्र नपुगेर वर्षैपिच्छै पोसाक बदल्ने विद्यालयहरू विद्यार्थी ठग्न सफल देखिएका छन्। विद्याका आश्रमहरू फेशन देखाउने ठाउँ बन्न पुगेको छ।

यस किसिमका विकृतिको अन्त्यका लागि सरकारले सबै विद्यालयलाई एउटै किसिमका पोसाक सिफारिस गर्न जरुरी भैसकेको छ। यसो भएमा विद्यालय-विद्यालयबीच हुने अस्वस्थ प्रतिस्पर्धामा कमी आउँछ र विद्यार्थीहरूमाझ समभाव विकास हुन्छ। सरकारी र निजी विद्यालय भनी विभेद हटाउन मद्दत पुग्छ। यस विषयमा उच्च माध्यमिक शिक्षा परिषद्, अभिभावक वर्ग र शिक्षा मन्त्रालयको गम्भीर ध्यान जान ढिलो भैसकेको छ।

**रविन राचलिका, हरित समूह भक्तपुर**

### स्वास्थ्यमाथि खेलबाड

अचेल सडक-सडकमा अनेक खालका औषधी बिक्री-वितरण एवं उपचार गर्ने काम भैरहेका छन्। एक जना मानिस डमरु बजाएर मान्छेको भीड बटुलेर दाँतको उपचार गरिरहेको पनि भेटियो। सस्तोमा उपचार पाइने भएकाले पनि ग्राहकहरूले त्यहाँ आफ्नो दाँतको उपचार गराएका हुन सक्छन्। उसले समान्य पानीले औजारहरू पखाली थुप्रैको दाँत तान्ने एवं सफा गर्नाले त्यसबाट अरूलाई रोग सर्ने प्रबल सम्भावना देखिन्छ। सड्कमा अनेक खालका औषधी बग्रेल्ती रूपमा बिक्रीमा राखिएका हुन्छन्। त्यस्ता खालका औषधी बिक्रेताहरू चर्को स्वरले कराउँदै ग्राहक बटुल्ने काममा तल्लीन हुन्छन्। कुन आधार, मापदण्ड र जाँचका आधारमा ती औषधीहरू सर्वसाधारणलाई बिक्री गरिन्छ, यसमा सम्बन्धित निकायको ध्यान गएको पाइँदैन।

पिनास झार्ने, पिलो निचोर्ने, डण्डीफोर निकाल्ने, मुसा निकाल्ने, ग्याँस्ट्रिक, गानो-गोला निकाल्नेजस्ता अनेक विज्ञापन गरेर औषधी-उपचार गर्ने नाममा जनताको स्वास्थ्यमाथि त खेलबाड गरिएको छैन ? सडकको पेटीमा चीन र भारतका वैद्य तथा डाक्टर भनाउँदाहरूले उपचारका नाममा जनतालाई ठग्दै औषधी उपचार गरिरहेको पनि भेटिन्छ। यसले जनताको स्वास्थ्यमाथि प्रत्यक्ष खेलबाड भएको देखिन्छ। अनधिकृत एवं अनियन्त्रित ढङ्गले जोखिमपूर्ण तरिकाले आमजनताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडकमा औषधी एवं उपचारको काम गरिन्छ भने त्यसलाई बेलैमा नियन्त्रण गर्नुपर्छ। जनतालाई सुसूचित गरी यस्ता जोखिमबाट बचाउने काम तत्काल थाल्नुपर्छ।

**रेसमकुमार सुनुवार, काठमाडौं**

## तीतो सत्य

जीवन दुःखैदुःखको सागर हो जसलाई कहिल्यै पार गर्न सकिँदैन।

सौन्दर्य सबैमा हुनसक्छ तर सहनशिलता कसै-कसैमा मात्र हुन्छ।

**– सन्तोष काफ्ले, बयलवास, सर्लाही**

किताबी ज्ञान लिएर त्यसलाई व्यवहारमा ढाल्न नसके त्यो ज्ञानले मानिसलाई मूर्ख बनाउँछ।

दुःख नगरी सुख खोज्नु दिग्भ्रमित हुनु मात्र हो।

जसबाट जस्तो व्यवहारको आशा गरिन्छ, उसप्रति पनि त्यस्तै व्यवहार गर्नुपर्छ।

कुनै पनि काम भनेर सुनाउनुभन्दा गरेर देखाउनुपर्छ।

**– मीनबहादुर परियार, जम्दह, सिरहा**

सम्पन्नता भन्ने कुरा मनबाट हुनुपर्छ, धनबाट होइन।

असल मित्रको गुणलाई त्यतिबेला चिनिन्छ जतिबेला आफूलाई दुःख पर्छ।

अरूको भावनाको कदर गर्न सक्नु नै महानता हो।

सोचेको, चाहेको सबै चीज सबैको पोल्टामा पर्दैन।

स्वार्थी भावना त्यस्तो विष हो जसले आफ्नो पनि भलो गर्दैन र अरूको पनि भलो हुँदैन।

**– विन्दु लामा**

हिंसा दुई किसिमको हुन्छ। विचाररूपी शब्दले गरिने हिंसा एउटा हिंसा हो भने शरीरलाई बध गर्नु अर्को हिंसा हो।

**– पद्मा सिटौला, इटहरा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## सहर चर्चा

# सिर्जनामा सैनिक



बम र वारुदलाई विध्वंसको पर्याय मान्ने हो भने यसैमा उनले आफ्नो जीवन खर्च गरेका छन्। बन्दुक खेलाउने उनका हातहरू के सिर्जनशील छैनन् ? विश्वासदीप तिगेलालाई भेटौं। बेलायती सेनाका यी जवान नेपाली भाषा, कला एवं साहित्यका पारखी हुन्, जसले इन्टरनेटमार्फत नेपाली साहित्यलाई विश्वभर फैलाएका छन्।

बेलायतबाटै साहित्यघर डटकम वेबसाइट सञ्चालन गर्दै आएका सैनिक तिगेलाले हालै नेपाली वेब साहित्य पत्रकारिता पुरस्कार प्राप्त गरेका छन्।

नेपाली साहित्यलाई भूगोलले छेक्न सक्दैन र विश्वभर रहेका नेपालीले वेबसाइटमार्फत सजिलै नेपाली साहित्य हेर्न सकून् भन्ने लक्ष्यका साथ सञ्चालन गरिएको साहित्यघर डटकममा कनिष्ठदेखि वरिष्ठ साहित्यकारसम्मका सिर्जनाहरू पढ्न, हेर्न पाइन्छ।

यसरी नेपाली साहित्यलाई विश्वभर फैलाउने तिगेलालाई प्रोत्साहनस्वरूप 'अनेसास नारायण-जयन्ता प्रसाईं नेपाली साहित्य वेब पत्रकारिता पुरस्कार-२००८' प्रदान गरिएको छ। करिब १४ हजार रुपैयाँ राशिको उक्त पुरस्कार अमेरिकामा रहेकी कवयित्री कमला प्रसाईंले स्थापना गरेकी हुन्।




## सकुको सौन्दर्य

सकु थापा नेपाली मोडलिङमा नयाँ नाम हो। संगिनीहरूमाझ टिनाको नामबाट चिनिने सकु मोडलिङमा भने यही नामबाट चिनिन्छिन्। सकु मोडलिङ गर्न गजुरी, धादिङबाट काठमाडौं आएकी हुन्। मगर समुदायकी सकु नेपालीबाहेक अंग्रेजी भाषामा पनि निपुण छिन्। ५ फिट १ इन्च अग्ली सकुले केही फेसन सोमा भाग लिइसकेकी छिन्। म्युजिक भिडियो तथा विज्ञापनहरूमा काम गर्न इच्छुक सकुलाई उनको शारीरिक बनावटले समेत साथ दिएको छ। मोडलिङ गर्दा बढी मोटो शरिर काम लाग्दैन भन्ने उनलाई थाहा छ। त्यसैले उनले हल्का व्यायामद्वारा आफ्नो शरीरलाई चुस्त बनाएकी छिन्। उनको तौल ४५ किलोग्राम छ। कालो केश तथा खैरो आँखाले आफ्नो सौन्दर्य बढाएको अनुभव गर्ने सकु फुर्सदमा गीत सुन्न मन पराउँछिन्। टेलिभिजनबाट प्रसारण हुने हास्यश्रृंखला हेरेर मनोरञ्जन लिने सकुलाई भविष्यमा सफल मोडल बन्ने इच्छा छ। सकुका आकर्षक तस्बिरहरू मोडलसंसार डटकममा हेर्न सकिन्छ।

## मुखाले

हामी सरकारमा तबमात्र जान्छौं, जब पहिले गरिएको हाम्रो सहमति कार्यान्वयन हुन्छ।

**उपेन्द्र यादव**
**मधेसी जनअधिकार फोरम**

ढेडु प्रवृत्तिका कारण माओवादीको नेतृत्वमा सरकार बन्ने सम्भावना छैन।

**केपी ओली, नेता, नेकपा (माओवादी)**

नेपालमा गणतन्त्र शान्तिपूर्वक स्थापना हुन पूर्वराजा ज्ञानेन्द्रको महत्त्वपूर्ण योगदान छ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

माओवादीले सरकार गठनका विषयमा पनि सर्त राखेको छ। नेतृत्व गर्नेले कहिले पनि सर्त राख्दैन, काम गर्छ।

**अर्जुननरसिंह केसी**
**प्रवक्ता, नेपाली कांग्रेस**

तराईलाई एक प्रदेश नबनाए सिद्धार्थ र विदेह गरी दुई राज्य बनाउन सकिन्छ।

**श्रीकृष्ण यादव, नेता, तमलोपा**

रामबहादुर थापामगरलाई प्रधानमन्त्री दिने भए माओवादीको सरकार बनाउन एमालेले साथ दिन्छ।

**माधवकुमार नेपाल, नेता, एमाले**

नेपाली कांग्रेस गिरिजाप्रसाद कोइरालालाई नै प्रधानमन्त्री बनाउन लागेको छ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

भारत नेपालमा राष्ट्रिय सरकार गठन भएको हेर्न चाहन्छ।

**मनमोहन सिंह, भारतीय प्रधानमन्त्री**

# मिस नेपालको चर्को विरोध कडा प्रतिस्पर्धा

**रोजिन शाक्य**

प्रत्येक वर्षझैं यसपटक पनि मिस नेपाल आयोजना विरुद्ध विरोधका स्वरहरू गुञ्जिएका छन् । वितेका समयमा मिस नेपाल प्रतियोगिताको अन्तिम प्रतिस्पर्धाको दिन आयोजनास्थल बाहिर देखिने विरोध अहिले प्रतियोगिताको तयारी र प्रशिक्षण समयदेखि नै प्रारम्भ भएको छ । अझ कडा, चर्को र संगठनात्मक ढंगबाट । यसपटक पनि माओवादी निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) लगायत दुई दर्जन संघ-संस्था मिस नेपाल आयोजनाविरुद्ध ओर्लिएका छन् । माओवादी सभासद् अमृता थापाको संयोजनमा 'कथित सुन्दरी प्रतियोगिता विरोधी अभियान' का नामबाट संगठित रूपमै मिस नेपालको विरोधले गति पाएको देखिन्छ । विरोधी समूहले मिस नेपाल आयोजक पक्ष द हिडेन ट्रेजरसित पटक-पटक वार्ता समेत गरिसकेको छ तर सहमति, समन्वय, समझदारी र सहकार्यको अभाव खड्किएको नेपाली राजनीति जस्तै वार्ताबाट केही निर्क्यौल भने निस्किएको देखिंदैन । अनेम संघ (क्रान्तिकारी) को विरोधकै कारण यस पटकको मिस नेपाल प्रतियोगिताको निर्धारित कार्यक्रम एवं प्रशिक्षण पनि केही समय स्थगितसमेत हुन पुगेको थियो । सोही कारणले साउन २३ गते हुने भनिएको अन्तिम प्रतिस्पर्धा साउन ३२ गतेका लागि सारिएको छ । तथापि उक्त दिन पनि मिस नेपाल प्रतियोगिता सञ्चालन हुन्छ-हुँदैन भन्ने यकिनका साथ भन्न नसकिने धारणा आयोजक पक्षको छ । पटक-पटक वार्तामा बसेर पनि कुनै निचोडमा पुग्न नसकेपछि भने आयोजक पक्षले प्रशिक्षण र त्यससित सम्बद्ध अन्य कार्यलाई निरन्तरता दिएको छ र परिस्थिति अनुकूल बनाएर प्रतिस्पर्धा सञ्चालन गर्ने मनस्थितिमा आयोजकहरू पुगेको देखिन्छ । कार्यक्रमको आधारभूत प्रशिक्षणका अतिरिक्त आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकास, प्रतिभा प्रस्फुटन, नेतृत्व विकास, सांस्कृतिक पहिचान, वातावरणीय सचेतता आदि विषयको तालिमदेखि सामाजिक उत्तरदायित्व बोध गराउने उद्देश्यले बालमन्दिर, माइती नेपाल, विश्ववन्यजन्तु कोषजस्ता संघ-संस्थाको भ्रमणमा पनि प्रतिस्पर्धीहरूलाई सामेल गराइएको छ । विरोधकै कारण आयोजनासम्बन्धी प्रचारप्रसार समेत त्यति भएको देखिंदैन ।

एकातिर चर्को विरोधका कारण मिस नेपाल प्रतियोगिताको निरन्तरतामा प्रश्न चिन्ह खडा भएको छ भने अर्कातिर यसपटकका प्रतिस्पर्धीहरूका कारण यो प्रतिस्पर्धा अहिलेसम्मकै सबैभन्दा रोचक, रोमाञ्चक, प्रतिस्पर्धात्मक एवं दर्शनीय हुने देखिन्छ । मिस नेपाल २००८ को उपाधिको होडबाजीमा लागेका २० जना प्रतिस्पर्धी कोहीभन्दा कोही कम नभएकाले उपाधिको प्रबल दाबेदारका सम्बन्धमा पूर्वानुमान गर्न सकिने स्थिति नरहेको आकलन धेरैले गरेका छन् । १९ देखि २५ वर्ष उमेर समूहका अविवाहित, नेपाली नागरिक भै दस जोड दुई, प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र कम्तीमा ५ फिट ४ इन्च उचाइको योग्यता पूरा गरी अन्तिम चरणको छनौटमा परेका मिस नेपाल-२००८ का प्रतिस्पर्धी २० जना सुन्दरीबीच उपाधिका लागि कडा प्रतिस्पर्धा हुने निश्चित छ । आ-आफ्नो क्षेत्रको अनुभव र दक्षताले निखारिएका २० जना सुन्दरीको आत्मविश्वास पनि एकले अर्कालाई कडा टक्कर दिने खालको छ । योग्यता, अनुभव र दक्षताको कुरा गर्दा निशा अधिकारी, जेनिशा मोक्तान र उषा रजकबीच धेरै समानता देखिन्छ । यिनीहरूबीच सानो पर्दाको टेलिश्रृंखलादेखि लिएर र्‍याम्प, म्युजिक भिडियो, विज्ञापन एवं इ-मोडलिङ सबै विधामा कडा प्रतिस्पर्धा एवं समान उपस्थिति र अनुभव रहेको देखिन्छ । निशा मिस इन्टरनेसनल नेपाल-२००५ को उपाधि विजेता हुन् भने उषा वर्ल्ड मिस युनिभर्सिटी नेपाल-२००६ की विजेता । जेनिशा २००६ मा मिस तामाङ भएकी थिइन् । ठूलो पर्दाको हकमा पनि यी तीनैजनाको एकसमान अनुभव छ । निशा 'मिसन पैसा' की नायिका हुन् भने जेनिशा 'मेरो एउटा साथी छ' की नायिका । उषाले कुसुमे रुमाल-२ मा नायिकाका रूपमा अभिनय गरेकी छिन् । फेसन, मोडलिङ र कला क्षेत्रमा 'सेलिब्रेटी' को परिचय बनाइसकेका निशा, जेनिशा र उषा नै मिस नेपालको उपाधि दौडमा एक-अर्काको प्रतिस्पर्धी भएपछि प्रतियोगिता थप रोमाञ्चक बन्न पुगेको हो । वेभ मिस्टर एन्ड मिस युनिभर्सिटी इन्टरनेसनल नेपाल-२००७ की फस्ट रनरअप आकृति श्रेष्ठ, केही म्युजिक भिडियो र र्‍याम्प सोमा मोडलिङ गरिसकेका सुनैमी लिम्बू, वर्ल्ड मिस युनिभर्सिटी नेपाल-२००६ मा प्रतिस्पर्धा गरिसकेकी एवं भ्यासलिनको पेपर एवं टिभी विज्ञापनमा देखिएकी प्रज्ञा पोखरेल तथा मिस टिन नेपाल-२००३ की सहभागी एवं सोही प्रतियोगिताकी मिस पर्सनालिटी र मिस कल्चर उपाधि विजेता ॠचा थापा पनि यसपटक मिस नेपाल उपाधिको दौडमा छन् । ॠचा भाउ म्यागजिनको टपटेन कलेज वुमेन एवार्ड २००७ की विजेता समेत हुन् ।

सञ्चार क्षेत्रमा सक्रिय एलिजा गिरी, सुनिता घिमिरे र गीता न्यौपाने पनि मिस नेपाल-२००८ को होडमा छन् । डेढ वर्षदेखि पत्रकारिता गरिरहेकी एलिजा गिरी हाल सगरमाथा टेलिभिजनकी समाचारवाचिका हुन् भने गीता न्यौपानेले पनि एभिन्युज टेलिभिजन र एफएममा समाचार वाचनको अनुभव सूगालेकी छिन् । नेपाल टेलिभिजनमा बाल कार्यक्रम सञ्चालनदेखि च्यानल नेपालमा भिजेको अनुभवसमेत छ गीतासूग । अर्कातर्फ सुनिता भने इमेज च्यानल र इमजे एफएमसित कार्यक्रम प्रस्तोताका रूपमा आबद्ध छिन् । पत्रकारिता र आमसञ्चारको शैक्षिक योग्यता भएका प्रतिस्पर्धीको पनि बलियो उपस्थिति छ यस पटकको मिस नेपालमा । काठमाडौंकी साहना बज्राचार्यले पत्रकारिता विषयमा स्नातक गरेरहेकी छिन् भने ललितपुरकी स्मृति वैद्यले थाइल्यान्डबाट आमसञ्चारमा स्नातक गरेकी छिन् । ललितपुरकै प्रनयना केसी आमसञ्चार विषयमै स्नाकोत्तर गरिरहेकी छिन् ।

मिस नेपाल बन्ने सपना सूचेका मध्ये एयर होस्टेज प्रिया अधिकारी तथा बैंककी कर्मचारी ईशा खड्गी पनि यस पटकको प्रतिस्पर्धाको मैदानमा छन् । अढाई वर्षदेखि बुद्ध एयरमा एयर होस्टेजका रूपमा कार्यरत छिन्– प्रिया । पूर्व मिस नेपाल उषा खड्गी र मोडल निशा खड्गीकी कान्छी बहिनी ईशा भने दुई वर्षदेखि हिमालयन बैंकको वीरगन्ज शाखामा कार्यरत छिन् । सञ्चार, कला तथा फेसनमा प्रत्यक्ष-अप्रत्यक्ष अनुभव बोकेका यी सुन्दरीहरूका अतिरिक्त नौलो अनुभव सूगाल्न आइपुगेका कामठाडौंकी मिआसा श्रेष्ठ, पोखराकी नमूना केसी, सप्तरीकी पद्मिनी झा, पर्साकी देवकी अधिकारी, ललितपुरकी शुभम अमात्यको आत्मविश्वास एवं उत्साह पनि कम देखिंदैन ।



तस्बिर : साइबर संसार डटकम

२० जना प्रतिस्पर्धीबीचको रोचक, रोमाञ्चक र कडा प्रतिस्पर्धाबाट छनौट हुने मिस नेपाल-२००८ उपाधि विजेताले ताजसहित १ लाख नगद पुरस्कार र काइनोटिक नोभा बाइक प्राप्त गर्नेछिन् । विजेताले क्रोएसियामा सम्पन्न हुने मिस वर्ल्ड २००८ प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्नेछिन् । यसैगरी फस्ट रनरअप विजेताले नगद पुरस्कार ६० हजार प्राप्त गर्नेछिन् भने उनले मिस अर्थ इन्टरनेसनल सहभागिता जनाउनेछिन् । सेकेन्ड रनरअप विजेताको प्रतिनिधित्व भने ब्युटी अफ द वर्ल्ड प्रयोगितामा रहनेछ र उनले ४० हजार नगद पुरस्कार प्राप्त गर्नेछिन् । अन्य उपाधि विजेताहरूले भने नगद पुरस्कार १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

अर्जेन्ट आवश्यकता
NGO सँग विगत ४ वर्ष देखि सञ्चालित संस्थालाई विभिन्न पदका कर्मचारीको आवश्यकता पार्ट टाईम फुलटाईम जबको व्यवस्था ।
तलब
७५०० + गाडिभाडा
संख्या : १७ जना
योग्यता : साधारण लेखपढ
Test S.L.C +2. Above
०१-२०७२५४५, ९८४१४९३०२६
९८०३०७५९८१ चावहिल, काठमाडौं
←गणेशस्थान जाने बाटो
विद्यार्थी तथा महिला गृहिणी लाई प्राथमिकता

+2/SLC १ बर्षमै
SLC दिन चाहनेहरुले १बर्षमै Math/Sci नदिई SLC, SLC पास भई कम्तिमा १बर्ष ग्याप भए एकबर्षमै +2 गर्न सकिने भारतको सरकारी NIOS Delhi Board मा +2/SLC मा भर्ना खुल्यो बिहानी/बेलुकी कक्षा
याद गर्नुहोस् हे NIOS मा Admission हुँदैमा Pass हुँदैन त्यसैले
पाँच विषयमात्र दिए पुग्ने Math/ Sci नदिए पनी हुने
Exam काठमाण्डौमा Indian Embassy मा हुने
नेपालमा TU, KU, HSEB र बिश्वभरी समकक्ष मान्यता प्राप्त
सहि परामर्श लिएर अध्ययन गरे मात्र पास गर्न सजिलो
KANTIPUR INTL OPEN EDUCATION
New Baneshwor KTM, Phone: 2044082, 2042831
Books, Questions, guide, CDs Provided
BICC पानी ट्यांकी पछाडी

# कलेजका प्रारम्भिक दिन



तस्बिर : भेषबन्धु ढकाल

केही समयअघि एसएलसीको परीक्षाफल प्रकाशित भयो । उत्तीर्ण भएका विद्यार्थीहरू कलेजको खोजीमा लागेका छन् । कतिपय विद्यार्थी भर्ना पनि भैसकेका छन् । सुनौलो भविष्यको आशाका साथ उनीहरू कलेज प्रवेश गरेका छन् । नयाँ-नयाँ साथी र वातावरण पाउँदा उनीहरूमा एक प्रकार रौनक छाएको छ, तर यो रौनक सधैं रहँदैन र यही रौनकमा मात्र भुलिनु हुँदैन । आफ्नो क्यारियर निर्माणका लागि त्यसैमा ध्यान केन्द्रित गर्नुपर्छ । त्यसकारण अहिलेदेखि नै आफ्नो उद्देश्यमा स्पष्ट भएर उक्त उद्देश्य प्राप्तिमा क्रियाशील हुनुपर्छ । केही महत्त्वपुर्ण कुरालाई ध्यानमा राखेर अघि बढे जिन्दगीको मुस्कान प्राप्त गर्न सघाउ पुग्नेछ ।

**तीन कुरामा ध्यान**

कलेज जाने प्रायः विद्यार्थी आफ्नो अध्ययन स्कुलकै ट्रेन्डअनुरूप अघि बढाउन चाहन्छन्, तर स्कुल र कलेजको पढाइमा धेरै फरक हुन्छ । त्यति मात्र नभएर कलेजअनुसार पनि पढाइ फरक हुन्छ । यसैकारण उनीहरूमा निम्न प्रकारका सोचबाट ग्रस्त हुन्छन्

**एम्नेसिया अर्थात् स्मृतिलोप :** पढेका कुरा नसम्झने रोगलाई एम्नेसिया भनिन्छ । नयाँ वातावरण र नयाँ कोर्सका कारण विद्यार्थीहरूमा के पढ्ने र कसरी सुरु गर्ने भन्ने समस्या हुन्छ । यही असमन्जसपूर्ण अवस्थामै उनीहरूको बहुमूल्य समय नाश हुन्छ । त्यसैले यसरी अलमलिनु हुँदैन । विद्यार्थीहरूले यो अवस्थामा तत्कालै कुनै निर्णय लिइहाल्नुपर्छ र आफूभन्दा अग्रजहरूबाट यसको समाधान निकाल्ने प्रयास गरिहाल्नुपर्छ ।

**फ्यान्टेसिया अर्थात् कल्पनालोक :** विद्यार्थीले कुनै पनि कुरा दिमागमा राखेको हुँदैन, तर उसलाई सबै कुरा दिमागमा छ भन्ने भ्रम रहन्छ । यसैकारण ऊ यथार्थभन्दा टाढा कल्पनालोकमा डुबिरहेको हुन्छ । परीक्षामा सोधिने खालका प्रश्न सरसर्ती हेर्दा सबैको उत्तर दिन सक्छु जस्तो लाग्छ, तर लेख्न बस्दा त्यसको उत्तर आउँदैन । विशेषज्ञहरूका अनुसार जीवनमा अघि बढ्न यस प्रकारका सोचबाट माथि उक्लिनुपर्छ र वास्तविकताको डटेर सामना गर्नुपर्छ ।

> सुनौलो भविष्यको आशाका साथ उनीहरु कलेज प्रवेश गरेका छन् । नयाँ-नयाँ साथी र वातावरण पाउँदा उनीहरुमा एक प्रकार रौनक छाएको छ, तर यो रौनक सधैं रहँदैन र यही रौनकमा मात्र भुलिनु हुँदैन । आफ्नो क्यारियर निर्माणका लागि त्यसैमा ध्यान केन्द्रित गर्नुपर्छ । त्यसकारण अहिलेदेखि नै आफ्नो उद्देश्यमा स्पष्ट भएर उक्त उद्देश्य प्राप्तिमा क्रियाशील हुनुपर्छ । केही महत्वपुर्ण कुरालाई ध्यानमा राखेर अघि बढे जिन्दगीको मुस्कान प्राप्त गर्न सघाउ पुग्नेछ ।

**इनर्सिया अर्थात् जडता :** यस प्रकारको समस्याबाट ग्रस्त विद्यार्थीहरूमा विषयहरूका सम्बन्धमा स्पष्ट धारणा हुँदैन । उनीहरू अरूको लहैलहैमा लागेर कुनै विषय पढ्न थालेका हुन्छन् तर यसका लागि आफ्नो सोचमा परिवर्तन ल्याउन सक्दैनन् । यसको अर्थ उनीहरूमा नयाँ प्रकारले अध्ययन गर्ने तरिका र यसका लागि आवश्यक वातावरण निर्माणका बारेमा केही थाहा हुँदैन । उनीहरू स्कुलमा जुन तरिकाले अध्ययन गर्थे, त्यही तरिका र पद्धतिलाई नै यहाँ हुबहु लागू गर्न खोज्छन्, तर कलेजमा आइसकेपछि यसलाई परिमार्जित गर्नुपर्ने आवश्यकता हुन्छ ।

यदि कुनै विद्यार्थी यी तीनमध्ये कुनै पनि समस्याबाट ग्रस्त भए यी समस्यालाई हटाउने प्रयास गर्नुपर्छ । यसका लागि यी सूत्रलाई मनन गरी अघि बढ्नु आवश्यक छ ।

**गृहकार्य गर्नुहोस् :** कलेजमा जुन शीर्षकमा पढाइ हुँदैछ, त्यसलाई घरमै पढेर जाँदा राम्रो हुन्छ । यसो हुँदा पढाएको कुरा सजिलोसँग बुझ्न सकिन्छ । प्रायः विद्यार्थीमा यो बानी हुँदैन । त्यसैले उनीहरूले कलेजमा पढाइएको कुरा राम्रोसँग बुझ्न सक्दैनन् । यसो हुँदा कलेजमा पढाएको कुरा पछिसम्म सम्झिन सकिन्छ । कतिपय विशेषज्ञ त अझ यसो भयो भने कक्षामा पढाएको कुराका आधारमा मात्रै पनि विद्यार्थीहरू धेरै लाभान्वित हुन सक्छन् भन्छन् । यसरी पढाइसकेपछि नियमित रूपमा त्यसको गृहकार्य पनि गर्नुपर्छ ।


**प्रत्येक कक्षामा उपस्थित हुनुहोस् :** कक्षाको पढाइ निकै लाभदायक हुन्छ । त्यसैले सकेसम्म कुनै पनि कक्षा छुटाउनु हुँदैन । यदि बिरामी भएर वा अन्य कुनै कारणले कक्षामा उपस्थित हुन नसके साथीहरूमार्फत त्यसलाई बुझ्ने र पढ्ने प्रयास गर्नुपर्छ । यो रणनीति नअपनाए पछि पर्न सकिन्छ ।

**नोट बनाएर पढ्नुहोस् :** अधिकांश विद्यार्थीले नोट बनाउने कार्य गर्न अल्छी मान्छन्, तर कक्षामा शिक्षकले पढाएका कुरालाई छुट्टै नोट बनाएर पढ्दा लामो समयसम्म सम्झिन सजिलो हुन्छ र बुझिन्छ पनि । पूरै नोट बनाउनु पनि आवश्यक छैन । प्वाइन्ट र सपोर्टिङ तथ्यहरू मात्र नोट गर्दा हुन्छ । यसबाहेक संक्षेप तथा सांकेतिक भाषामा लेख्ने अभ्यास पनि गर्नुपर्छ । उदाहरणका लागि अबाउटलाई छोटकरीमा एबिटी मात्र पनि लेख्न सकिन्छ, तर पछि आफूले सम्झिने तरिकाले मात्र यस्ता शब्द लेख्नुपर्छ, नत्र पछि आफैंले लेखेको कुरा नबुझेर फेरि अर्को समस्या आउन सक्छ ।

**कन्फ्युजमा नरहनुहोस् :** यदि कक्षामा पढाइ भएर पनि कुनै कुरामा आफूलाई स्पष्ट भएन भने त्यसलाई नोट गरिराख्नुपर्छ । कक्षा समाप्त भएपछि वा अन्य अवस्थामा शिक्षकलाई व्यक्तिगत रूपमै पनि यसका बारेमा सोध्न सकिन्छ । यो कुरामा कुनै संकोच नमानी सोध्नुपर्छ । अध्ययनको बीचमा पनि सोध्न त सकिन्छ, [illegible] असर [illegible] पुऱ्याउनसक्छ ।

# अवसर र चुनौतीको संगम

विश्वमणि अधिकारी



कलेज जीवनको नाम सुन्दा रोमाञ्चित नहुने कमै होलान् । भर्खरै एसएलसी उत्तीर्ण गरेर कलेज गैरहेका किशोर-किशोरीहरू मात्र होइन, बालकदेखि वृद्धसम्म कलेजजीवनको अपेक्षा र अनुभव सम्झेर तड्पिइरहेका हुन्छन्, तर कलेज जीवनलाई मोजमस्तीका लागि मात्र उपयोग गरियो भने जीवनमा पछि पर्न सकिन्छ । त्यसैले अवसर र चुनौतीको संगमका रूपमा रहेको कलेज जीवनलाई उपलब्धिपूर्ण कार्यमा लगाउन सके समकक्षीहरूलाई त उछिनिन्छ नै, साथसाथै भावी जीवनसमेत सुखद बन्नेछ ।

१६-१७ वर्षको उमेर भनेको खाऊँ-खाऊँ र लाऊँ-लाऊँको समय हो । यो उमेरमा रमाइलो गरिएन भने अध्ययन सकेपछि जागिर र त्यसपछि परिवारको जञ्जालमा फसिने भएकाले टेन्सन फ्रि समय पाउन सकिँदैन, तर मोजमस्ती गर्ने भन्दैमा क्लास बंक गर्नैपर्छ, डिस्को जानै पर्छ भन्ने सोचिन्छ भने त्यो गलत सोच हो । युरोप अमेरिकातिर सोह्र-सत्र वर्ष पुगेपछि छोराछोरीलाई आफ्नो जिम्मेवारी आफैं लिन लगाइन्छ, तर हामीकहाँ भाग्य भनौं वा रोजगारीलगायतका सुविधाको अभावका कारण एम.ए.तह पढ्दासम्म बाबुआमाप्रति नै भर पर्नुपर्ने अवस्था छ । यो अवसरलाई सदुपयोग गर्ने कि दुरुपयोग गर्ने भन्ने छनौट हाम्रो हो ।

त्यसो त कलेज जीवनलाई पढ्ने समयमा पढ्ने र खाली समयमा साथी सँगीहरूसँग रमाइलो गरेर उपयोग गर्न सकिन्छ । खासगरी नेपालको सन्दर्भमा एसएलसीसम्मको पढाइ साधारण तहको हुने भएकाले किशोर किशोरीहरूले आफ्नो भविष्यका लागि आधार बनाउने भनेको प्लस टु स्तरको शिक्षाबाट नै हो । त्यसकारण अध्ययनलाई पहिलो प्राथमिकतामा राख्नैपर्छ ।

समयमा कलेज जानु, नबुझेका पाठ शिक्षक-शिक्षिकाहरूसँग सोध्नु, अनुशासित बन्नु प्लस टु तहका विद्यार्थीमा घट्दो क्रममा रहेका कुरा हुन् । अरूले के गरे भन्दा पनि आफू के गर्दैछु र कस्तो व्यवहार पछ्याउँदैछु भन्ने अहम् कुरा हो । किनकि समाजमा अनुकरणीय कार्य गर्ने र सफल हुने भनेका दुई-चार जना मात्र हुन् । छनौट आफ्नै हो– साधारण मानिस भएर बाँच्ने कि केही बन्छु भनेर अरूभन्दा पृथक् त्यो पनि राम्रो व्यवहारका लागि काम गर्ने । त्यसैगरी कलेज पढ्ने क्रममा गर्नुपर्ने इन्टनसिपलगायतका कार्य आफ्नो क्यारियरको भऱ्याङ हो भन्ने सोच्नु धेरै राम्रो हुन्छ । उदाहरणका लागि आमसञ्चार तथा पत्रकारिता पढिरहेका किशोर-किशोरीहरूले इन्टर्नसिपअन्तर्गत कुनै टेलिभिजन च्यानल वा पत्रिकामा जाँदा राम्रो काम गरे पढाइ सकिँदा-नसकिँदै उक्त कम्पनीले जागिरको प्रस्ताव राखिसकेको हुन्छ । कोही भने इन्टर्नसिपमा जान्छन्-आउँछन् । अघिल्लो वा पछिल्लो कुन श्रेणीमा पर्ने छनौट आफ्नै हो ।

जहाँसम्म पढाइपछिको समयमा साथीसँगीसँग रमाइलो र मोजमस्ती गर्ने भन्ने प्रश्न छ, यसका पनि केही सीमा पक्कै छन् । जस्तो कि– बिदाका बेला चलचित्र हेर्न जानु खासै नराम्रो काम होइन, क्लास बंक गरी चलचित्र हेर्न गइयो भने त्यो न परिवारले पचाउन सक्छ न त कलेज प्रशासनले नै स्वीकार गर्छ । अनुसन्धानहरूले के पनि देखाएको छ भने पछिल्ला वर्षहरूमा कलेज पढ्ने किशोर-किशोरीहरू लागूपदार्थको कुलतमा फस्ने अनुपात अकासिँदै गएको छ ।

कोही चिन्ता हटाउन भन्दै यसमा लागिरहेका छन् भने कोहीचाहिं साथीभाइको लहै-लहैमा लागेर भासिएको अवस्था छ । यस प्रकारका कुलतबाट बच्न किशोर-किशोरीहरू प्रत्येक पाइलामा चनाखो बन्नुको विकल्प छैन । त्यसैगरी पछिल्ला दिनमा थपिएका वा लागू गरिएका धेरै विषय यस्ता छन्, जुन सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञानविना पूर्ण हुन सक्दैनन् । यस्ता विषय अध्ययन गरिरहेका विद्यार्थीहरूले बेलैमा सोचेर पठनपाठन प्रक्रियालाई अगाडि बढाउन सके त्यसको फाइदा लिने आफैंले हो, न कि आमा बाबु र शिक्षक-शिक्षिकाले । त्यसो त बिदा वा फुर्सदका बेलामा आफूलाई मन पर्ने क्षेत्रमा तालिम लिन सकियो भने सुनमा सुगन्ध हुनेछ ।

मानवजीवन जीवन अमूल्य जीवन हो । भनिन्छ– यो जीवन मिल्न धेरै पुण्यको संग्रह चाहिन्छ । त्यसकारणले मानिस भएकै बेलामा आफ्नो काम गरिहाल्नुपर्छ । किनकि असल मानिसको काम खानु, लाउनु, मोजमज्जा गर्नु मात्र होइन । पशुपन्छी पनि त खाइरहेका छन् । के त्यो ठूलो कुरा हो ? त्यसैले बेकारमा समय फाल्नु हुँदैन । फजुलको गफगाफ गरेर समय खेर फाल्नु राम्रो कुरा होइन । त्यसैले भनिन्छ नि– बढी सुत्नु, बेकारमा नानाथरी चिताइरहनु, आलस्य गर्नु, बेकारमा घुम्नु सज्जन मानिसका काम होइनन् ।

इजरायल
(केयर गिभर)
हिब्रू भाषा, नसिङ्ग, हाउस किपिङ्ग आदि तालीम
निशुल्क अंग्रेजी भाषा
साथै निशुल्क परामर्श सेवा पनि दिइन्छ ।
सम्पर्क
सक्सेस इन्ष्टिच्यूट
चावहिल, काठमाण्डौ
फोन ४४६२०८१

अर्जेन्ट आवश्यकता
विगत ५ वर्ष देखि संचालित नेपाल सरकार द्वारा मान्यता प्राप्त NGO संग आवद्ध एक प्रतिष्ठित अफिसलाई महिला, विद्यार्थी कर्मचारीको आवश्यकता
तलब: ६,५००।- + गाडीभाडा
संख्या: १७ जना
योग्यता: साधारण लेखपढ Test, S.L.C + Above
नोट:- महिला विद्यार्थीको लागी उपयुक्त तथा ग्राह्यता दिइने छ ।
सम्पर्क: २००४३८७, ९८४१५८५८७५, ९८०३४६४३३४
(शनिबार पनि अफिस खुल्ला रहने छ ।)

आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त अफिसलाई इमान्दार कर्मचारी आवश्यकता पार्टटाइम, फुलटाईम जबको व्यवस्था
संख्या: लेडिज ७ / जेन्स ७
योग्यता: साधारण लेखपढ Test, S.L.C. +2
तलब: ५०००।-+ गाडीभाडा
रिसेप्सनिष्ट: १ जना (Inter Pass)
सम्पर्क:
९८०३८७०६०८ / २१४२६०३
नोट: शनिबार पनि अफिस खुल्ला रहने छ । अफिस आउदा साथमा बायोडाटा लिएर आउनु होला ।

कष्मेटिक उपचार
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- कष्मेटिक सम्बन्धि अन्य उपचारको लागि
सम्पर्क:
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल

Learn to Speak English
20% for all of you
* 2 & 3 Months Packages
Hebrew (इजरायली)
Japanese (जापानी)
Korean/Chinese/French/Spanish/German/IELTS/Job /Visa/Interview Pre.
* 1 Months Special/Speaking Class
* Audio/Visual in American & British Tone
* Situational Conversation and Practices
* विदेश जाने, जानै नजानेलाई विशेष कक्षा
OASIS Language Centre
Galkopakha Thamel & Kalimati Chock
4359170, 2024700

पुस्तक बजारमा आयो
Prof. Dr. श्याम जोशीद्वारा लिखित नयाँ Data मा अंग्रेजी नेपालीमा नेपालको अर्थशास्त्र तथ्याङ्कशास्त्र र गणित कक्षा ११, १२, Asso. Prof. कूल नरसिंह श्रेष्ठद्वारा लिखित Boom, कक्षा ११ र १२ अंग्रेजी र नेपाली माध्यममा छुट्टाछुट्टै रूपमा तथा अनिवार्य नेपालीका लागि शब्द रचना र वर्ण विन्यास र ऐच्छिक नेपाली ११, १२ का लागि लेखक Prof. मोहनराज शर्माका पुस्तकहरू बजारमा उपलब्ध छन् ।

# प्राविधिक शिक्षामा अग्रणी पूर्वाञ्चल विश्वविद्यालय



राजु घिसिङ

स्थापना भएको छोटो समयमै पूर्वाञ्चल विश्वविद्यालय नेपाली विद्यार्थीहरूका निम्ति आकर्षक गन्तव्य बनेको छ। कलेज स्तरका नयाँ र क्यारियर बन्ने बिकाउ विषयको अध्ययन-अध्यापन प्रारम्भ गरेकाले नै पूर्वाञ्चल विश्वविद्यालय विद्यार्थीहरूको आकर्षणको केन्द्र बनेको हो। विराटनगरमा मुख्य कार्यालय भए पनि १३ वर्षअघिदेखि नै यसका मुख्य र आकर्षक विषय काठमाडौं उपत्यकाका निजी कलेजहरूमै सीमित छन्।

त्रिभुवन र काठमाडौं पछाडिको देशको तेस्रो विश्वविद्यालयका रूपमा वि.सं. २०५२ सालमा स्थापना भएदेखि नै पूर्वाञ्चल विश्वविद्यालयले नेपालमा धेरैवटा नयाँ विषयको पठन-पाठन प्रारम्भ गरेको थियो। त्रिभुवन विश्वविद्यालयको परम्परागत शिक्षाप्रणाली, पुराना विषय र सिलेवस, झन्झटिलो प्रशासनिक कार्यले दिक्क भएका विद्यार्थीहरूका निम्ति न्यून खर्चमा नेपालमै अध्ययन गर्न पूर्वाञ्चल, काठमाडौं र पोखरा विश्वविद्यालय उत्तम विकल्पका रूपमा छोटो समयमै स्थापित भएका छन्। यही क्रममा पूर्वाञ्चल विश्वविद्यालयले पनि लोकप्रियता हासिल गरेको हो। स्नातक तहदेखि अध्यापन गराइने यू विश्वविद्यालय विशेष गरी प्राविधिक शिक्षाकै निम्ति लोकप्रिय छ।

मेडिकल एन्ड अलाइड साइन्सेज, व्यवस्थापन, विज्ञान तथा प्रविधि र आर्ट्स गरी चार संकायमा पठन-पाठनका विषय पूर्वाञ्चल विश्वविद्यालयले वर्गीकरण गरेको छ। मेडीकल एन्ड अलाइड साइन्सेजबाहेक बाँकी तीन संकायमा स्नातकोत्तर तह सञ्चालन भैरहेको छ। पूर्वाञ्चल विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीहरूको पहिलो रोजाइ विज्ञान तथा प्रविधि नै हो। नयाँ विषय भएकाले व्यवस्थापन, मेडिकल एन्ड अलाइड साइन्सेज र आर्ट्समा पनि विद्यार्थीको चाप कम छैन। निजी कलेजहरूमा अध्यापन गराइने भएकाले पूर्वाञ्चल विश्वविद्यालयका विषयहरू सामान्य नेपालीको पहुँचभन्दा माथि छन्।

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको नेपाल होमियोप्याथिक मेडीकल कलेज होमियोप्याथिक चिकित्सा अध्यापन गराउने पहिलो र हालसम्मकै एक मात्र कलेज हो। डिप्लोमा इन कम्प्युटर एप्लिकेसन पनि पहिलोपल्ट यही विश्वविद्यालयले सुरु गरेको हो। आधुनिक प्राविधिक शिक्षाकै कारण पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको एक्मी इन्जिनियरिङ कलेज, एसियन फाउन्डेसन फर एजुकेसन एन्ड रिसर्च, कलेज अफ इन्फर्मेसन टेक्नोलोजी एन्ड इन्जिनियरिङ, इस्टर्न कलेज अफ इन्जिनियरिङ, कान्तिपुर सिटी कलेज, ख्वप इन्जिनियरिङ कलेज, पीयू स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, हिमालयन कलेज अफ एग्रीकल्चरल साइन्स एन्ड टेक्नोलोजी विद्यार्थीहरूको आकर्षण बनेको हो।

स्नातक तहमा भदौदेखि मङ्सिर महिनासम्म सार्वजनिक सूचना जारी गरेर पूर्वाञ्चल विश्वविद्यालयले प्रवेश परीक्षा तथा भर्ना लिँदै आएको छ। स्नातकोत्तर तहको प्रवेश परीक्षा पुस महिनामा सञ्चालन गरिन्छ। एकवर्षे कोर्स पूरा गरेपछि आर्ट्स र व्यवस्थापनका विद्यार्थीले पनि यो वर्ष सुरु हुने स्नातकोत्तर तहको एग्रीकल्चर बिजनेस म्यानेजमेन्ट पढ्न पाउने व्यवस्था छ। पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त देशभरका कुल १ सय ३ वटा कलेजमध्ये अधिकांशले प्राविधिक शिक्षा नै अध्यापन गराइरहेका छन्। व्यवस्थापन संकायको स्नातकोत्तर तहमा पुराना र नयाँ दुवै किसिमका कोर्स पठनपाठन भैरहेको छ।

**स्नातकोत्तर तहका विषयहरू**

**विज्ञान तथा प्रविधि** : एग्रीकल्चर बिजनेस म्यानेजमेन्ट, कम्प्युटर एप्लिकेसन, इन्जिनियरिङ इन अर्थक्वेक, डेरी एन्ड टेक्नोलोजी, इन्जिनियरिङ म्यानेजमेन्ट, इन्भाइरोमेन्टल एन्ड रिसोर्स म्यानेजमेन्ट, इन्फर्मेसन सिस्टम इन्जिनियरिङ, लाइफ साइन्स, मिट टेक्नोलोजी, अर्वान डिजाइन एन्ड कन्जर्भेसन, पोस्ट ग्रेजुएट डिप्लोमा इन कम्प्युटर एप्लिकेसन।

**व्यवस्थापन** : बिजनेस एड्मिनिस्ट्रेसन (नयाँ कोर्स), बिजनेस एड्मिनिस्ट्रेसन (डिस्टेन्स मुड), बिजनेस एड्मिनिस्ट्रेसन (पुरानो कोर्स), होटल एन्ड हस्पिटालिटी म्यानेजमेन्ट, पब्लिक एड्मिनिस्ट्रेसन, टुरिज्म स्टडिज।

**आर्ट्स** : रुरल डेभलपमेन्ट एन्ड जेन्डर स्टडिज, डेभलपमेन्ट कम्युनिकेसन, डेभलपमेन्ट स्टडिज, सोसल वर्क, आमसञ्चार तथा पत्रकारिता, समाजशास्त्र/मानवशास्त्र, जनसंख्या तथा ग्रामीण विकास, क्षेत्रीय विकास योजना तथा व्यवस्थापन, द्वन्द्व व्यवस्थापन तथा शान्ति निर्माण, डेभलपमेन्ट एन्ड प्लानिङ स्टडिज, शान्ति तथा द्वन्द्व पत्रकारिता, साइको-सोसल इन्टर्भेन्सन, ग्रामीण अर्थशास्त्र।

**स्नातक तहका विषयहरू**

**विज्ञान तथा प्रविधि** : बायोमेडिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङ, आर्किटेक्चर, कम्प्युटर एप्लिकेसन, डेरी टेक्नोलोजी, फुड टेक्नोलोजी, जिओमेटिक इन्जिनियरिङ, इन्फर्मेसन टेक्नोलोजी, एग्रीकल्चर साइन्स, बायो केमेस्ट्री, बायो टेक्नोलोजी, भेटरनरी साइन्स एन्ड एनीमल हजब्यान्ड्री।

**व्यवस्थापन** : बिजनेस एड्मिनिस्ट्रेसन, कमर्स स्टडिज, फेसन डिजाइन, हस्पिटालिटी एन्ड क्याटरिङ म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म स्टडिज।

**आर्ट्स** : लिबरल आर्ट्स एन्ड साइन्सेज, मिडिया टेक्नोलोजी, इन्टेरियर डिजाइन, पत्रकारिता र आम सञ्चार, सोसल वर्क, नेपाली, अंग्रेजी, समाजशास्त्र, पपुलेसन स्टडिज, राजनीति शास्त्र, इतिहास, ग्रामीण विकास।मेडीकल एन्ड अलाइड साइन्सेज : फार्मेसी, होमियोप्याथिक मेडिकल एन्ड सर्जरी, पब्लिक हेल्थ, बीएस्सी नर्सिङ, पोस्ट बेसिक ब्याचलर अफ नर्सिङ।

# टी-म्यानेजम्यान्ट तथा टी-टेक्निसियनको पढाइ



यतिबेला एसएलसी उत्तीर्ण गरेपछि विद्यार्थीहरू नयाँ-नयाँ विषयको खोजीमा भौंतारिरहेका हुन्छन्। अनुसन्धानात्मक एवं प्राविधिक शिक्षाको बढ्दो लोकप्रियतासँगै रोजगारमूलक नयाँ विषयको छनौट पनि उत्तिकै चुनौतीपूर्ण हुन्छ। धेरै छनौटमध्ये पूर्वी नेपालमा बढ्दो चियाखेतीमा दक्ष प्राविधिकको अभावमा उतिसारो फस्टाउन नसकेको चियाक्षेत्रमा भरपर्दो अवसर पाइने टी-म्यानेजम्यान्ट तथा टी-टेक्निसियन विषय पनि एक हो।

नेपाली चियाको अवस्थाका बुझेर टी-टेक्निसियन तथा टी-म्यानेजम्यान्टमा सुनौलो भविष्य देखेका इलाम पशुपतिनगरका उमेश शर्माले सम्बन्धित विषयको कलेज नेपालमा कहीं फेला पार्न सकेनन्। चियाविज्ञहरूसम्म पुगेर परामर्श लिएपछि टी-टेक्निसियन विषय रोजेका उमेश रोजेको विषय पढ्न नपाएपछि निराश हुँदै प्लस टुको खोजीमा दौडिए। दुखित मुद्रामा उनले भने- 'रोजेको विषय पढ्न भारत नै जानुपर्ने भयो, आर्थिक अवस्थाले भ्याएन र प्लस टुतिरै लागियो।'

चियाखेती बढ्दै गएपछि त्यसमा सुनौलो अवसरको आशामा इलाम, पाँचथर, झापा, धनकुटाका एसएलसी उत्तीर्ण धेरै विद्यार्थी टी-म्यानेजम्यान्ट र टी-टेक्निसियनप्रति आकर्षित भएका हुन्। इलामका उमेशजस्तै पाँचथर फिदिम-१ का अशेष थापा र सहपाठी मञ्जु मिश्रले पनि यही विषय छनौट त गरे तर पढ्न भारतको गुहाटी, आसाम, दक्षिण भारत नै पुग्नुपर्ने भएपछि निराश बने। उनीहरूले एकै स्वरमा भने- 'रोजेको विषय पढ्न नपाएपछि भविष्यको के ग्यारेन्टी होला र ?' बढ्दो चियाखेतीमा रोजगारीका थुप्रै अवसर भएकाले यस वर्ष टी-म्यानेजम्यान्ट तथा टी-टेक्निसियन विषयको अध्ययनमा रुचि राख्ने विद्यार्थीको संख्या ह्वात्तै बढेको पाइन्छ।

दक्ष प्राविधिकको अभाव, परम्परागत चियाखेती प्रणाली अपनाएकै कारण चियाक्षेत्र भनेजति फस्टाउन सकेको छैन। भएका प्राविधिक औंलामा गन्न सक्ने संख्यामा मात्र छन्, जसले सबै क्षेत्रमा गएर प्राविधिक ज्ञान दिन सक्दैनन्। यस्तो अवस्थामा एकदेखि तीन वर्षसम्मको विश्वविद्यालयको कोर्स पूरा गरे धेरै युवालाई चिया क्षेत्रमा रोजगारी मिल्ने चिया विज्ञहरू बताउँछन्। चिया तथा कफी विकास बोर्डका पूर्व-कार्यकारी निर्देशक तारानाथ शर्माका अनुसार चियाखेतीमा प्राविधिकको ठूलो आवश्यकता खड्किएको छ, यदि नेपालीहरूले यो विषय अध्ययन गर्ने हो भने भारतबाट प्राविधिक झिकाइरहने अवस्था रहनेछैन। शर्माले भने- 'नेपाली विद्यार्थीले नेपालमै टी-म्यानेजम्यान्ट तथा टी-टेक्निसियन विषयको अध्ययनको अवसर पाउनुपर्छ।' शर्माको नयाँ संस्था टी-सेक्टले गाउँमै प्राविधिक उत्पादनको कार्यक्रम थाल्ने सुरसार गरिरहेको छ। शर्माले भने- 'ठूला विश्वविद्यालयमा गएर चिया प्राविधिक पढ्न नसकेका विद्यार्थीलाई यो कार्यक्रमले केही हदसम्म सहयोग पुऱ्याउनेछ।'

यसअघि इलामस्थित इलाम एजुकेसन फाउन्डेसनले ६ महिने चिया प्राविधिक तालिम सुरु गरे पनि त्यो प्रभावकारी नभएपछि भर्ना भएका ३० विद्यार्थी घटेर १६ जनामा सीमित हुन पुगेका थिए। फाउन्डेसनले एक वर्ष नबित्दै तालिम बन्द गऱ्यो। उता भारतको सिलिगुडीस्थित नर्थ बंगाल युनिभर्सिटीले एकवर्षे कोर्ष सञ्चालन गरे पनि त्यसका लागि विज्ञानमा प्लस टुको अध्ययन पूरा गरेका विद्यार्थीले मात्र भर्ना हुने अवसर पाउँछन्। त्यो पनि महँगो शुल्कमा मात्र। नेपालमा टी-टेक्निसियन अध्ययन गर्न नपाएपछि श्रीलंकामा पोस्ट ग्र्याजुएट सकेर आएका इलाम फिक्कलका ज्योति अधिकारी हाल चिया प्राविधिज्ञका रूपमा व्यस्त छन्। अधिकारीले भने-'चियाक्षेत्रले ठूलो छलाङ मारे पनि प्राविधिकहरूको अभावले गुणस्तर वृद्धि गर्न सकिएको छैन्। यस्तो अवस्थामा चिया प्राविधिक पढ्न चाहने विद्यार्थीले नेपालमै त्यो अवसर पाउनुपर्छ।'

**–युवराज गौतम**













# अन्तरिक्षयात्राको चाहना पूरा हुँदैछ

अहिलेसम्म अमेरिका, रूस र चीनले आफ्ना नागरिकहरूलाई अन्तरिक्षयात्रा पठाइसकेका छन्। यो क्रम निरन्तर चलिरहेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनको निर्माण पनि तीव्र गतिमा भैरहेको छ। मानिसको चन्द्रमामा मानववस्ती बसाल्ने सपना र मंगललगायतका ग्रहहरूमा प्राणीको अस्तित्वको खोजी पनि जारी छ। यस्तो अवस्थामा एउटा अन्तरिक्षयात्री बन्ने कुनै व्यक्तिको चाहना सजिलैसँग पूरा हुनुपर्ने हो। यद्यपि स्थिति सोचेजस्तो सजिलो छैन। अन्तरिक्षयात्रीको तालिमका लागि भर्ना गर्ने काम मुख्यतः तीनवटा संस्थाले गर्छन्। तीमध्ये युरोपियन स्पेस एजेन्सीले हाल आएर भर्ना गर्ने काम केही समयका लागि बन्द गरेको छ।

अमेरिकाको अन्तरिक्ष संस्था नासाले पनि यो कार्यमा केही ढिलो गरिरहेको छ। विगत केही वर्षदेखि रूसले निश्चित रकम तिर्न सक्ने करोडपतिहरूका लागि तालिम पश्चात अन्तरिक्ष भ्रमणको योजना सुरु गरको छ। यो अभियानअन्तर्गत डेनिस टिटो र मार्शल वर्थले त्यसको अनुभव बटुलिसकेका छन्। त्यसैगरी आफ्ना नागरिकलाई अन्तरिक्ष यात्रीका रूपमा पठाउने योजना बनाइसकेका जापान र क्यानाडाजस्ता देशले पनि धेरै थोरै मात्र व्यक्तिलाई तालिम गराइरहेका छन्। राम्रोसँग तालिम गरिसके पनि अन्तरिक्ष अभियानमा संलग्न हुने पालो पर्खिन धेरै समय लाग्छ। नासाले निरन्तर रूपमा



यो कार्यक्रमका लागि आवेदन माग गर्छ तर आवेदन अमेरिकी नागरिकले मात्र दिन पाउँछन्। ब्रिटेनमा जन्मिएका माइकल फोयले गैरअमेरिकी भएर पनि यो मौका प्राप्त गरेका थिए। किनभने उनकी आमा अमेरिकी थिइन्।

अन्तरिक्षयात्राका लागि आवश्यक तालिममा प्रवेश गर्न सजिलो भने छैन। यसमा कठिन प्रतिस्पर्धाको सामना गर्नुपर्छ। तालिम पाएका ५ हजारमध्ये ५ सय व्यक्तिलाई मात्रै प्रतिस्पर्धामा सम्मिलित गराइएको थियो र अन्तिममा जम्मा ६ जनालाई छनौट गरिएको थियो। अन्तरिक्षयात्रीको छनौटमा सम्मिलित हुनुका लागि निश्चित योग्यता हुनुपर्छ।

यसका लागि विद्यालयस्तरदेखि नै त्यसैअनुसारको तयारी गर्नुपर्छ। आवेदक ७२ इन्चभन्दा होचो हुनुपर्छ। पाइलट त अझ जतिसक्दो होचो हुनु आवश्यक छ, किनकि उसले अन्तरिक्षमा हुने प्रवेगको सामना गर्नुपर्छ। स्काउट हुनु धेरै राम्रो मानिन्छ। नासाले भर्ना गरेका अन्तरिक्ष यात्रीहरूमध्ये ६४ प्रतिशत स्काउट थिए। त्यसैगरी आवेदक २७ देखि ३७ वर्ष उमेरको हुनुपर्छ। उसको रक्तचाप १४०/९० र आँखाको दृश्यशक्ति २०/५० भन्दा बढी हुनुहुँदैन। त्यसैगरी शैक्षिक योग्यताका रूपमा आवेदकले बी.ए. अथवा बी.एस्सी उत्तीर्ण गरेको हुनपर्छ र त्यसपछि कमसे कम तीनवर्षको पोस्ट ग्राजुयट हुनुपर्छ।

अन्तरिक्षयात्रीहरू २ प्रकारका हुन्छन्, पाइलट र मिसन स्पेसलिस्ट। पाइलटहरूले अन्तरिक्षयानलाई चलाउने र अन्य यानसँग सहकार्य गराउने कार्य गर्छन्। पाइलट बन्न विशिष्ट प्रकारका हवाईजहाजहरू हजारौं किलोमिटर उडाउने अनुभव हुनु आवश्यक छ। मिसन स्पेसलिस्टहरूले आवश्यक अन्य कार्य गर्छन्। अन्तरिक्षयात्री बन्ने अन्य वैकल्पिक उपाय पनि छन्। डेनिस टिटोले जस्तै २ करोड अमेरिकी डलर तिरेर सीधै यो कार्यमा संलग्न हुन पाइन्छ। त्यसैगरी आफ्नै अन्तरिक्षयान निर्माण गरेर पनि अन्तरिक्षयात्री बन्न सकिन्छ।

## अन्तरिक्षमा निजी क्षेत्रको प्रयास

हालसम्म अन्तरिक्षयात्राका क्रममा अमेरिका र रूसजस्ता शक्तिशाली देशका सरकार मात्र संलग्न रहेकोमा अहिले आएर निजी क्षेत्रले पनि यसमा रुचि देखाउन थालेको छ। यो कार्यका लागि अमेरिकाको स्काल्ड कम्पोजिट्स नामक कम्पनी विगत दुई वर्षदेखि क्यालिफोर्नियाको मोजभ मरुभूमिमा निरन्तर रूपमा सक्रिय छ।



उक्त कम्पनीले सन् १९८६ मा भोयजर नामक विमान निर्माण गरेको थियो। त्यसबेला उक्त विमानले पुनः इन्धन नभरी ९ दिनसम्म लगातार पृथ्वीको परिक्रमा गर्दै ४० हजार ३ सय ११ किलोमिटरको दूरी पूरा गरेको थियो। त्यस बेला भोयजरको ककपिटमा रहेका एक पाइलटले विमान चलाउनुका साथै संञ्चार सम्पर्क र आवश्यक इन्धन एक स्थानबाट अर्को स्थानमा राखेर विमानलाई नियन्त्रण गरेका थिए भने बाँकी पाइलटले विश्राम गरेका थिए।

त्यसैगरी स्काल्ड कम्पोजिट्स कम्पनीले ने पोगासस रकेटलाई प्रक्षेपण गराउन महत्त्वपूर्ण भूमिका खेलेको थियो। उक्त रकेटको सहायताले धेरै उपग्रहलाई निश्चित कक्षमा स्थानान्तरण गरिसकिएको छ। त्यसै गरी प्रोटियस नामक विमानले १९ हजार १ सय ३७ मिटरको उचाइमा एक टन भारीसहित पुग्ने रेकर्ड कायम गरेको छ। प्रोटियस पनि स्काल्ड कम्पोजिट्स कम्पनीले नै निमार्ण गरेको थियो।

विगत २ वर्षदेखिको अनुसन्धानमा संलग्न स्काल्ड कम्पोजिट्स कम्पनीले अहिले अन्तरिक्षमा मानवसहितको अन्तरिक्षयान पठाउने योजना बनाएको छ। यसका लागि आवश्यक सम्पूर्ण उपकरण पनि स्काल्ड कम्पोनिट्स कम्पनीसँग छन्। यो अवस्थामा कुनै गैरसरकारी समूहले यो कार्य सम्पन्न गर्न सके १ करोड अमेरिकी डलरको पुरस्कार दिने घोषणा उक्त कम्पनीले गरेको छ।

कम्पनीको पछिल्लो योजनाअनुसार कुनै समूहले ३ जना यात्रीसहितको यानलाई अन्तरिक्षमा पठाएर सुरक्षित रूपमा पृथ्वीमा अवतरण गर्नुपर्नेछ। यो कार्य १० दिनभित्रमा २ पटक सम्पन्न गर्नुपर्नेछ। यदि यो योजना वास्ताविकतामा परिणत भए अन्तरिक्ष अभियानमा अर्को खुट्किलो प्रारम्भ हुनेछ। त्यसपछि अन्तरिक्ष पर्यटनमा पनि नयाँ आयाम थपिनेछ।

# नयाँ सोलार सेलले दस गुणा बढी विद्युत् उत्पादन गर्ने



सूर्यको ताप र प्रकाशबाट विद्युत् ऊर्जा उत्पादन गर्ने पद्धतिमा विज्ञानले नयाँ फड्को मारेको छ। अमेरिकाको मासाचुसेट्स इन्स्टिट्युट अफ टेक्नोलोजीका वैज्ञानिकहरूले यस्तो सोलार प्यानल बनाएका छन्, जसले हालको सोलार प्यानलको तुलनामा दस गुणा बढी विद्युत् उत्पादन गर्छ। वैज्ञानिकहरूले सिसाको यस्तो रङ्गीन सेलको विकास गरेका छन्, जसले सीधै सूर्यको प्रकाशलाई फोटोभोल्टाइक सेलमा लगेर विद्युत्मा परिणत गर्छ। आगामी तीन वर्षभित्रै यस्ता सेलहरूको व्यापारिक उत्पादन हुने र नवीकरणीय ऊर्जा प्रयोग बढ्ने वैज्ञानिकहरूको टिमको नेतृत्व गर्ने प्रोफेसर मार्क बाल्डोले बताए।

उक्त पद्धतिमा आधारित विभिन्न रङ्ग मिश्रित सोलार कन्सेन्ट्रेटरले सूर्यको प्रकाशलाई ग्रहण गरी सीधै ग्लास प्यानलको किनारामा पठाइदिन्छ। त्यसपछि ग्लास प्यानलको किनारामा रहेको हाइभोल्टेजको फोटोभोल्टाइक सोलार सेलले सूर्यको प्रकाशलाई ग्रहण गर्ने र छिटोछिटो विद्युत् ऊर्जामा परिणत गर्ने काम गर्छ भने अर्कातर्फ रहेको लो भोल्टेजको फोटोभोल्टाइक सोलार सेलले सूर्यको प्रकाशलाई यत्रतत्र छरिन र उम्किनबाट रोक्छ। यो सेलले पनि प्रकाशलाई छिटोछिटो विद्युत् ऊर्जामा परिणत गर्छ। पहिलो तहमा जडान गरिएको सोलार कन्सेन्ट्रेटरले भने सूर्यको प्रकाशलाई ग्रहण गर्ने एक प्रकारको झ्यालका रूपमा पनि काम गरेको हुन्छ। हाल उपलब्ध सोलार प्यानल र फोटोभोल्टाइक सेलका कारण धेरै मात्रामा सूर्यको प्रकाश खेर जान्थ्यो, तर अहिले विकास गरिएको पद्धतिले सूर्यको प्रकाशलाई खेर जान नदिने भएको छ।

नयाँ विकास गरिएको सोलार प्यानलको मद्दतबाट अब दुर्गम गाउँठाउँहरूमा विद्युत् ऊर्जा पुऱ्याउन, ब्याट्री चार्ज गरेर चलाउन सकिने कम्प्युटर, ल्यापटप, विद्युतीय मोटरसाइकल, सोलार कार, रेडियो, टेलिभिजन आदि विद्युतीय उपकरण चलाउन तथा बत्ती बाल्न सहज हुनेछ।

–भोला

## नयाँ प्रविधि

**ताइवानको प्रतिष्ठित कम्प्युटर तथा मदरबोर्ड उत्पादक माइक्रो–स्टार इन्टरनेसनल लिमिटेड अर्थात् एमएसआईले आफ्ना उत्पादनहरू नेपाली बजारमा ल्याएको छ। एमएसआईका सेल्स म्यानेजर टिम लिले औपचारिक रूपमा यसलाई नेपाली बजारमा ल्याएको घोषणा गरेका थिए।**




### विन्ड नेटबुक

विशेष गरी यात्राको समयमा र अन्य आउटडोर कार्यका लागि प्रयोग गर्न सकिने विन्ड नेटबुक बजारमा आएको छ। एक किलोग्राम तौलको यो नेटबुक माइक्रोसफ्टको विन्डोज एक्सपी अपरेटिङ सिस्टमयुक्त छ। यसमा वायरलेस तथा वायर्ड नेटवर्किङ दुवै प्रयोग गर्न सकिन्छ। यसमा ब्लुटुथ, १ दशमलव ३ मेगापिक्सेलको वेबक्याम तथा १० इन्च लम्बाइको एलसिडी डिस्प्ले उपलब्ध छ। यो नोटबुकमा भएको लेड ब्याकलाइट पावर सेभिङ प्रविधिले एलसिडी डिस्प्लेको रंगलाई चम्किलो तथा गाढा बनाउँछ। योभन्दा ठूला नोटबुकमा प्रयोग भएकै किबोर्ड यसमा पनि प्रयोग भएको छ। यसका कारण टाइप गर्न अप्ठ्यारो अनुभव हुँदैन। यसमा २ दशमलव ५ इन्चको ८० जिबी क्षमताको हार्ड ड्राइभ छ। यी सबैका कारण हेर्दा सानो भए पनि अन्य ठूला नोटबुकजस्तै काम गर्न सक्छ। यसको बजार मूल्य ४५ देखि ८५ हजार रुपैयाँसम्म छ।

### विन्ड पिसी

एमएसआईले मिनी विन्ड पिसीलाई पनि नेपाली बजारमा ल्याएको छ। गत जुलाईमा ताइवानको ताइपेईमा सम्पन्न कम्प्युटेक्स कम्प्युटर सोमा प्रदर्शन गरिएको यो अन्य साना ल्यापटपमा प्रयोग हुने पिसीजस्तै छ। यसमा १ दशमलव ६ गिगाहर्जको इन्टेल एटम माइक्रोप्रोसेसर प्रयोग गरिएको छ। सानो आकार, थोरै पावरको प्रयोग हुने र कुलिङका लागि फ्यान नचाहिने भएकाले यसले धेरै ग्राहकको ध्यान तान्ने दावी कम्पनीले गरेको छ। यसमा अन्य ल्यापटपमा जस्तै ६५ वाटको एसी एड्याप्टर प्रयोग गरिएको छ। त्यसैगरी यसमा १ सय ६० जिबीको हार्डडिस्क तथा ७ दशमलव १ च्यानल अडियो छ। ३५ वाट क्षमतामै यो पूर्ण रूपमा प्रयोगमा आउँछ। सामान्य डेस्कटप कम्प्युटरले यो कार्यका लागि २ सय ५० वाट शक्ति खर्च गर्छन्। यसो हुँदा यसले तुलनात्मक रूपमा ८६ प्रतिशत शक्ति बचाउँछ। वातावरणीय दृष्टिकोणले पनि विन्ड पिसी महत्त्वपूर्ण छ।

### ग्राफिक्स कार्ड

एमएसआईका ग्राफिक्स कार्ड पनि नेपाली बजारमा आएका छन्। एन ९६०० जीटी मोडलका ग्राफिक्स कार्ड ६५ एनएम जी ९४ जीपीयूमा आधारित छन्, जसमा ६४ स्ट्रिम प्रोसेसर तथा २ सय ५६ बिट मेमोरी छन्। यसले एनभीआईडीआईए एसएलआई जस्तो अत्याधुनिक प्रविधिलाई सपोर्ट गर्छ। यसमा तापक्रम नियन्त्रणका लागि हाइब्रिड फ्रिजर कुलिङ प्रविधि तथा प्रभावकारी थर्मल कन्डक्टिभिटीका लागि ६ मिलिमिटर बाक्लो हिट पाइपको प्रयोग गरिएको छ। यसमा प्रयोग गरिएको अत्याधुनिक प्रविधिका कारण स्पष्ट तस्विर तथा भिडियो हेर्न सकिन्छ।

### मेनबोर्ड

एमएसआईले सर्भरसहितको मेनबोर्ड पनि नेपालमा भित्र्याएको छ। पी ४५ सिरिजको यो मेनबोर्ड इन्टेलको पी ४५ एक्सप्रेस चिपसेटद्वारा सञ्चालित हुन्छ। डीआरएमओएस क्लासको सर्भर प्रयोग भएको यो मेनबोर्डको कार्यक्षमता धेरै छ र यो हल्लारहित पनि छ। यो सर्कुपाइप लिक्विड र सर्कुपाइप कुलिङ सोलुसनजस्ता भिन्नै प्रविधिले सुसज्जित छ। यी मेनबोर्ड विभिन्न पाँचवटा फरक डिजाइनमा उपलब्ध छन्।

# साप्ताहिक इनको

## आउट र इनको खेल



तस्बिर : नेटसा डटकम

निर्माणाधीन चलचित्र 'दोस्ती'बाट नायक-नायिकालाई हटाइएको छ । रोज राणाले निर्माण गरिरहेको यो चलचित्रबाट पहिले नायक आर्यन सिग्देललाई हटाइएको थियो । त्यसपछि नायिका जेनिशा केसी हटाइन् । चलचित्रको छायांकन निकै अघि बढिसकेको अवस्थामा चलचित्रका कलाकारलाई बाहिर निकाल्ने कारणचाहिँ के परेछ नि ? निर्माता राणाको जवाफ त्यति स्पष्ट रहेन । राणाका अनुसार उनलाई आफ्नो चलचित्रमा अभिनय गर्ने कुनै पनि कलाकारले 'नखरा' देखाएको मन पर्दैन । भनिन्छ, आर्यनले चलचित्रमा अभिनय गर्नुअघि त्यसको पटकथा-संवाद हेर्छु भनेपछि निर्माताले उनलाई चलचित्रबाटै हटाएका हुन्, तर नवोदित नायिका जेनिशाले भने कस्तो प्रकारको 'नखरा' देखाइन्, त्यो कुरा निर्माताले स्पष्ट गरेनन् । भनिन्छ, चलचित्रको तोकिएको छायांकनस्थलमा उपस्थित नभएकै कारण उनलाई चलचित्रबाट हटाइएको थियो । चलचित्रका निर्देशक मदन घिमिरेसँग सम्पर्क राख्दा उनले नायिका केसीविनाका दृश्यहरू छायांकन भैरहेको जानकारी गराए पनि नायिका केसीले दोस्तीमा पुनः प्रवेश पाएकी छिन् । निर्माता राणा र उनको कुरा मिलेपछि जेनिशाले चलचित्रको यो अवसरलाई जोगाउन सकेको बताइन्छ ।

## हेरेपछि हिस्स



निर्माताले आफ्नो चलचित्रको पहिलो प्रदर्शन तामझामका साथ सम्पन्न गर्ने गरेका छन् । हलमा चलचित्र लागेपछि दर्शक आऊन् कि नआऊन् पहिलो दिनको कार्यक्रम भव्य गर्नैपर्छ भन्ने मान्यता छ । सायद त्यही भएर होला, चलचित्र 'मनमा माया' ले पनि राजधानीमा यस्तै भव्य कार्यक्रम गर्‍यो । गैर-चलचित्रकर्मी समेतले हलमा आएर अन्य चलचित्र हेरे । हलको सिटभन्दा धेरै दर्शक आएकोमा निर्माता निकै दंग थिए ।

निर्माताजस्तै निर्देशक मदन घिमिरे पनि मख्ख थिए । हलमा देखिएको भीडका कारण पनि उनी मख्ख परेका हुन सक्छन् । चलचित्र हेरिसकेपछि प्रतिक्रिया जस्तोसुकै दिऊन् तर चलचित्र हेर्नका लागि हलमा झुम्मिएका दर्शक देखेरै मख्ख परेका निर्देशक घिमिरे चलचित्र सकिँदा भने हिस्स हुन पुगे । राजेश हमाल, करिष्मा मानन्धर, दिनेश शर्मा, रवि गिरी आदि कलाकारले अभिनय गरेको चलचित्र राम्रो होला भनेर आउने दर्शकले चलचित्रलाई सोचेजस्तो पाएनन् । चलचित्र गतिलो नलागेकै कारण निर्देशकलाई बधाई छ भन्ने आँट धेरैले गरेनन् । यस्तो अवस्थामा निर्देशकलाई नमज्जा लाग्नु स्वाभाविक थियो ।

## नौ तलाबाट हाम फाल्ने

निखिलले सात तलाबाट हाम फाले, सबैले उनलाई 'एक्सन हिरो' भन्न थाले । रेखा थापाले बन्जी जम्प गरिन्, उनलाई पनि साहसी नायिका भन्न थालियो । अब रुश्मा राईले उनीहरूभन्दा दुई पाइलाअघि बढेर स्टन्ट देखाएर स्थापित हुने बाटो रोजेकी छिन् । सोभित बस्नेतकै एउटा चलचित्रका लागि उनले हेलिकप्टरबाट हाम फालिसकेकी छिन् । त्यो चलचित्र सार्वजनिक नहुँदै राई सोभितकै अर्को चलचित्र 'जंगबाज'मा नौ तलाको भवनमाथिबाट हाम फाल्दै छिन् । उक्त चलचित्रको मुहूर्त कार्यक्रममा मञ्चबाट निर्देशक बस्नेतले त्यसो भनिरहँदा रुश्माको अनुहारको भाव केही क्षणका लागि परिवर्तन भएको थियो । कतिले उनलाई त्यस्तो आँटिलो काम गर्न लागेकोमा अग्रिम बधाई पनि दिए । बधाई पाएपछि रुश्मा दंग त परिन्, तर एकैछिनपछि उनी खुसुक्क कसैसँग भन्दैथिइन्- 'यो चलचित्रमा नौ तलाबाट हाम फाल्दैछु भन्ने कुरा मैले यहीं आएर थाहा पाएँ ।' सयौं चलचित्रकर्मी र पत्रकार सामुन्ने नायिका रुश्मा राईले नौ तलाबाट हाम फाल्दैछिन् भनेर निर्देशक बस्नेतले भनि त हाले, तर पनि हाम्रो राय एकपटक रुश्मासँगै पनि सोध्नुपर्थ्यो कि ?



## रूपा पनि फर्किइन् !



तस्बिर : नेटसा डटकम

'तीन वर्षअघि निर्माण भएको चलचित्र 'को होला मेरो मायालु' समयमै प्रदर्शन भएको भए रूपा उपाध्याय अहिलेकी व्यस्त नायिकामध्ये एक हुने थिइन् ।' रूपालाई नजिकबाट चिन्ने एक चलचित्र निर्देशकको टिप्पणी हो यो । उक्त चलचित्रको छायांकन सम्पन्न हुनासाथ अध्ययनको क्रममा अमेरिका पुगेकी नायिका उपाध्याय अहिले स्वदेश फर्किएकी छिन् । विभिन्न कारणले उक्त चलचित्रको निर्माणकार्य पूरा हुन नसकेकोमा रूपालाई जति दुःख लागेको छ, चलचित्रका निर्देशक-निर्मातालाई त्योभन्दा बढी दुःख लागेको होला । जे होस्, त्यसताका नेपाली चलचित्रमा भविष्य नदेखेर विदेसिएकी नायिका उपाध्याय अहिले यही क्षेत्रको भविष्य उज्ज्वल रहेको बताउँछिन् । 'राम्रो चलचित्र' पाए अभिनय गर्ने योजना उनको छ । अमेरिकामा स्वास्थ्यसम्बन्धी विषय अध्ययन गरेको उनले बताइन् । नेटनशा डटकमका लागि कामुक मुद्रामा फोटोसेसन गरेकी रूपाले यसपटकको नेपाल बसाइ दुई महिनाको मात्र हुने बताए पनि राम्रा चलचित्रबाट प्रस्ताव आए स्वदेशमै बसेर अभिनय कर्मलाई निरन्तरता दिने पक्षमा रहेको बताइन्छ । 'अभिनयमा जम्न सकिन भने पनि केही छैन,' रूपा भन्छिन् – 'आफूले अध्ययन गरेको विषयमा काम गरेर पनि बस्न सकिन्छ ।'

## गद्दार भन्नेले नै भने क्या बात !



गत मंगलबार संजय कुटुको निर्माण तथा श्याम भट्टराईको निर्देशनमा तयार भएको चलचित्र 'मौसम' को अडियो क्यासेट विमोचन गरियो । चलचित्र क्षेत्रसँग सम्बद्ध व्यक्तिहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रममा एउटा अनौठो कुरा पनि हेर्न पाइयो । कुटु र भट्टराईकै अघिल्लो चलचित्र 'मर्यादा' लाई काठमाडौंमा प्रदर्शन गर्नबाट रोक लगाउन नेतृत्वदायी भूमिका खेलेका अशोक शर्मा 'सान' का साथ कार्यक्रममा देखिए । चलचित्र प्रदर्शनको विषयलाई लिएर तत्कालीन परिवेशमा पानी बाराबारको स्थितिमा रहेका यी दुई समूहबीच मिलाप भएछ भन्ने सबैलाई लाग्यो ।

उनै अशोक शर्माले त्यसबेला कुटु, भट्टराई र चलचित्र प्रदर्शकको जिम्मेवारी लिएका योगेन्द्र श्रेष्ठलाई चलचित्र क्षेत्रका गद्दार घोषणा गरेका थिए, तर जब चलचित्रका गीतहरू हेरिसकेपछि प्रतिक्रिया जनाउन शर्मालाई बोलाइयो, उनले भने- 'चलचित्र गजबको बनेको रहेछ ।' शर्माका अनुसार शारीरिक बनावटले सानो कद भए पनि श्याम भट्टराई कामका दृष्टिकोणले पोख्त रहेछन् । जे होस्, गद्दार भनेर गाली गर्ने शर्माले बाध्यतामै भए पनि गीतको भिज्युअल हेरिसकेपछि चलचित्र मौसमका बारेमा 'क्या बात !' भने, जसले कुटु र भट्टराईको मुहारमा सन्तोषको रेखा पर्‍यो ।

चलचित्र मौसम आगामी सातादेखि राजधानीबाहिरका २४ वटा हलमा डिजिटल प्रविधिमार्फत् प्रदर्शन हुँदैछ । यो चलचित्रका नायक आर्यन सिग्देल हुन् भने नायिका रञ्जना शर्मा । मौसममा नायक राजेश हमालले नायिका शर्माको दाजुका रुपमा विशेष भूमिका निर्वाह गरेका छन् ।

## पोखराबाट मार्केट



बेग्लै धारमा बनेको चलचित्र मार्केट प्रदर्शन भैरहेको छ । चलचित्रमा लगानी मात्र होइन, कलाकार पनि सबै पोखराका छन् । समाजका हरेक वर्गका व्यक्तिले यो चलचित्रमा अभिनय गर्ने अवसर पाएका छन् । चलचित्र मार्केटमा समलिङ्गीहरूको भूमिका पनि महत्त्वपूर्ण छ । अन्य चलचित्रमा जस्तो नायक-नायिकाको तडकभडक यसमा देखिँदैन । यसमा हरेक पात्रको भूमिका समान रूपमा प्रस्तुत गरिएको छ, चलचित्रका निर्माता कुशल पौडेलले बताए । चलचित्रमा एउटा आपराधिक गिरोहले समाचार लेख्ने पत्रकारलाई दिएको धम्की र अन्त्यमा विदेशी गिरोहलाई झिकाएर हत्यासमेत गराएको दृश्य समेटिएको छ । चलचित्रमा स्थानीय सञ्चारकर्मीहरूकै बाहुल्य देखिन्छ ।

चलचित्रमा दिनहुँ घट्ने घटनाक्रमहरू जस्तै हत्या-आतंक, तस्करी, घूसपैठ, बलात्कार आदि आपराधिक क्रियाकलापहरूलाई जस्ताको तस्तै देखाइएको छ । वेस्टर्न म्युजिकको प्रस्तुतिमा कुशल पौडेलको निर्माण गरेको यो चलचित्रको सतप्रतिशत छायांकन पोखरामा गरिएको हो । चलचित्रका परिकल्पनाकार सोभित बस्याल हुन् । श्रीराम पौडेलले निर्देशन गरेको यो चलचित्रमा राजेन्द्र अधिकारीको पटकथा/संवाद र श्रीकान्त सिग्देलको छायांकन रहेको सोभित बस्याल, बिमला थापा, राजेन्द्र अधिकारी, शिव शर्मा चञ्चल, श्रीकान्त सिग्देल, एलबी थापा, पुष्कर थापा, नवीन घायल, सञ्जय मल्ल, हंसराज खवास आदि कलाकारले अभिनय गरेका छन् ।

# साताको स्वर



## देविका वन्दना

**'यो मायाले लौन सतायो' कति वर्ष अघि गाउनुभएको थियो ?**

नौ वर्षजति भयो होला । यो फिल्मको टाइटल ट्र्याक हो ।

**फेरि किन रिमिक्स गर्नुभएको ?**

रिफ्रेसका लागि भन्दा हुन्छ । टिनएजरहरूका बीचमा फेरि चर्चामा आउन पनि भन्न सकिन्छ ।

**नयाँ गीतमा पुरानो भाव बाँकी छ कि छैन ?**

पुरानो टोन बिगारेको छैन । बिट फरक छ । गायकीमा पनि फरक पाउनहुन्छ ।

**पहिले यही गीत गाउँदा रमाइलो भयो कि अहिले ?**

पहिले गाउँदा नायिका जल शाहलाई सम्झेर उनका लागि गाएकी थिएँ । पहिले चलचित्रको कथामा बाँधिएर गाउनुपरेको थियो भने अहिले स्वतन्त्र भएर गाएकी छु ।

**म्युजिक भिडियो कस्तो बन्दैछ ?**

भूषण दाहालले गर्ने कुरा भएको छ । उहाँसँग काम गर्ने रहर पनि छ ।

**गायिका** कोमल ओलीले तीजलाई लक्षित गरेर तयार पारेको गीतिसंग्रह 'झक्कास' यो साता सार्वजनिक भएको छ । 'उन्माद तथा स्वतन्त्रताले छोएकी एउटी युवतीलाई परिवार एवं समाजले रोक्न सक्दैन भन्ने भावमा मैले यसपटकको तीजसंग्रह तयार पारेकी छु गायिका ओलीले भनिन्- 'मेरा गीत सुनेपछि नानाने दिदीबहिनीहरू पनि छमछम नाच्नेछन् । यसकारण दिदीबहिनीहरूलाई नाच्न तयार हुन आग्रह गर्छु ।' गीतिसंग्रहको पहिलो भागमा 'बाउले गाली गरे नि, आमाले आँखा तरे नि आऊ न आऊ सँगिनी हाँस्ने आजै हो' र दोस्रो भागमा 'सुनको भाउ बढेको बजार' शीर्षकका गीत छन् ।

**प्रदर्शनको** तयारीमा रहेको चलचित्र 'मौसम' का गीतहरूको संग्रहको गत मंगलबार साप्ताहिक तथा नारीका सम्पादक सुवास ढकालले विमोचन गर्नुभयो । श्याम भट्टराईद्वारा निर्देशित उक्त चलचित्रमा सुरेश अधिकारीले संगीत दिएका छन् । चलचित्रका गीतहरूमा दीपक लिम्बु, अन्जु पन्त तथा मनोज सेवाको स्वर सुन्न सकिन्छ । विमोचन समारोहमा विभिन्न वक्ताले चलचित्रका गीतको समीक्षा गरेका थिए । उक्त अवसरमा प्रेमकथामा आधारित चलचित्र मौसमका गीत तथा केही दृश्यको भिडियो पनि प्रसारण गरिएको थियो ।

**दुईवटा** गीतिसंग्रह तयार पारेर नेपाली सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाएका गायक रवी मुखियाको अमेरिकाको न्युयोर्कमा निधन भएको छ । 'म त शीतहरूमा बिलाइदिन्छु...' गीत गाएर श्रोताको मनमा बस्न सफल गायक मुखियाको सुतिरहेको अवस्थामा बिहान पाँच बजे निधन भएको बताइन्छ । बेलुकी खाना खाएर सकुशल सुतेका गायक मुखिया बिहान मृत अवस्थामा भेटिएको न्युयोर्कबाट विजय पौडेलले जनाएका छन् । काठमाडौं जावलाखेलका स्थायी बासिन्दा गायक मुखियाका श्रीमती तथा एक छोरा छन् । स्व. गायक मुखियाले 'निरन्तर' तथा 'रिलायबल' गरी दुईवटा गीतिसंग्रह तयार पारेका थिए । उनको यसै साता काठमाडौंमा अन्तिम संस्कार गरिएको छ ।

**स्याडोज** समूहका गायक स्वप्निलले आफ्नो हेयर स्टाइल परिवर्तन गरेका छन् । विगत केही सातादेखि उनले केश मुठ्ठा पारेर बेरेका छन् । उनका केश राता, नीला, पहेँला आदि रंगका छन् । रक समूहको गायक केही फरक देखिनुपर्ने भएकाले स्वप्निलले आफ्नो केशको स्टाइल फरक पारेका हुन् ।

**गायक** अराज केशव हिपहप गायक बनेका छन् । केही एल्बममा हिपहप गाएपछि उनले चलचित्रमा पनि हिपहप गाएका छन् । नायिका रेखा थापाले निर्माण गर्न लागेको चलचित्र 'हिफाजत' मा उनले एउटा हिपहप गीत गाएका छन् ।

**गायक** राजीव लोहनीले केही समयअघि सञ्चालन गर्ने भनेको नेपाली गीत-संगीतसम्बन्धी वेबसाइट सञ्चालनमा आएको छ । निर्माणकै चरणमा रहे पनि उक्त वेबसाइट अब लगअन गर्न सकिन्छ । संगीत नेपाल डटकम ठेगानाको उक्त साइटमा कलाकारहरूको व्यक्तिगत परिचय, संगीत समाचार, म्युजिक भिडियो, गीत एवं तस्बिरहरू राखिएका छन् ।

**गायक** कुशल राईले गाएका नयाँ संग्रह 'अतीत' को गत शनिबार आयोजित एक समारोहमा गीतकार रत्नशमशेर थापा, राजेन्द्र थापा तथा मञ्जुले संयुक्त रूपमा विमोचन गरेका छन् । रंग नेपालले आयोजना गरेको कार्यक्रममा मञ्जुले गीतसंगीतलाई लोकप्रिय बनाउन गम्भीर भएर लाग्नुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा सांगीतिक क्षेत्रमा योगदान पुऱ्याउने शिशिर योगी, किरण प्रधान, अनुसेन लामा, तगेन्द्र मगर, विभोर बराल, कृष्णभक्त राई, सचिन मानन्धर तथा हेमा मानन्धरलाई सम्मानित गरिएको थियो । कार्यक्रममा किरण प्रधान, शिशिर योगी, अनुसेन लामा आदिले गीत गाएका थिए ।

**नेपाली** गीत-संगीतको क्षेत्रमा सक्रिय संगीतकर्मी तथा क्यासेट कम्पनीहरू नेपाली संगीतको विकासका लागि विभिन्न माग राखी आन्दोलनमा उत्रिएका छन् । गत बिहीबार उनीहरूले सञ्चार मन्त्रालयमा आफ्ना माग बुझाए । गीत-संगीतसँग सम्बद्ध आठवटा संस्था मिलेर हालै गठन गरिएको 'नेपाल संगीत विकास समिति' को आह्वानमा संगीतकर्मीहरू सडकमा उत्रिएका हुन् । विरोध प्रदर्शनको पहिलो दिन कलाकारहरूले माइतीघर मण्डलामा गीत-संगीत गाएरै आफ्नो माग पुरा हुनुपर्ने माग राखे । संगीतकर्मीहरूले विभिन्न सञ्चारमाध्यमबाट प्रसारण भैरहेका सांगीतिक कार्यक्रम, चलचित्र कार्यक्रम तथा प्रोमो प्रसारण गर्ने कार्यक्रमहरू अत्यन्त व्यापारीकरण भएको जनाउँदै त्यस्ता कार्यक्रम बन्द गर्नुपर्ने माग राखेका छन् । यसबाहेक उनीहरूले आधारिक रूपमा प्रसारण भैरहेका गीत-संगीतका स्रष्टाले रोयल्टी पाउनुपर्ने माग गरेका छन् । विरोधमा उत्रिएको संगीतकर्मीहरूको समितिमा नेपाल संगीत उद्योग संघ, अखिल नेपाल लोककलाकर्मि संघ, नेपाल सांगीतिक संघ, श्रव्यदृश्य उद्यमी संघ नेपाल, राष्ट्रिय संगीतकर्मि संघ, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, संयुक्त कलाकार मोर्चा, राष्ट्रिय चलचित्र निर्माता संघ तथा नेपाल चलचित्र निर्माता संघ छन् ।

**मधुरिमा** नेपाल कला केन्द्रले नियमित रूपमा आयोजना गर्ने सांगीतिक कार्यक्रम 'सिर्जनाको चौतारी' मा यसपटक गायक रामेशले आफ्ना भावपूर्ण गीत-संगीत प्रस्तुत गरे । गत शुक्रबार सम्पन्न सांगीतिक कार्यक्रमको प्रारम्भमा उनले 'जीवन संघर्ष हो...' गाएका थिए । सांगीतिक कार्यक्रमका क्रममा रामेशले आफ्नो गायनयात्राको प्रारम्भिक क्षणदेखि वर्तमान अवस्थासम्म आइपुगदासम्मका उतार-चढावहरू भावुक शैलीमा प्रस्तुत गरेका थिए । १७ वर्षको उमेरदेखि नै गीत-संगीत क्षेत्रमा होमिएका रामेशले कार्यक्रममा गीत-संगीतसँगै दर्शकसँग प्रत्यक्ष अन्तर्क्रियासमेत गरेका थिए ।मधुरिमा नेपालको यो कार्यक्रममा प्रत्येक महिना एक-एक जना संगीतकर्मीले श्रोताको प्रत्यक्ष सहभागितामा गीत-संगीत प्रस्तुत गर्छन् ।

**करिब** दुई महिनादेखि युरोपका विभिन्न मुलुकमा सफलतापूर्वक सांगीतिक कार्यक्रम प्रस्तुत गरेर नेपाली सांगीतिक समूह सुकर्म गत बुधबार स्वदेश फर्किएको छ । नेपाली लोकशास्त्रीय धुनहरू प्रस्तुत गरेर चर्चामा आएको यो समूहले दुई महिनाअघि बेलायतको म्यान्चेस्टरमा आयोजित नेपाल हिमालयन महोत्सवमा आयोजित सांगीतिक कार्यक्रममा पहिलो पटक सहभागिता जनाएको थियो । त्यसपछि यो समूहले जर्मनी, नेदरल्यान्ड, फ्रान्स, बेल्जियम तथा इटलीमा सांगीतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

**'मै ठूली भैं छु रे..'** गीत गाएर लोकप्रिय भएकी गायिका रेश्मा सुनुवारलाई सांगीतिक कार्यक्रममा सहभागी हुन भ्याई-नभ्याई छ । उनी राजधानीका अधिकांश सांगीतिक कार्यक्रममा त सहभागी हुन्छिन् नै, यसबाहेक राजधानीबाहिर आयोजना हुने सांगीतिक कार्यक्रममा पनि उनका गीत सुन्न पाइन्छ । यसबीच यी गायिकाले पहिलो पटक विदेशमा आयोजना हुने एउटा सांगीतिक कार्यक्रममा सहभागि हुने अवसर पाएकी छिन् । कोरियामा आयोजना हुने सांगीतिक समारोहमा सहभागी हुन उनी गत साउन १६ गते त्यसतर्फ प्रस्थान गरिसकेकी छिन् । कोरियाको उक्त सांगीतिक कार्यक्रममा रेश्मालाई गायक भरत गुरुङले साथ दिनेछन् । भरतले विगतमा गीतिसंग्रह 'अब' सार्वजनिक गरिसकेका छन् ।

## अफबिट



**रिटर्न ब्याक प्रियंका :** अध्ययनका लागि अमेरिका गएकी चर्चित मोडल तथा पूर्व मिस टिन नेपालले बिदामा नेपाल आएको बखत प्रदीप कसपालको निर्देशनमा गायक हिमालको एउटा म्युजिक भिडियोमा अभिनय गरिन् । तस्बिर : मोहम्मद सहनवाज

## लाइभ शो

**आगामी** भदौ ५ गतेदेखि ८ गतेसम्म राजधानीमा हेल्थ एन्ड फिटनेश एक्स्पो-२००८ हुने भएको छ । डाइरेक्सन नेपालले गर्न लागेको उक्त कार्यक्रम त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरस्थित डाइरेक्सन एक्जिविसन तथा कन्भेन्सन सेन्टरमा हुनेछ । स्वास्थ्य, शारीरिक तन्दुरुस्ती तथा सौन्दर्यको महत्त्व प्रस्तुत गर्ने उद्देश्य लिइएको उक्त प्रदर्शनीमा दर्शकले आफ्नो सौन्दर्यको जिज्ञासा मेटाउने अवसर पाउने बताइन्छ । एक्स्पोमा श्रृंगारसम्बन्धी विभिन्न सामग्रीसमेत राखिनेछ । प्रदर्शनीमा सौन्दर्यविद्, श्रृंगारसम्बन्धी वस्तुका उत्पादक तथा प्रयोगकर्ताको जमघट हुनेछ । कार्यक्रमलाई आकर्षक बनाउन रक्तदान, निःशुल्क दन्त परीक्षण, बडी बिल्डिङ प्रतियोगिता पनि सञ्चालन गरिनेछ ।

**पहिलो** नेपाली ताराका उपविजेता धर्मेन्द्र सेवान सुफी पनि गाउँछन् । सुफीको प्रशिक्षण पाएपछि उनी हाल हरेक शुक्रबार साँझ सात बजेपछि दरबारमार्गस्थित द गार्डेन टेरस, कौसी किचेन एन्ड बारमा प्रत्यक्ष सुफी गायन प्रस्तुत गर्न थालेका छन् ।

## नजिकबाट

## नितिन थापा



| | | |
|---|---|---|
| जन्ममिति | : | १० अगस्त |
| घरमा बोलाउने नाम | : | नितिन |
| नामको अर्थ | : | नयाँ |
| परिचय | : | गायक |
| जन्मस्थान | : | महाराजगन्ज |
| रुचि | : | घुम्ने, गीत-संगीत सुन्ने |
| प्रकाशित एल्बम | : | क्रिस्टल |
| सांगीतिक गुरु | : | जीवन राई |
| नजिकका साथी | : | रति गुरुङ |
| मनपर्ने परिकार | : | दाल-भात, टमाटरको अचार |
| पकाउन जानेको परिकार | : | मासु |
| मनपर्ने रंग | : | कालो |
| मनपर्ने पहिरन | : | जिन्स, टिसर्ट |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | बास्केटबल |
| फुर्सदमा | : | साथीभाइसँग बिताउने |
| मनपर्ने गीत | : | हेर्न देऊ तिम्रो मुहार भोलि त टाढा हुनुछ |
| रिस उठेको बेला | : | चुप लागेर बस्ने |
| मनपर्ने आफ्नै बानी | : | धेरै हाँस्न रुचाउने |
| पहिलो गीत | : | नभुल है |
| पहिलो एल्बम | : | क्रिस्टल |
| पहिलो चर्चित गीत | : | संयोग |
| सबैभन्दा बढी माया | : | आमा |
| पहिलो बाजा | : | गीतार |
| पहिलो प्रेम | : | कालीसँग |
| पहिलो चुम्बन | : | उनीलाई नै |
| पहिलो फोटोसेसन | : | एल्बमका लागि |
| राम्रो बानी | : | चाँडै घुलमिल हुन सक्ने |
| नराम्रो बानी | : | चाँडै रिसाउने, अरूलाई चाँडै विश्वास गर्ने |
| गोप्य कुरा | : | नभनौं होला |
| अन्य प्रतिभा | : | बास्केटबल राम्रोसँग खेल्न सक्छु |


## ब्यान्ड बक्स




१९९६ मा स्थापना भएको मुक्ति एन्ड रिभाइबल ब्यान्डले आफ्नो तेस्रो एल्बमका रूपमा 'देख्दै छु' शीर्षकको एल्बम श्रोतासामु ल्याएको छ । चार महिनाअघि सार्वजनिक भएको यो एल्बमको प्रोमोसनमा हिजोआज ब्यान्डका सदस्यहरू व्यस्त छन् । चार जना सदस्य रहेको यो ब्यान्डका सदस्यहरू कार्यक्रममा भेट भएको र भेटले निरन्तरता पाएपछि ब्यान्ड स्थापना गरेको बताउँछन् । यो ब्यान्डले काठमाडौं, पोखरा, चितवनलगायत अमेरिका, क्यानाडा र भारत गरी ५ सयभन्दा बढी स्टेज सो गरिसकेको छ । कार्यक्रमको रूपरेखाअनुरूप आफ्नो पारिश्रमिक लिने गरे पनि प्रायः कार्यक्रममा १५ हजारभन्दा बढी पारिश्रमिक लिने गरेको ब्यान्डका गिटारिस्ट रोसन कंसकार बताउँछन् ।

मुक्ति एन्ड रिभाइबले कलंकीको जाम, बुझाइदेऊ र देख्दै छु गरी तीनवटा एल्बम श्रोतासामु ल्याइसकेको छ । वेस्टन र नेपाली लोकभाकालाई मिसाएर गीत निर्माण गर्ने भएकाले आफ्नो ब्यान्डका गीतहरू फरक ढंगको हुने यो ब्यान्डको दाबी छ । अहिले ब्यान्डमा लिड गिटार र गायकमा मुक्ति शाक्य, ड्रमर रविन श्रेष्ठ, स्पेनकि नागरिक मारिया कि-बोर्डमा तथा रोशन कंशकार बेस गिटारमा छन् ।

## लभगुरु



पाठकहरुको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

म २५ वर्षीय युवक हुँ। म एउटी विधवा युवतीलाई भित्री हृदयदेखि नै मन पराउँछु। यसमा मेरो कुनै स्वार्थ वा कुनियत छैन। उनी मलाई सोझी र सरल व्यवहारकी लाग्छिन्। म उनलाई आफ्नो जीवनसाथी बनाउन चाहन्छु। हरेक सुखदु:खका क्षण उनीसँग बाँडन चाहन्छु। मैले उनीसमक्ष प्रस्ताव पनि राखिसकेँ, तर उनी समाजसँग डराउने कुरा गर्छिन्। भन्छिन्- समाजले हामीलाई थुक्छ। हाम्रो सम्बन्ध आत्मीय मित्रको भन्दा पनि घनिष्ठ छ। म कुनै पनि हालतमा उनलाई गुमाउन सक्दिनँ। म उनको विगतका सुख त फर्काउन सक्दिनँ तर अब आउने दिनहरूमा आफ्नो छुट्टै संसारमा इज्जतका साथ राख्नेछु। मैले के गर्दा उचित हुन्छ ? सल्लाहको प्रतीक्षामा छु।

-राज

समाजमा परिवर्तन ल्याउने तपाईंजस्ता युवाहरूले नै हो। विवाहलगत्तै जीवनसाथी गुमाएका समाजमा धेरै महिला छन्। अहिले उनीहरूलाई विधवाभन्दा पनि एकल महिला भन्न थालिएको छ। श्रीमतीको निधनपछि विदुर भएका लोग्ने मानिसहरूले अर्को विवाह गर्न हुन्छ भने तपाईंले एकल महिलालाई सहारा दिनुहुँदैन भन्ने प्रश्न आउने बाटो म देख्दिनँ। समाजले त झन् तपाईंलाई सम्मानजनक दृष्टिले हेर्नुपर्ने हो। अहिलेको यो समयमा एकल महिलासँगको विवाह सामान्यजस्तै भैसकेको छ। परम्परावादी सोचाइ राख्ने केही मानिसले टिप्पणी गर्लान्, त्यसबाट विचलित नभएकै राम्रो। समाजले थुक्छ भनेर डराउनुपर्दैन। त्योभन्दा पनि विशेष कुरा जसरी तपाईं उनलाई माया गर्नुहुन्छ के उनले पनि तपाईंलाई माया गर्छिन् ? यदि गर्छिन् भने अहिलेको समयमा अरूले के भन्छन् भन्ने कुरा महत्त्वपूर्ण हुँदैन।

## फिल्मी खबर

• अभिनेत्री प्रज्ञा जोशीले निर्माण गरेको चलचित्र 'सम्झना'को सम्पादन कार्य सकिनै लागेको छ। योगेश घिमिरेको निर्देशन रहेको चलचित्र 'सम्झना'मा त्रिकोणात्मक प्रेमकथा समेटिएको छ। यसमा निखिल उप्रेती, राजवल्लभ कोइराला, सञ्चिता लुइँटेल, गरिमा पन्त, प्रज्ञा जोशी, लक्ष्मी गिरी, देशभक्त खनाल, सुवास मेचे तथा सोफिया श्रेष्ठ आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रमा प्रदीप भारद्वाजको लेखन, महेश खड्काको संगीत, शान्ता नेपालीको नृत्य, सूर्यदेवको द्वन्द्व तथा भीम रानाको छायांकन हेर्न पाइन्छ।


• निर्माता सुशील पोखरेलले चलचित्र 'जय शिव शंकर'को छायांकन सकेका छन्। बनिष शाहद्वारा सम्पादन भैरहेको उक्त चलचित्रमा राजेश हमाल, निखिल उप्रेती र विराज भट्टलाई एकसाथ हेर्न पाइनेछ। झन्डै ६२ लाख रुपैयाँ लगानी गरिएको चलचित्र 'जय शिव शंकर'मा राजेश ढुंगानालगायत मिथिला शर्मा, सञ्चिता लुइँटेल, रेजिना उप्रेती, पुजना प्रधान, उमेश खड्का आदि कलाकारको मुख्य भूमिका छ। संयुक्त परिवारमा आधारित यो चलचित्रलाई एक्सन चलचित्र पनि भनिएको छ। तीजको बेला सार्वजनिक हुन सक्ने यो चलचित्रमा शम्भु सापकोटाको छायांकन, हरि लम्सालको संगीत, हिमाल केसीको द्वन्द्व र वसन्त श्रेष्ठको नृत्य हेर्न पाइन्छ। चलचित्रका निर्देशक राजेन्द्र उप्रेती हुन्।

• सुरेशदर्पण पोखरेलले निर्देशन गरेको चलचित्र 'निशाना'को प्रचार-प्रसारका लागि एउटा म्युजिक भिडियो तयार पारिएको छ। चलचित्रका देखिने सबै मुख्य कलाकार राजेश हमाल, दिलीप रायमाझी, निखिल उप्रेती, सुनिल दत्त, रेजिना उप्रेती, नन्दिता केसी, स्नेहा शर्मा, जयकिशन बस्नेत, रवि डंगोल, निर्मल शर्मा आदिलाई उक्त भिडियोमा अभिनय गराइएको छ। म्युजिक भिडियोमा नायकद्वय निखिल र दिलीपले हिपहप नृत्य गरेका छन्। हङकङमा प्रथम प्रदर्शन गरेरपछि सार्वजनिक प्रदर्शन थालिने उक्त चलचित्रको निर्माता नायक निखिल उप्रेती र निखिल श्रेष्ठ हुन्। सुरेश अधिकारीको संगीत, वसन्त श्रेष्ठको नृत्य, हिमाल केसीको द्वन्द्व, भीम राना तथा डिक खड्काको छायांकन रहेको यो चलचित्रलाई निर्देशक पोखरेलले 'कमेडी एक्सन' चलचित्र भनेका छन्।

• पन्ध्र वर्षअघि चितवनको दासढुंगा भन्ने स्थानमा भएको जीप दुर्घटनमा परी निधन भएका एमालेका तत्कालीन महासचिव मदन भण्डारी तथा संगठन विभाग प्रमुख जीवराज आश्रितको निधनपछिको रहस्यलाई निर्देशक मनोज पण्डितले वृत्तचित्र मार्फत देखाउने भएका छन्। 'दासढुंगा' शीर्षकको उक्त वृतचित्रको निर्माण अपिल विष्टले गर्दैछन्। वृत्तचित्रमा रंगकर्मी अनुप बरालले मदन भण्डारीको अभिनय गर्दैछन्। वृत्तचित्रको अनुसन्धान किरण पौड्यालले गर्दैछन्।



• थुप्रै चलचित्रमा सहायक निर्देशकका रूपमा काम गरिसकेका महेश बराल पहिलो पटक सोलो निर्देशक बनेका छन्। बरालले निर्देशन गरेको पहिलो चलचित्र 'छायाँ' को छायांकन हालै सम्पन्न भएको छ। हाल सम्पादनमा रहेको यो चलचित्रका निर्माता हरि ढकाल हुन्। दिलीप रायमाझी, उषा पौडेल, सौजन्य सुब्बा, गणेश उप्रेती आदि कलाकारले यो चलचित्रमा प्रमुख भूमिका निर्वाह गरेका छन्।



# यस्तो रह्यो एउटा चलचित्र समारोह

साप्ताहिक समाचार

काठमाडौं– सोमबार साँझ चाबहिलस्थित गोपीकृष्ण चलचित्र भवनको वातावरण अन्य दिनको तुलनामा भिन्न थियो। आकर्षक शैलीमा तयार पारिएको प्रवेशद्वार, प्रवेशद्वारसँगै बिछ्याइएको रेड कार्पेट, परिसरमा नेपाली चलचित्रका कलाकारहरूको बाक्लो उपस्थिति अनि चलचित्र भवनको भित्तामा टाँगिएका नेपालका २५ जना नायिकाको आकर्षक तस्बिरले त्यहाँको वातावरण रोचक बनेको थियो। चलचित्र भवनको वातावरण कुनै ठूलै चलिचत्र महोत्सवको भन्दा कम थिएन।

कान्तिपुर टेलिभिजनकी कार्यक्रम प्रस्तोता मानवी ढकाल रेड कार्पेटमार्फत कार्यक्रमस्थलसम्म पुगेका चलचित्रकर्मीसँग भलाकुसारी गरिरहेकी देखिन्थिन् भने अन्य टेलिभिजनकर्मीहरू पनि हातमा माइक लिएर चलचित्र क्षेत्रका सेलिब्रिटीहरूसँग अन्तर्वार्ता लिन व्यस्त देखिन्थे। कार्यक्रमका आयोजक चलचित्र निर्माता उद्धव पौडेल कलाकार, पत्रकारलगायत अन्य पाहुनाहरूलाई स्वागत गर्न सक्रिय देखिन्थे। भुवन केसीदेखि भुवन चन्दसम्मका कलाकारको उपस्थितिले कार्यक्रम सफल हुने कुरामा आयोजकहरू ढुक्क थिए भने ठूलै जनसमुदायबीच रेड कार्पेटमा क्याटवाक गर्दै कार्यक्रमस्थलमा प्रवेश गर्दा नेपाली कलाकारहरूले पनि आफूलाई सम्मानित भएको अनुभव गरेका थिए।

चलचित्र क्षेत्रका ती कलाकारहरू त्यहाँ एकसाथ तीनवटा समारोह मनाउन भेला भएका थिए। गोपीकृष्ण मुभिजले निर्माण गरेको चलचित्र 'पर्खिबसें' को सय दिन, चलचित्रसम्बन्धी गतिविधिहरू मात्र प्रसारण गर्ने नेपालकै पहिलो रेडियो फिल्मी एफ.एम. १०१.८ को उद्घाटन तथा नयाँ चलचित्र 'सुन्दर मेरो नाम' को प्रथम प्रदर्शनको साइत एकै पटक जुराइएको उक्त कार्यक्रम आयोजनाका दृष्टिकोणले आकर्षक रहे पनि प्राविधिक पक्ष चुस्त नहुँदा कार्यक्रम अनावश्यक रूपमा लम्बिएको थियो।


एफ.एम.को उद्घाटन गर्न निम्त्याइएका २५ जना नायिकामध्ये १४ जना मात्र त्यहाँ उपस्थित थिए। भुवन चन्द, बसुन्धुरा भुसाल, मौसमी मल्ल, मेलिना मानन्धरजस्ता पुराना नायिकादेखि गरिमा पन्त, रञ्जना भट्टराई, युना उप्रेतीजस्ता नयाँ नायिकाहरूसमेत त्यहाँ उपस्थित थिए, तर रेखा थापा, ऋचा घिमिरे, निरुता सिंह, झरना थापाजस्ता केही स्थापित नायिका भने कार्यक्रममा देखिएनन्। उपस्थित नायिकाहरूले सामूहिक रूपमा एफ.एम.उद्घाटन गर्नुअघि युना उप्रेती तथा राजबल्लभ कोइरालासहितको समूहले प्रस्तुत गरेको नृत्य आकर्षक रह्यो, साथै एफएमका रेडियो जक्कीहरूले कलिउड, बलिउड तथा हलिउडको संस्कृति झल्कने नृत्यले पनि दर्शकहरूको मन जित्यो।

कार्यक्रममा चलचित्र 'पर्खिबसें'का कलाकारहरूलाई ट्रफी प्रदान गरिएको थियो, तर ट्रफी पाउनेभन्दा ट्रफी वितरण गर्नेहरूको संख्या बढी भएकाले कलाकारहरूले पाउने ट्रफी एक–अर्कामा साटासाट भएको थियो। कार्यक्रमको अन्त्यमा चलचित्र 'सुन्दर मेरो नाम' को प्रथम प्रदर्शन गरिएको थियो।

# फ्रेन्डसिप डेमा पार्टी

साप्ताहिक समाचार

काठमाडौं– फेब्रुअरी १४ मा भ्यालेन्टाइन डे मनाउने एउटा पुस्ता गत आइतबार अर्को एउटा उत्सव मनाइरहेको थियो। हरेक वर्ष अगस्ट ३ का दिन मनाइने 'फ्रेन्डसिप डे' राजधानीमा पनि मनाइएको छ। फ्रेन्डसिप डेका दिन राजधानीका प्लस टु कलेजहरूमा बिहानैदेखि एक-अर्कालाई अँगालो मारेर शुभकामना दिनेहरूको भीड देखिन्थ्यो भने राति दरबारमार्गस्थित इन्सोमनिया लञ्ज एन्ड बारमा आयोजित 'फ्रेन्डसिप बास' मा पाश्चात्य संगीतमा नृत्य गरेर एक-अर्कालाई शुभकामना दिनेहरूको संख्या पनि उल्लेख्य थियो।



युवा-युवतीलाई लक्षित गर्दै ई-स्क्वारले आयोजना गरेको हाई भोल्टेज डान्सपार्टीमा धक फुकाएर नृत्य गर्नेहरू 'ह्यापी फ्रेन्डसिप डे' भन्दै अंकमाल गरिरहेका देखिन्थे। बाहिर जति नै गर्मी भए पनि लञ्चबारको डान्सफ्लोरमा त्यसको कुनै प्रभाव परेको थिएन। कार्यक्रमको निर्धारित समय साँझ ६:३० तोकिएको थियो, तर रात छिप्पिसकेपछि मात्र डान्स फ्लोरमा घुइँचो लागेको थियो। पार्टी वेयरमा सजिएका अधिकांश युवती आफ्ना 'बेस्ट फ्रेन्ड' सँग खुसी साटिरहेको बेला ननस्टप संगीत बजाइरहेका डिजे नीरज पनि दंग देखिन्थे। नीरजले रक एन रोल, हिपहप तथा अन्य अत्याधुनिक संगीत बजाएर नृत्यका पारखीहरूको मन जितेका थिए। फ्रेन्डसिप डेमा डान्स पार्टी आयोजित गरिएको यो पहिलो अवसर भएको आयोजकहरूको दावी थियो।

# प्रविधिकहरूको मनोनयन




सुव्रत आचार्य

काठमाडौं- केही समयअघि चलचित्र विकास बोर्डले चलचित्र पुरस्कार बाँड्यो। माओवादी नजिकका चलचित्रकर्मीलाई बाँडिएको उक्त पुरस्कारलाई 'राष्ट्रिय पुरस्कार' पनि भनियो, अब चलचित्र क्षेत्रमा सबैभन्दा कम पारिश्रमिक लिने तर बढी खटिनेहरू अर्थात् प्राविधिकहरूको संगठन नेपाल चलचित्र प्रविधिक संघले चलचित्र पुरस्कार वितरण गर्ने भएको छ।

साउन महिनामा चलचित्र महोत्सव गरेर निर्णायकहरूलाई चलचित्र देखाएपछि गत साता मात्रै संघले पुरस्कार वितरण कार्यक्रमका लागि विभिन्न विधामा मनोनयन सूची सार्वजनिक गरेको छ। संघले यही भदौ महिनामा आयोजना हुने 'दोस्रो चलचित्र महोत्सव तथा फिल्म एवार्ड ०६५' अन्तर्गत ३० वटा विधामा पुरस्कार प्रदान गर्दैछ। घोषणा गरिएको मनोनयन सूचीमा ३० वटा चलचित्र प्रतिस्पर्धी भए पनि 'किस्मत', 'डर', 'देवरबाबु' र 'दाइको ससुराली'बाट धेरै कलाकर्मी मनोनयनमा परेका छन्।

पार्श्वगायिका विधामा गायिका अन्जु पन्त पाँचमध्ये तीनवटाबाट मनोनयन भएकी छिन्। नायकमा राजेश हमाल दुईवटा चलचित्र 'पालेदाइ' र 'मर्यादा'बाट मनोनयनमा परेका छन्। हमाल चरित्र अभिनेताको विधामा पनि चलचित्र 'भाग्यविधाता'बाट मनोनयनमा परेका छन्। द्वन्द्व निर्देशक विधामा एनबी महर्जन 'डर' र 'युद्ध'बाट मनोनयनमा परेका छन् भने उनका चेला हिमाल केसी 'फैसला' र 'राम-बलराम'बाट मनोनयनमा परेका छन्।

हास्यकलाकार जितु नेपाल, दीपकराज गिरी, उत्तम केसी र रवि डंगोलसँगै नायक भुवन केसी पनि हास्य अभिनेता विधामा मनोनयनमा परेका छन् भने हास्यगायक तथा कलाकारका रूपबाट चिनिएका प्रकाश ओझा नवनायक विधामा चलचित्र 'दाइको ससुराली'बाट मनोनयनमा परेका छन्। नायक रमित ढुंगाना दुईवटा चलचित्र 'डर' र 'घातक'बाट खलनायक विधामा मनोनीत भएका छन्। पटकथा र संवादका दुई अलग विधामा विकास आचार्य क्रमशः दुई र तीनवटा चलचित्रबाट मनोनयनमा परेका छन्।

नृत्य-निर्देशक विधामा नृत्य निर्देशकद्वय वसन्त श्रेष्ठ र शान्ता नेपाली मात्र मनोनीत भएका छन्। उक्त विधाको मनोनयन सूची हेर्दा लाग्छ, नेपाली चलचित्र उद्योगमा यी दुईको मात्र हालीमुहाली छ।

पुरस्कारका लागि निर्णायक मण्डलीमा अभिनयतर्फबाट अभिनेत्री गौरी मल्ल र अभिनेता सुनील थापा, छायांकनबाट जावेद शाह र दीपक ढकाल, सम्पादनबाट नरेन्द्र खड्का, लेखनबाट मोहन निरौला, पत्रकारिताबाट विजयरत्न तुलाधर तथा निर्माताबाट प्रदीप उदय र विशेष श्रेष्ठ सहभागी छन्।

## मनोनयनमा पर्नेहरू

| | | |
|---|---|---|
| चलचित्र | : | किस्मत, डर, तकदीर, देवरबाबु तथा दाइको ससुराली |
| निर्देशक | : | उज्ज्वल घिमिरे (किस्मत), दीपक श्रेष्ठ (तकदिर), प्रदीप श्रेष्ठ (डर), ज्ञानेन्द्र देउजा (देवरबाबु) तथा दिनेश डीसी (दाइको ससुराली) |
| अभिनेता | : | राजेश हमाल (पालेदाइ), दिलीप रायमाझी (तकदीर), राजेश हमाल (मर्यादा), विराज भट्ट (बुबाआमा) तथा निखिल उप्रेती (युद्ध) |
| अभिनेत्री | : | झरना थापा (तकदीर), निरुता सिंह (डर), रेखा थापा (किस्मत) तृप्ति नाडकर (त्रिशूल) तथा सञ्चिता लुइँटेल (दाइको ससुराली) |
| कथा | : | अहंकार (धनमाया ढकाल), दाइको ससुराली (चिरञ्जिवी बस्नेत), तकदीर (झरना थापा), बुबाआमा (मुरारी पोखरेल) तथा त्रिशूल (दीपक श्रेष्ठ) |
| पटकथा | : | किस्मत (विकास आचार्य), दाइको ससुराली (विकास आचार्य), तकदीर (सुरज सुब्बा), दोबाटो (ओम प्रतीक) तथा डर (सुरज सुब्बा) |
| संवाद | : | किस्मत (विकास आचार्य), दाइको ससुराली (विकास आचार्य), डर (सुरज सुब्बा), राम-बलराम (विकास आचार्य) तथा तकदीर (सुरज सुब्बा) |
| द्वन्द्व निर्देशक | : | फैसला (हिमाल केसी), डर (एनबी महर्जन), राम बलराम (हिमाल केसी), देवरबाबु (राजेन्द्र खड्गी) तथा युद्ध (एनबी महर्जन) |
| नृत्य निर्देशक | : | वसन्त श्रेष्ठ (तकदीर), शान्ता नेपाली (किस्मत), वसन्त श्रेष्ठ (देवरबाबु), शान्ता नेपाली (फैसला) तथा शान्ता नेपाली (बुवा आमा) |
| सम्पादन | : | किस्मत (तारा थापा किम्भे), त्रिशूल (रजनीनाथ पन्त), डर (तारा थापा किम्भे), मर्यादा (बनिष शाह) तथा दाइको ससुराली (तारा थापा किम्भे) |
| गीतकार | : | एउटा फूल-दयाराम पाण्डे (डर), फुलाएर फूलको-दयाराम दाहाल (पालेदाइ), साथी हो- सुरेश अधिकारी (पर्खिबसें), न छ समाउने हाँगो-प्रमोद ढुंगाना (नयाँ नेपाल) तथा नेपाल हो घर हाम्रो-नवराज लम्साल (नेपाल) |
| गायिका | : | दिल यो मेरो-किस्मत (अञ्जु पन्त), मै मोरीलाई-तकदीर (साधना सरगम), सुस्तरी सुस्तरी-डर (अञ्जु पन्त), भुनभुन भमरा-सपूत (अञ्जु पन्त) तथा रोएर आँसु-माया नगर (सपनाश्री) |
| गायक | : | साथी हो-पर्खिबसें(दीपक लिम्बु), लुकीलुकी-माया नगर (आनन्द कार्की), नेपाल हो घर हाम्रो-नेपाल (यम बराल), एउटा फूल- डर (दीपक लिम्बू) तथा फूलैफूलको थुँगा-पालेदाइ (कर्णदास) |
| छायांकार | : | किस्मत-शम्भु सापकोटा, देवरबाबु-दीर्घ गुरुङ, डर-राजु थापा, तकदीर-राजु थापा तथा हामी साथीभाइ-राजु थापा |
| बालकलाकार | : | सम्यता खनाल (त्रिशूल), इशान रावत (दाइको ससुराली), इशान रावत (युद्ध), रञ्जन फुयाँल (दोबाटो) तथा विज्वल गिरी (रामबलराम) |
| हास्यकलाकार | : | किस्मत-जितु नेपाल, नेपाल-दीपकराज गिरी, चोर-सिपाही-भुवन केसी, राम-बलराम-उत्तम केसी तथा पालेदाइ-रवि डंगोल |
| खलनायक | : | रमित ढुंगाना-डर, लक्ष्मी श्रेष्ठ-रामबलराम, सुनीलदत्त पाण्डे-रामबलराम, सुशील पोखरेल-त्रिशूल तथा रमित ढुंगाना-घातक |
| नवअभिनेत्री | : | रञ्जना शर्मा-मर्यादा, युना उप्रेती-पर्खिबसैं, प्रेरणा शर्मा-अहंकार, आशा पौडेल-दाइको ससुराली तथा कञ्चन रेग्मी-नयाँ नेपाल |
| नवअभिनेता | : | ध्रुव कोइराला-अहंकार, राजवल्लभ कोइराला-पर्खिबसैं, आर्यन सिग्देल-किस्मत, राज तिमल्सिना-फैसला तथा प्रकाश ओझा-दाइको ससुराली |
| नवनिर्देशक | : | दिनेश कार्की-अहंकार, श्याम भट्टराई-मर्यादा, दीपक खाँड-माया नगर, राज शाक्य-रघुवीर तथा सुविन श्रेष्ठ-प्रेमयुद्ध |
| ध्वनि | : | आवाज-सुनयमान श्रेष्ठ, किस्मत-मुकेश श्रेष्ठ, हामी साथीभाइ-मुकेश शाह, तकदीर- सुनयमान श्रेष्ठ/मुकेश शाह तथा डर-सुनयमान श्रेष्ठ |
| पार्श्व संगीत | : | पर्खि बसैं-अनिल गौतम/मनोज राजभण्डारी, अहंकार-दीपक थापा, किस्मत- सम्राट् थापा, दाइको ससुराली-मनोहर सुनाम तथा हामी साथीभाइ-सम्राट् थापा |
| संगीतकार | : | किस्मत-महेश खड्का, डर-सुरेश अधिकारी, तकदीर-महेश खड्का, पालेदाइ- शम्भुजित बास्कोटा तथा पर्खिबसैं-सुरेश अधिकारी |
| श्रृंगार | : | किस्मत-सरोज पाण्डे, चोरसिपाही-रवि केसी, डर-साम्भा डी पाटिल तथा पालेदाइ-साम्भा डी पाटिल |
| ड्रेस डिजाइनर | : | किस्मत-संगीता श्रेष्ठ, फैसला-बिपना थापा, पर्खिबसैं-नीरा राणा, देवरबाबु- विपना थापा तथा डर-तरुणिका महतो |
| कला निर्देशक | : | आवाज-कुमार श्रेष्ठ, किस्मत-उद्धवराज भट्टराई, चोरसिपाही-पासाङ टी शेर्पा, डर-पासाङ टी शेर्पा तथा पर्खिबसें-विजय चौधरी/सिंगे लामा |
| चरित्र अभिनेत्री | : | सिर्जना बस्नेत-नेपाल, मिथिला शर्मा-युद्ध, तृप्ति नाडकर-देवरबाबु, हिउँवाला गौतम-बुबाआमा तथा सुशीला रायमाझी-नयाँ नेपाल |
| चरित्र अभिनेता | : | हरिहर शर्मा-किस्मत, गणेश उप्रेती-बुबाआमा, केशव भट्टराई-तकदीर, नीराजन सिग्देल-डर तथा राजेश हमाल-भाग्यविधाता |
| सहअभिनेत्री | : | गरिमा पन्त-भाग्यविधाता, नन्दिता केसी-युद्ध, बिपना थापा-हामी साथीभाइ, उषा पौडेल-पालेदाइ तथा अरुणिमा लम्साल-मर्यादा |
| सहअभिनेता | : | शिव श्रेष्ठ-युद्ध, निखिल उप्रेती-पर्खिबसैं, दिलीप रायमाझी-पालेदाइ, दिलीप रायमाझी-बुबाआमा तथा सुनीलदत्त पाण्डे-हामी साथीभाइ |

## चलचित्र



### सुन्दर मेरो नाम

सोमबार चलचित्र 'सुन्दर मेरो नाम'को प्रथम प्रदर्शन राजधानीको गोपीकृष्ण मुभिजमा सम्पन्न भयो। निर्देशक स्व. प्रकाश थापाका सुपुत्र विजय थापाको निर्देशनमा उद्धव पौडेलले निर्माण गरेको यो चलचित्रमा हास्यकलाकार दीपकराज गिरीले नायकको भूमिका निर्वाह गरेका छन्। चलचित्रको शीर्षक एवं प्रचार सामग्रीहरू हेर्दा हास्यप्रधानजस्तो लागे पनि यसमा एक जना कुरूप मानिसको जीवनलाई चित्रण गरिएएको छ, जसले गर्दा चलचित्र सन्देशयुक्त एवं भावुक बनेको छ। चलचित्रमा रमित ढुंगाना पनि छन्। तीतो सत्यबाट चर्चामा आएका दीपकराज गिरीलाई हेर्न आउने दर्शकका लागि चलचित्रमा उनको उपस्थिति उदेकलाग्दो बन्न सक्छ। नायिका गरिमा पन्त दोहोरो भूमिकामा छिन्। उनलाई पनि सहरिया युवतीको भूमिकाभन्दा दुःख पाएकी अन्धी युवतीको भूमिका सुहाएको छ। गीतहरू केही राम्रा भए पनि नृत्य निर्देशन फितलो छ। डिस्को गीत कुनै कोठामा खिचिएझैं देखिएको छ। कुप्रो, दाँत उछिट्टिएको, हात-खुट्टा बाँङ्गो भएको नायकका रूपमा दीपकको अभिनय राम्रो छ। छोटो भूमिकामा देखिएकी दीपाश्रीलाई सुहाएकै छ। रमेश बुढाथोकी, रमा थपलिया, देशभक्त खनाल आदि कलाकारको भूमिका चरित्र सुहाउँदो छ। सुरुवातका केही दृश्य पट्यारलाग्दा भएकाले पटकथामा मेहनत नपुगेको अनुभूति हुन्छ।

### सिंह इज किङ




बलिउडमा यो शुक्रबारदेखि सार्वजनिक प्रदर्शन प्रारम्भ हुने चलचित्र 'सिंह इज किङ' मा अक्षयकुमार तथा क्याटरिना कैफको रोमान्टिक जोडी देखन पाइनेछ। पछिल्लो समयमा यो जोडीले अभिनय गरेका केही चलचित्र दर्शकहरूले रुचाएपछि निर्देशकहरू अक्षय-क्याटरिनाको जोडीलाई निरन्तरता दिइरहेका छन्। अनिज बाज्मीले निर्देशन गरेको यो चलचित्र मूलतः कमेडीले भरिपूर्ण छ। यसबाहेक अक्षयकुमार नै नायक भएपछि एक्सनका दृश्य समावेश हुनु अस्वाभाविक होइन। नायक-नायिकाबीचको रोमान्टिक दृश्यका कारण पनि यो चलचित्र प्रदर्शनपूर्व नै चर्चामा छ। विपुल शाहले निर्माण गर्न लागेको यो चलचित्रमा अक्षय तथा क्याटरिनाका अतिरिक्त नेहा धुपिया, जावेद जाफरी, रणवीर सौरी, ओम पुरी, किरण खेर, सोनु सुद आदि कलाकारको पनि प्रमुख भूमिका छ। चलचित्रमा असत्यमाथि सत्यको विजय भएको कथा प्रस्तुत गरिएको छ। अपराधीहरूको एउटा समूहलाई एक जना साधारण व्यक्तिले सही मार्गमा ल्याउन गरेको प्रयासको वरिपरि चलचित्रको कथा घुमेको छ। चलचित्रमा प्रितमको सुमधुर संगीत सुन्न सकिन्छ। भारतका अतिरिक्त अस्ट्रेलिया तथा इजिप्टमा छायांकन गरिएको यो चलचित्रको एउटा गीत नायक अक्षयकुमारकै स्वरमा रेकर्ड भएको छ।

### ट्रपिक थन्डर

हलिउडमा पनि हास्यप्रधान चलचित्रको लहर प्रारम्भ भएको छ। हप्तैपिच्छे नयाँ-नयाँ चलचित्र प्रदर्शन भैरहने हलिउडमा यो साता प्रदर्शन हुन लागेको चलचित्र 'ट्रपिक थन्डर' लाई कमेडी चलचित्रको श्रेणीमा राखिएको छ। चलचित्रको कथा नै हास्यपरक छ। चलचित्रभित्र चलचित्र निर्माणसम्बन्धी कथा समेटिएको छ। स्वावलम्बी कलाकारहरूको एउटा समूहले ज्यादै महँगो युद्धकालीन चलचित्र निर्माण गर्ने निर्णय गर्छन्, जसको छायांकन पनि प्रारम्भ हुन्छ, तर चलचित्रको निर्माण कार्य अघि बढ्दै जाँदा यसको बजेट निर्माताले थेग्नै नसक्ने गरी बढ्छ। निर्माताले चलचित्रको निर्माण स्थगित भएको घोषणा गर्छन्। यद्यपि निर्देशक चलचित्रको निर्माण स्थगित गर्ने पक्षमा छैनन्। निर्देशक चलचित्रको युनिटलाई लिएर पूर्वी एसियाको एउटा जंगलतर्फ लाग्छन्, तर त्यहाँ पुगेपछि पनि यो चलचित्र युनिटले सुख भने पाउँदैन। ड्रिमवर्क एसकेजीले वितरण गर्ने यो चलचित्रमा बेन स्टिलर, ज्याक ब्ल्याक, रोबर्ट डोउनी जुनियर, जे बोरुचेल, निक नोल्ट आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। बेन स्टिलर यो चलचित्रका निर्देशक हुन्।

## सानो पर्दा



**टेलिभिजनको** अटो सो 'लाइसेन्स टु ड्राइभ'को निर्माणमा इन्धनको समस्याले अप्ठेरोमा पारेको उक्त कार्यक्रमका निर्माता तथा सञ्चालक आशिष प्रसाईंले साप्ताहिकलाई बताए। मोटर तथा मोटरसाइकलका बारेमा जानकारी दिने र बजारमा आएका नयाँ किसिमका अटोमोबाइल्सका बारेमा जानकारी प्रदान गरिने उक्त कार्यक्रमको छायांकनका लागि सवारी साधन कुदाउन इन्धनको अभावले गाह्रो परेको प्रसाईं बताउँछन्। यद्यपि कार्यक्रमलाई रोचक बनाउन लागिपरेको उनको दाबी छ। सम्भवतः नेपाली टेलिभिजन च्यानलमा एक मात्र अटोमोबाइल्स सोका रूपमा कान्तिपुर टेलिभिजनबाट हरेक बिहीबार साँझ साढे छ बजे प्रसारण हुने उक्त कार्यक्रम मोटर तथा मोटरसाइकल चालक, सौकिन आदिका लागि उपयोगी रहँदै आएको छ।

**नेपाल** टेलिभिजन दुईमा चलचित्र क्षेत्रका रमाइला खबरहरूलाई 'गसिप'का रूपमा प्रस्तुत हुने कार्यक्रम 'कलिउड'को १८ भाग प्रसारण भैसकेको छ। यो कार्यक्रमले गसिपको क्षेत्र मानिने चलचित्र क्षेत्रका गतिविधिलाई समेटेको छ। सन्तोष रिमालको निर्माण एवं सञ्चालनमा यो कार्यक्रम हरेक सोमबार सवा नौ बजे प्रसारण हुने गरेको छ।

**नेपाल** टेलिभिजनबाट प्रत्येक बुधबार साँझ प्रसारण भैरहेको टेलिश्रृंखला 'अदृश्य घाउ' को प्रसारण टुंगिने भएको छ। डा. घनश्याम खतिवडाको कथा तथा निर्देशनमा करिब एक वर्षअघिदेखि प्रसारण भैरहेको यो श्रृखलाको श्रृंखलाको अन्तिम भाग आगामी भदौ ११ गते प्रसारण हुने जानकारी टेलिश्रृंखलाका श्रृंखला निर्देशक समन अधिकारीले दिएका छन्। जम्मा ४० भाग लामो यो श्रृंखलाको अन्त्य दर्शकहरूका लागि अनौठो हुने अनुमान गरिएको छ। श्रृखलामा गणेश उप्रेती, सौजन्य सुब्बा, दीपाश्री निरौला, दिनेश शर्मा, ओम प्रतीक, बिमी गुरुङ, ज्योत्सना भट्ट, सोभिता सिम्खडा तथा डा. खतिवडाले प्रमुख भूमिका निर्वाह गरेका छन्।

**कान्तिपुर** टेलिभिजनमा 'रजतपट' कार्यक्रम सञ्चालन गरिरहेका प्रकाश सुवेदीले यही च्यानलका लागि अर्को एउटा कार्यक्रम तयार पारेका छन्। प्रकाशले आफ्नो नयाँ कार्यक्रमको नाम 'ग्ल्यामर गफ' राखेका छन्। चलचित्र क्षेत्रका लोकप्रिय कलाकारहरूसँगको अन्तरंग कुराकानीमा उक्त कार्यक्रम तयार हुनेछ। आगामी दुई साताभित्रमा प्रसारण प्रारम्भ भैसक्ने उक्त कार्यक्रमका लागि नायिकाद्वय रेखा थापा तथा रेजिना उप्रेतीसँग कार्यक्रम सञ्चालक सुवेदीले ग्ल्यामर गफ गरिसकेको बताएका छन्।



# प्रतिस्पर्धामा डिजाइनहरू

**साप्ताहिक समाचार**

काठमाडौं- फेसन सो, मोडल कन्टेस्ट एवं ब्युटी पेजेन्टहरूमा क्याटवाक गर्ने मोडलहरूलाई आफ्ना सिर्जनाले सजाउने फेसन डिजाइनहरू गत शनिबार सहन्शाह होटलमा सजाएको र्‍याम्पमाथि स्वयं आफैं क्याटवाक गरिरहेका थिए। एक-अर्काबीच प्रतिस्पर्धा गरिरहेका ती डिजाइनरहरू थिए- आईईसी डिजाइनिङ इन्टिस्च्युटका। आईईसीमा फेसन डिजाइनिङ अध्ययन गरिरहेका १६ जना महिला तथा ११ जना पुरुष डिजाइनको सहभागितामा सञ्चालित मिस्टर एन्ड मिस आईईसी शीर्षकको उक्त प्रतिस्पर्धा मोडल कन्टेस्ट एवं ब्युटी पेजेन्टकै शैलीमा सञ्चालन गरिएको थियो।

परिचयात्मक चरणमा सहभागी महिला प्रतिस्पर्धीहरू विभिन्न डिजाइन एवं रंगको साडीमा प्रस्तुत भएका थिए भने पुरुष प्रतिस्पर्धीहरूले पाइन्ट, सर्ट तथा सर्टमाथि वेस्ट कोट लगाएर क्याटवाक गरेका थिए। त्यसपछि क्रिएटिभ ड्रेस राउन्डमा प्रतिस्पर्धीहरू आ-आफ्नो सिर्जनामा सजिएर र्‍याम्पमा उत्रिएका थिए। प्रश्नोत्तर हुँदै अन्तिम निर्णायक प्रश्नको सामना गरेपछि विजेताको छनौट गरिएको थियो, जसमा ओमेश बी.एस.थापाले मिस्टर आईईसीको तथा पूर्णिमा प्रधानाङ्गले मिस आईईसीको उपाधि जितिन्।

बेस्ट पर्सनालिटीको एवार्डसमेत जितेकी पूर्णिमालाई मिस नेपाल फस्ट रनरअप-२००५ शोभना श्रेष्ठले विजेताको ताज पहिर्‍याएदिएकी थिइन्। २७ जना प्रतिस्पर्धीमध्ये सुष्मा लामाले क्रिएटिभ डिजाइनको एवार्ड जितिन्। मिस्टर एन्ड मिस आईईसीसँगै स्टार अफ द इभिनिङ शीर्षकअन्तर्गत आफ्नो नृत्य प्रतिभा प्रस्तुत गर्ने प्रतिस्पर्धीहरूमध्ये भने 'माइतीघर...' गीतमा आकर्षक नृत्य प्रस्तुत गरेर प्रतिज्ञा लामा विजेता छनौट भइन्।

पहिलो विश्व

## ब्रा पेन्टी नरुचाउने महिला



महिलाको भित्री पोसाकले अधिकांश पुरुषका लागि कामेत्तेजना जगाउने काम गर्छ। अझ महिलाले आफ्नो भित्री पोसाक (ब्रा/पेन्टी) देखिने गरेर लगाइन् भने पुरुषहरूको मात्र नभएर कहिलेकाहीं महिलाको समेत ध्यान तानिरहेको हुन्छ। महिलाहरूप्रति आकर्षण जगाउने ब्रा र पेन्टीको प्रयोग ब्रिटिस महिलाहरूले कत्तिको गर्छन् भनेर हालै गरिएको एक सर्वेक्षणमा के पाइयो भने प्रत्येक १० जना ब्रिटिस महिलामा ८ जनाले ब्रा वा पेन्टि नलगाउने बताए। उनीहरूले ब्रा र पेन्टी लगाउँदा आफूलाई अप्ठ्यारो महसुस हुने बताएका छन्। ब्रा र पेन्टी लगाउन रुचाउने १८ देखि २४ वर्षका युवतीहरूमध्ये प्रत्येक दुई जनामा एक जनाले ब्रा र पेन्टी लगाउँदा आफूमा आत्मविश्वास बढ्ने बताए।




सर्वेक्षणमा सहभागी महिलाहरूमा केही चर्चित कलाकार पनि थिए। नायिका डेनिस भ्यानका अनुसार बाहिर देखिने डरले भित्री पोसाक नलगाउने महिलाहरू पनि छन् भने अधबैंसे महिलाहरू आफ्नो शरीर भद्दा नदेखियोस् भनेर यसलाई लगाउन चाहने उनको अनुभव छ। सर्वेक्षणमा सहभागी आधा महिलाले आफूले भित्री पोसाक शरीर कसिलो देखियोस् भनेर लगाउने गरेको बताए भने प्रत्येक चार जनामा एकले कस्मेटिक सर्जरी गर्न रुचाउने बताए। सोही अनुपातमा महिलाहरूले आफू कुनै यात्रामा निस्किँदा न्यूनतम रूपमा पनि तीन जोर भित्री पोसाक आफ्नो साथमा लाने बताए। डेल मोन्टेले गरेको यो सर्वेक्षणमा एक हजार युवती तथा महिलाले सहभागिता जनाएका थिए।



## मारुनीलाई अलग्गै शौचालय

थाइल्यान्डको उत्तर-पूर्वमा स्थित काम्पाङ माध्यमिक विद्यालयमा अध्ययनरत मारुनी (महिलाको पोसाक लगाएर महिला हाउभाउ गर्ने पुरुष) विद्यार्थीहरूले गरेको अलग्गै शौचालयको माग हालै पूरा भएको छ। महिलाको शौचालय जान पुरुषको अंगले बाधा गर्ने र पुरुषको शौचालय जान महिलाको हाउभाउले गर्दा अप्ठ्यारो हुने उनीहरूको दाबी थियो, तर यो विद्यालयमा बढ्दो मारुनीको संख्याका कारण अहिले विद्यालयहरूले उनीहरूका लागि अलग्गै शौचालय स्थापना गरी शौचालयको चिह्नमा आधा महिला-आधा पुरुष राखिदिएको छ। विद्यालयको पहिलो प्रार्थनापछि शौचालय जाने क्रममा उनीहरूले कुन शौचालय प्रयोग गर्ने भन्ने द्विविधा वर्षौंदेखि रहँदै आएको थियो। विद्यालयका प्रधानाध्यापक सितिसाक सुमोन्याका अनुसार उनको विद्यालयमा मारुनीहरूको संख्या वार्षिक रूपमा १० देखि २० प्रतिशत बढी छ।



### अन्त्यमा...



शुक्रबार बेइजिङमा २९ औं ओलम्पिक प्रतियोगिता प्रारम्भ हुने दिनको मौका पारेर मात्र नभै आज सन् २००८/०८/०८ पनि हो। ०८/०८/०८ को दिनलाई राम्रो अवसर मानेर बेइजिङमा करिब ९ हजार जोडीले सामूहिक विवाह गर्दैछन्।

चीनमा ८ अंकलाई शुभ मानिन्छ र यो दिनमा कुनै नयाँ काम गर्दा राम्रो हुने आशा गरिन्छ। यस्तै किसिमको विवाह गत वर्ष सन् २००७/०७/०७ मा अमेरिकामा पनि भएको थियो।

## एउटै सपना, एउटै संसार

# इतिहासकै भव्य ओलम्पिक

**पृष्ठ १ बाट जारी**

पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। ३ सय २ स्वर्ण पदकमध्ये पुरुष खेलाडीहरूले १ सय ६५ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन् भने महिला खेलाडीहरूले १ सय २७ स्वर्णका लागि तथा महिला-पुरुष दुवै दुवै मिलेर १० स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन्।

ओलम्पिकको समाचार संकलन एवं सम्प्रेषण गर्न ५ हजार ६ सय पत्रकार ओलम्पिक स्थलमा भेला भएका छन् भने अधिकार प्राप्त समाचार प्रसारक संस्थाका १२ हजार सदस्य पनि बेइजिङ ओलम्पिकमा परिचालित छन्। यसबाहेक ओलम्पिकलाई व्यवस्थित तुल्याउन ७० हजार स्वयंसेवक-सेविकालाई परिचालित गरिएको छ भने प्रतियोगिता आयोजना गर्न ४ हजार कर्मचारी खटिएका छन्।

अपनाउनुपर्ने मापदण्डका बारेमा पनि स्पष्ट धारणा राख्नुपर्छ। चीनले ओलम्पिक आयोजना गर्न बेइजिङमा ३१ र बेइजिङबाहिर ६ वटा नयाँ तथा पुराना खेलकुद आयोजना स्थल निर्माण एवं पुनर्निर्माण गरेको छ। यस क्रममा चीनले ओलम्पिकको मुख्य प्रतियोगिता स्थलका रूपमा रहेको बेइजिङ नेसनल स्टेडियमलाई आर्किटेक्टका दृष्टिकोणले विश्वकै उत्कृष्ट रंगशालामा परिणत गरेको छ। चराको गुँड आकारमा निर्माण गरिएको यो रंगशालालाई 'वर्ड नेस्ट स्टेडियम' पनि भनिन्छ। ओलम्पिककै लागि भनेर निर्माण गरिएको यो रंगशालाको परिकल्पना स्वीस कम्पनी हर्जोग एन्ड डी मिउरोनले गरेको हो।

ओलम्पिककै लागि चिनियाँ सरकारले बेइजिङ नेसनल इन्डोर स्टेडियम, बेइजिङ नेसनल एक्वाटिक सेन्टर, ओलम्पिक ग्रीन कन्भेन्सन सेन्टर, ओलम्पिक ग्रीन र बेइजिङ वुकेसोङ कल्चर एन्ड स्पोर्ट्स सेन्टर निर्माण गरेको छ। यी सबै खेलस्थलको निर्माण गर्न चीन सरकारले २ खर्ब १० अर्ब अमेरिकी डलर खर्च गरेको छ। यसपटक ओलम्पिकका लागि बेइजिङमा ३१ वटा स्थल चयन गरिएको छ भने केही खेल अन्य सहरमा पनि हुनेछन्, जसमा फुटबलका खेलहरू क्वाङडाहो, साङहाई, सेन्याङ तथा तियनजिङमा हुनेछ भने सेलिङ खेल क्विङ डाहोमा र घोडचढीको खेल हङकङमा हुनेछन्। बेइजिङ ओलम्पिकलाई लगानीका दृष्टिले मात्र नभएर अन्य विविध कारणले पनि इतिहासकै भव्य खेलकुद प्रतियोगिताका रूपमा हेरिएको छ।

बर्लिन ओलम्पिकदेखि प्रारम्भ भएको ओलम्पिक ज्योतिको विश्वव्यापी परिक्रमाले यसपटक अझ बृहत् रूपमा निरन्तरता पायो। प्राचीन ओलम्पिकको जन्मथलो ग्रीसको राजधानी एथेन्समा मार्च २४ तारिखमा प्रज्वलित गरिएको उक्त ज्योतिलाई बेइजिङ ल्याई चीनको प्राचीन सिल्क रोड हुँदै विभिन्न देशमा पुऱ्याइएको थियो। 'जर्नै अफ हार्मोनी' नामकरण गरिएको उक्त ओलम्पिक ज्योति यात्रामा समावेश गरिएको ओलम्पिक ज्योति ६५ किलोमिटर प्रतिघन्टा गतिको हावा एवं ५० मिलिमिटर प्रतिघन्टाको वर्षाले समेत निभाउन नसक्ने गरी निर्माण गरिएको थियो। उक्त ज्योतिलाई पहिलो पटक तिब्बत हुँदै विश्वको सर्वोच्च शिखर सगरमाथामा समेत पुऱ्याइएको थियो। सात महादेशमध्ये अन्टार्कटिकामा मात्र नलगिएको उक्त ज्योतिले १ लाख ३७ हजार किलोमिटरको दूरी तय गरेको थियो। यसरी ओलम्पिक आन्दोलनका क्रममा ओलम्पिक ज्योतिले सर्वाधिक लामो यात्रा गरेको यो नै पहिलो अवसर हो। यो यात्रा पूरा गर्न २१ हजार ८ सय ८० जना ओलम्पिक ज्योति बोकेर दौडिएका थिए।

### स्वतन्त्र तिब्बतको किचलो र ओलम्पिक

केही दशकदेखि चीन स्वशासित तिब्बतले स्वतन्त्रताका लागि गरिरहेको आन्दोलनलाई ओलम्पिकअघिदेखि नै विश्वव्यापी रूपमा तीव्र पार्दै लगेको छ। चीनले आफ्नो भूमि दाबी गरे पनि तिब्बतीहरूले आफू स्वतन्त्र रहेको र आफ्ना धार्मिक नेता दलाई लामासहित लाखौं व्यक्ति शरणार्थीका रूपमा जीवन बिताउनुपरेको कुरा चित्रण गर्दै आएका छन्। तिब्बती आन्दोलनलाई अन्तर्राष्ट्रिय क्षेत्रमा केही मुलुकले समर्थन गरेका छन्। ती मुलुकले पनि बेइजिङ ओलम्पिकमा सहभागिता गर्दैछन्। यो अवसर दुवै पक्षलाई एक-अर्कालाई आफ्नो धारणा बुझाउने उचित अवसर समेत हुनेछ। चीन सकभर ओलम्पिक अवधिभर तिब्बतीको पक्षमा कुनै किसिमको चर्चा नहोस् भन्ने चाहन्छ भने तिब्बत स्वतन्त्रताका पक्षधरहरू ओलम्पिक अवधिमा स्वतन्त्र तिब्बतसम्बन्धी गतिविधि गर्न पाए यसले विश्वव्यापी रूपमा केही प्रभाव पार्न सक्ने दाउमा छन्।

एकातिर स्वतन्त्र तिब्बतका समर्थक र पक्षधरहरूको विरोध सहनुपर्ने चुनौती आयोजकलाई छ भने अर्कातर्फ अन्तर्राष्ट्रिय आतंकवादी संगठनहरूले दिइरहेको धम्कीलाई निस्तेज तुल्याउनुपर्ने चुनौती पनि छ। ओलम्पिकप्रति विश्वकै ध्यान आकृष्ट भैरहेको अवस्थामा आतंकवादी संगठनहरू पनि अवसरको फाइदा उठाउन पाए आफ्नो प्रचार-प्रसार हुने दाउमा छन्। हाल आयोजक समितिले विभिन्न अन्तर्राष्ट्रिय आतंकवादी संगठनका साथै केही चिनियाँ आतंकवादी समूहको समेत धम्की पाएको छ। यस्तो आन्दोलन र धम्कीका बाबजुद चीनले बेइजिङ ओलम्पिकका लागि 'एउटै संसार एउटै सपना' नारा अगाडि सारेको छ।

# इतिहासकै उत्कृष्ट ओलम्पिक भिलेज





ओलम्पिकमा सहभागी हुने २ सय ५ राष्ट्रका खेलाडी, प्रशिक्षक तथा अधीकारीका लागि तयार ओलम्पिक भिलेज अहिलेसम्मकै सबैभन्दा राम्रो ओलम्पिक भिलेज भएको दावी गरिएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष ज्याक्स रोगले समेत भिलेजको भ्रमणपश्चात् यो भिलेज अहिलेसम्मकै उत्कृष्ट भएको बताइसकेका छन्। भिलेजमा १० हजार ५ सय एथलेट रहनेछन्, जसमध्येका ७ हजारदेखि ९ हजारसम्म उद्घाटन समारोहमै उपस्थित हुने अनुमान गरिएको छ। यी एथलेटहरूले २९ खेलमा प्रतिस्पर्धा गर्नेछन्, जुन गएको भन्दा एक बढी हो। समग्रमा २९ औं ओलम्पियाडका रूपमा परिचित यो महोत्सवका लागि तयार भिलेज २९ औं गृष्मकालीन ओलम्पिकलगत्तै आयोजना हुने पारा ओलम्पिकका लागिसमेत प्रयोग हुनेछ। सिंगो बेइजिङलाई प्रदूषणसहित बनाउने लक्ष्यअनुरूप भिलेजलाई पनि सबैभन्दा सुन्दर बनाइएको छ।

ग्रीन ओलम्पिकका रूपमा प्रदूषणरहित बनाउने लक्ष्य लिइएको यो ओलम्पिकका लागि तयार भिलेजमा ७ दशमलव ८९ मिलियन मेघावाट शक्तिको खपत हुनेछ। भिलेजमा सौर्यशक्ति र विद्युत्शक्ति दुवै प्रयोग गरिनेछ। १६ हजार व्यक्तिको प्रयोग क्षमता रहेको यो शक्तिले ओलम्पिक खेलका पछि २ हजार व्यक्तिलाई नियमित सेवा उपलब्ध गराउनेछ भने वार्षिक ५ मिलियन किलोवाट विद्युत्को बचत गर्नेछ।

४२ भवनका ९ हजार कोठामा एकै समयमा १७ हजार जना बसोबास गर्न सक्नेछन्। भिलेजमा चौबीसै घन्टा बससेवा उपलब्ध छ भने भिडियो, गेम सञ्चार एवं लाउन्ड्री सुविधा अत्यन्त व्यवस्थित छ। भिलेजकै लागि २ हजार १ सय कर्मचारी खटाइएका छन्, जसमा ५० जना जिम्मेवार व्यक्तिहरू चौबीसै घन्टा भिलेजमा रहनेछन्। घासेमैदान, कृत्रिम पहाड र बगैंचाको व्यवस्थापनले भिलेजलाई अझ सुन्दर बनाएको छ। भिलेजमा किचेनको व्यवस्था नभए पनि चौबीसै घन्टा खाद्यसामग्री उपलब्ध हुनेछ।

यसको क्षेत्र र सुविधालाई १ सय ८ पाँचतारे होटलसँग तुलना गरिएको छ। दुई होटल म्यानेजमेन्ट समूहले यो भिलेज तयार पारेका हुन्। हरेक कोठामा टेलिभिजनको व्यवस्था नभए पनि वायरलेस इन्टरनेटको व्यवस्था गरिएको छ। जुलाई २७ तारिखमा खुला गरिएको यो भिलेजमा विदेशीहरू आउने क्रम जारी छ। न्युजिल्यान्ड भिलेजमा आइपुग्ने पहिलो समूह बनेको छ। भिलेजमा प्रत्येक दिन चिनियाँ कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नेछन्। एथलेटहरूका लागि तयार डाइनिङ हलमा ३० वटा बफे टेबल हुनेछन्। यहाँका कर्मचारी तथा एथलेटलाई भने एकै पटक खाना दिइनेछैन। खाद्य विशेषज्ञले हरेक खेलका खेलाडीका लागि रिफर गरेको चिट पनि डाइनिङ हलमा उपलब्ध गराइएको छ। एसियन, चाइनिज तथा कोरियन परिकारहरू भीलेजमा उपलब्ध हुनेछन्। भिलेजमा २० हजार मिटर ओगटेको रिलिजियस सेन्टरमा दैनिक सांस्कृतीक आदान-प्रदानका कार्यक्रम हुनेछन्। यहाँ प्रोटेस्टस, रोमन क्याथोलिक, हिन्दू, इस्लामिक तथा बौद्ध समुदायका पादरी र पुरोहितहरू सक्रिय रहनेछन्। यो व्यवस्थित भिलेजमा बस्न स्वीजरल्यान्डले अस्वीकार गरेको छ। स्टार खेलाडी रोजर फेडरर एकान्तप्रिय भएका कारण बाहिरै बस्ने निर्णय गरेको स्वीस अधिकारीहरूले जनाएका छन्।

**के हो ओलम्पिक भिलेज ?**

आधुनिक रूपमा ओलम्पिक भिलेजलाई पार्क भनिन्छ। भिलेजमा सहभागी राष्ट्रका खेलाडी, प्रशिक्षक तथा अधिकारीहरूलाई बसोबासको व्यवस्था गरिन्छ। सन् १९२४ सम्म खेलाडीहरू सहरका भिन्न स्थानमा छरिएर रहन्थे। यसलाई व्यवस्थित गर्न कोलम्बसमा सँगै रहेका होटलहरूमा खेलाडीलाई राख्ने व्यवस्था गरिएको थियो। सन् १९३२ को ओलम्पिकदेखि व्यवस्थित भिलेजको प्रारम्भ भएको हो।

बेइजिङको ओलम्पिक भिलेज क्लासिकल र आकर्षक छ, यद्यपि यो सानो भएको गुनासो धेरै देशका अधिकारीले गरेका छन्।

**–मनोज घिमिरे**

# स्टार खेलाडीहरूको उपस्थितिले रोमाञ्चक फुटबल

**राजु घिसिङ**

व्यावसायिक फुटबलका प्रख्यात खेलाडीहरू सहभागी भएकाले २९ औं ग्रीष्मकालीन ओलम्पिकमा फुटबल रोमाञ्चक खेल बनेको छ। २३ वर्षमाथिका तीन जना मात्र खेलाडी टिममा समावेश गर्न पाइने भएकाले ओलम्पिक नयाँ फुटबल खेलाडीलाई आफ्नो प्रतिभा देखाउने राम्रो अवसर हो। दक्षिण अमेरिकी, युरोपेली तथा अफ्रिकी मुलुकहरू नै पुरुषतर्फको स्वर्णपदकका दाबेदार हुन्।

ओलम्पिक उद्घाटनको दुई दिनअघि बुधबार नै सुरु भैसकेको फुटबलमा पुरुषतर्फ १६ एवं महिलातर्फ १२ वटा देश भिड्दैछन्। अस्ट्रेलिया, आइभरीकोस्ट र सर्वियासँगै साविक विजेता अर्जेन्टिना समूह 'ए'मा छ। पूर्वविजेता नाइजेरियाले समूह 'बी'मा बलियो नेदरल्यान्ड, जापान र अमेरिकाको सामना गर्दैछ। दाबेदार ब्राजिल समूह 'सी'मा आयोजक चीन, बेल्जियम र न्युजिल्यान्डसँग खेल्दैछ। विश्वविजेता इटली, दक्षिण कोरिया, क्यामरुन र होन्डुरस समूह 'डी'मा छन्।

पाँचपल्टको विश्वविजेता ब्राजिललाई ओलम्पिक फुटबलको अभागी टिम मानिन्छ। उसले जित्न नसकेको एक मात्र ठूलो फुटबल प्रतियोगिता ओलम्पिक नै हो। पहिलोपल्ट ओलम्पिक फुटबल च्याम्पियन बन्ने दाउमा यसपालि ब्राजिलले दुईपल्टको फिफा प्लेयर अफ दि इयर विजेता रोनाल्डिन्होलाई बेइजिङ लगेको छ। उनका साथै म्यानचेस्टर युनाइटेडका एन्डर्सन, बेडरब्रेमेनका डिएगो र एसी मिलानका अलेक्जेन्डर पाटोले गतिलो प्रदर्शन गर्ने अपेक्षा गरिएको छ। विश्व फुटबलका महारथी ब्राजिलले ओलम्पिक फुटबलमा एक-एक रजत र कांस्यपदक जितेको छ भने एकपल्ट चौथो स्थान हात पारेको छ।

दुईपल्ट फाइनलमा रोकिएको साविक विजेता अर्जेन्टिना दोस्रो पटक ओलम्पिक स्वर्ण जित्ने धुनमा छ। बार्सिलोना र एथलेटिको म्याड्रिडका प्लेमेकरद्वय लियोनेल मेसी र सर्जियो अगुइरोसहित यू-२० विश्वकप विजेता टिमका नौ खेलाडी तथा २३ वर्षमाथिका रोमन रिक्वेल्मे र जाभियर मासेरानो सहभागी भएको अर्जेन्टिनी टिम बेइजिङ ओलम्पिकको सबैभन्दा लोकप्रिय टिम हो। आठ वर्षअघिको सिड्नी ओलम्पिक विजेता क्यामरुन र सन् १९९६ को विजेता नाइजेरियासँगै आइभरिकोस्ट तेस्रोपल्ट ओलम्पिक फुटबलको स्वर्ण अफ्रिका पुऱ्याउन लागिपरेका छन्। फुटबलमा युरोप र दक्षिण अमेरिकी आधिपात्य समाप्त पारेका अफ्रिकी मुलुक ओलम्पिकमा पुरुष फुटबलको स्वर्णपदकका दाबेदार मानिन्छन्।

भेट्रान स्ट्राइकर रोय मकाया समावेश नेदरल्यान्ड र विश्वकप विजेता इटलीले युरोपेली प्रतिष्ठा फर्काउन सक्नेछन्। सन् १९२० को ओलम्पिक विजेता बेल्जियम र सर्वियाली युवा टिमले पनि तहल्का मच्चाउन सक्छन्। सन् १९९२ मा घरेलु भूमिमा स्पेनले उपाधि जितेयता युरोप स्वर्णविहीन हुँदै आएको छ। व्यावसायिकताको विवाद चर्किएकाले सन् १९३२ मा नखेलाइए पनि सन् १९०८ यता अन्य सबै ओलम्पिकमा फुटबल समावेश गरिएको थियो। उरुग्वे र अर्जेन्टिनाले दुई-दुई तथा नाइजेरिया र क्यामरुनले एक-एक स्वर्ण जितेको ओलम्पिकमा २१ पल्ट खेलाइएको पुरुष फुटबलको उपाधि १७ पल्ट युरोपेली मुलुकले जितेको छ। सर्वाधिक तीनपल्ट ओलम्पिक पुरुष फुटबल हंगेरीले जितेका छन्।

दक्षिण अमेरिका, युरोप र अफ्रिकाबाहेक अन्य महादेशको तुलनामा एसिया, अस्ट्रेलिया र उत्तर अमेरिकालाई फुटबलमा निकै कमजोर मानिन्छ। तथापि सन् १९६८ मा जापानले कांस्यपदक जितेको ओलम्पिक फुटबलमा इराक, अस्ट्रेलिया, मेक्सिको र भारतले चौथो स्थान हात पारेका थिए। यसपालि आयोजक चीन, जापान, दक्षिण कोरिया, अमेरिका र अस्ट्रेलिया लिग चरण पार गर्न संघर्ष गर्नेछन्। किशोर अमेरिकी फेडरिक एडु चम्कन सक्छन्।

### महिलातर्फ पनि कडा प्रतिस्पर्धा

**दुईपल्टको विजेता अमेरिका, ब्राजिल, आयोजक चीन र विश्वविजेता जर्मनी महिलातर्फका बलिया प्रत्याशी हुन्। प्रारम्भिक चरणको समूह …ए□मा चीन, अर्जेन्टिना, क्यानाडा र स्वीडेन भीड्नेछन्। विश्वकप विजेता जर्मनी र उपविजेता ब्राजिल समूह …बी□मा लिग चरणमै उत्तर कोरिया र नाइजेरियासँगै खेल्दैछन्। समूह …सी□मा अमेरिकाले जापान, न्युजील्याण्ड र नर्वेको सामना गर्दैछ।**

**सन् १९९६ देखि ओलम्पिकमा समावेश महिला फुटबल उपाधि दुईपल्ट अमेरिका र एकपल्ट नर्वेले जितेको छ। १२ वर्षअघि फाइनलमै रोकिएको आयोजक चीनलाई गृहमैदानको फाइदा छ। दुईपल्टको विश्व वर्षखेलाडी मार्ता र जर्मनीका ब्रिगिट प्रिन्जसँगै संयुक्त रूपमा एथेन्स ओलम्पिकका सर्वोत्कृष्ट खेलाडी घोषित क्रिश्चियन समावेश ब्राजिललाई निकै बलियो मानिएको छ। फाइनलमा ब्राजिललाई पराजित गर्दै चिनियाँ भूमिमा गत वर्ष महिला विश्वकप जितेको जर्मनीलाई प्रभावशाली स्ट्राइकर ब्रिगिट प्रिन्जको साथ छ।**

**स्टार स्ट्राइकर अबे वाम्बाच र कप्तान क्रिस्टेन लिलीबिनाको अमेरिका सानोन बोक्स र नताशा कईमा निर्भर छ। क्यानाडाकी सर्वाधिक गोलकर्ता क्रिस्टिन सिन्क्लेयर, उत्तर कोरियाकी रि-कुम सुक, नाइजेरियाकी सिन्तिया उबाक, चीनकी जु युआन ओलम्पिकमा जम्न सक्छन्। तीन स्ट्राइकर लोटा स्चेलिन, भिक्टोरिया स्भेन्सन र हाना जुङबर्गको उपस्थितिमा स्वीडेन पनि महिला फुटबलको बलियो टिम हो। खेलाडीमा निश्चित उमेरको प्रावधान नभएकाले ओलम्पिकमा महिला फुटबल लोकप्रिय हुँदै गएको छ।**



ट्राभलिङ सेल्सम्यानले एउटा सहरमा आफ्नो फेभरेट होटलमा गएर कोठा माग्यो, तर सिंगल कोठा थिएन। रेगुलर कस्टमर भएका कारण म्यानेजरले कुनै डबल रुम सेयर गर्ने सल्लाह दियो, जसअनुसार उसले एउटा पादरीसँग रुम शेयर गरेर बस्नुपर्‍यो। ऊ कोठामा पस्दा पादरी प्रार्थना गरिरहेको थियो।

'हेलो,' उसले पादरीलाई भन्यो- 'म तपाईंको रुम पार्टनर हुँ।'

पादरीले सहमतिको शिर हल्लायो।

'म कुन बेड लिऊँ?' युवकले सोध्यो।

पादरीले एकापट्टिको पलङपट्टि औंला देखायो, उसले त्यतै आफ्नो सुटकेस राख्यो अनि पादरीलाई हेर्दै अप्ठ्यारो मान्दै भयो- 'सर, यदि मैले एक रातका लागि कुनै युवतीलाई यो कोठामा ल्याएँ भने तपाईं दुःख मान्नुहुन्छ ?'

पादरीले दुईवटा औंला उठायो।

०००

एक जना पण्डितजी, आधा रातमा एउटा होटलको छेउमा गाडी पर्खेर बसिरहेका थिए। त्यत्तिकैमा सातफुटे शरीर भएको भीमकाय व्यक्ति पण्डितको छेउमा आएर

## ठट्यौली प्रकाशसँग

बस्यो। एकछिनमा उसले चिकेन तन्दुरी झिक्यो र पण्डितको अगाडि बढाउँदै भन्यो- 'खाने हो ?'

'राम-राम म त पण्डित हुँ निरामिष भोजन गर्छु, प्याज, लसुन, माछा-मासु केही पनि खान्नँ।

व्यक्ति केही बोलेन, तन्दुरी आफै खान थाल्यो, एक बोतल जिन झिक्यो र पण्डितलाई दिंदै भन्यो- लिनुहोस् दुई घुट्की पिउनुस्।

'शिव शिव शिव !' पण्डित तिरस्कारपूर्ण स्वरमा बोल्यो- 'जिन पिउनु मैले ?

ओइ पण्डित,' अचानक पहलमान रिसायो र रिभल्वर निकाल्यो र पण्डिततर्फ तेर्स्याउँदै भन्यो– जिन पिउँछस् कि हानिदिऊँ गोली ?

पण्डित डरायो, हतार-हतार दुई-तीन घुट्की जिन पियो, चार-पाँच पटक खोक्यो र लामो सास तान्दै भन्यो- 'त्यसो हो भने चिकेन तन्दुरी पनि लेऊ न त खाऊँ।'

०००

युवती : पार्टीमा धेरै किसिमका मानिस भेटिन्छन् तर जब कहिलेकाहीं चाटु भेटिन्छन् र सोध्न थाल्छ....तपाईं के गर्नुहुन्छ ? म उत्तर दिन्छु- बनियाँको दोकानमा जेरी-स्वारी बनाउँछु।

युवक : ए.... हो... तर तपाईं गर्न चै के गर्नुहुन्छ ?

युवती : बनियाँको दोकानमा जेरी-स्वारी बनाउँछु।

### मेरो कुरा

प्रत्येक सफल व्यक्तिको पछाडि एउटी महिलाको हात हुन्छ र प्रत्येक असफल व्यक्तिको पछाडि दुईवटी महिलाको हात हुन्छ।

## कविता

### अधुरो यात्रा



सोचेको पनि नहुने रै'छ
जीवनको मोड अनेकौं रै'छ
पिरतीको खेल पनि अपुरो रै'छ
बिछोडको चोट खप्न नसकिने रै'छ
सपनाको संसार अथाह रै'छ
तर यथार्थ भने अर्कै रै'छ
जीवनको यात्रा आँधीको दियो रै'छ
मानिसको हर इच्छा अधुरो रै'छ।

–सुशील सुनुवार

### प्रेम पीडा

अति हुन्छ प्रेम पीडा था'छ मलाई
निल्नु न ओकल्नु, तिम्रो माया भा'छ मलाई
खोज्दा खोज्दै बिगतको, मुटु बिझ्ने मायालाई
पागल नै हुन्छु, अब यस्तै ला'छ मलाई
जब दिएँ तिम्लाई, तनमन सुम्पिए
कसले पो आफ्नो भन्न नै पा'छ मलाई
बिर्सनै नसक्ने गरी, कलेजीको यो दाग
कस्तो दियौ याद, भित्रभित्रै खा'छ मलाई
जलिसकेंछु म, दिनलाई अब के छ र ?
निष्ठुरी मायालु, भेट्न भनी आ'छ मलाई।

–हीराकाजी श्रेष्ठ

### छाउन सकिनँ

कति सुनें गीत कति गुनगुनाएँ
तर गीतले आज मित लागाउन सकेन
कति भए पिरमा कति रहे शिरमा
तर कोही मन मन्दिरमा आउन सकेन
कति थिए नासोमा कति परे पासोमा
किन मनले रोजेको पाउन सकिनँ
थोरैले खोजे धेरैले सोधे होलान्
तर पनि मन छुने गीत गाउन सकिनँ
धेरै त नशामा परें कति दशामा परें
हृदयमा उनलाई नै छाउन सकिनँ।

–टीकाराम अर्याल

### जहरले

खै के तिर्खा मेटाउला सुकेको नहरले
चोखो माया टुट्यो बरै गर्दा सहरले,
जीवनमा पल-पल टाढा हुँदै जाँदा
बाँच्नुपर्ने बाध्यता छ होइन रहरले,
समाजको लोकाचारे प्रवृत्तिले गर्दा
साथ पनि छाड्यो कठै पिउँदा जहरले,
आँखाभरि आँसु बोकी बाँचेकै छन जनतन
मनभरि पीडा बोकि वचनको कहरले,
मिलनको आशा पनि विलिन भैगयो
साथ पनि छाडोस् बाबै जीवनमा प्रहरले।

–रामचन्द्र बूढाथोकी

### आधा रातमा

चारैतिर तिम्रै मुहार देख्छु किन ?
हरेक रात सपनीमा आउँछौ तिमी हात दिन
चुम्न लाग्छु जब म समातेर तिम्रै हातमा
अनायासैमा झस्किन्छु म, पुग्छु रुन आधा रातमा
तिम्रै यादमा तडपिरहेछु एक्लो संसारमा
दुःख सुख जे भए नि सँगै बिताउला साथमा
म त पागल बनिसकें तिम्रै यादमा
तिम्रै पर्खाइमा बसिरहेछु यो गाउँको माझमा

–प्रेम मायालु भाट

## लघुकथा

### कम्मरमुनि



व्यस्त चौकको पसलमा एक हूल युवा कफी पिउँदै थिए। त्यो पसलमा केही अधबैंसे पनि थिए। केही बेरमा दुईजना आकर्षक युवती त्यही पसलमा कफी पिउन पुगे। टिनएज काट्नै लागेका ती युवतीको पहिरन एवं हाउभाउ चकित पार्ने किसिमको थियो। ती युवतीको आगमनले वातावरण नै सुरम्य भयो। केही युवक मन थाम्न नसकी युवतीहरूसँग कुरा गर्न तम्सिए। अधबैंसेहरूले अनेक निहुँ झिकेर कुरा गर्न थाले। बाँकी युवकहरू पुराना कुरा बिर्सेर ती युवतीको अनुहार टुवाँ परेर हेर्न थाले।

केही पर बसेर कफी सपमा अचानक आएको परिवर्तन देखेर एकजना भद्र मानिस मुसुमुसु हाँसे। उनले सोचे, 'युवकहरू युवतीलाई कम्मरमुनि मात्र ध्यान दिन चाहन्छन्। युवतीहरू पनि छोटो पहिरन लगाएर युवकले कम्मरमुनि नै हेरून् भन्ने चाहँदारहेछन्। किनकि कम्बरमाथि हेर्नेबित्तिकै युवकलाई ती युवती बहिनी वा आमा जस्ता आफन्त लाग्न सक्छन्। त्यसले न त युवकको मन बिग्रन्छ, न त युवतीको महत्व नै बढ्छ।

आज समाजमा जति पनि हत्या, बलात्कार एवं झैझगडा चलिरहेको छ, त्यसको कारण युवतीमा रहेको कम्मरमुनिको दृष्य देखाउने प्रवृत्ति तथा युवकको कम्मरमुनि ध्यान दिने प्रवृत्ति नै हो।

–भीम राना 'जिज्ञास'

## सावन उत्सवमा डाण्डिया

विराटनगर- साउन महिना त्यसै पनि झरी र हिलोले गर्दा दिक्कलाग्दो हुन्छ। खेती गर्ने किसानका लागि मात्रै उपर्युक्त हुने



साउन महिना अन्य पेसा-व्यवसाय गर्नेहरूका लागि पट्यारलाग्दो हुन्छ, तर मारवाडी समुदायले साउनमै तीज पर्व मनाएर रमाइलो गर्ने गरेको छ। साउन महिनालाई रंगीन बनाउन विराटनगरमा मारवाडी समुदायले गएको शनिबार र आइतबार दुई दिन उत्सवकै रूपमा मनाए। 'रंगिलो सावन उत्सव' का अवसरमा मारवाडी युवायुवतीले आफ्नो परम्परागत नृत्य डाण्डिया नाचेर रमाइलो गरे।

अग्रवाल महिला मञ्च तथा अग्रवाल युवा मञ्चले अतिथि सदनमा संयुक्त रूपमा आयोजना गरेको उत्सवको डाण्डिया नृत्यमा ४ हजार जनाजतिको सहभागिता थियो। 'आफ्नो इच्छाले नाच्न पाएकोमा एक्दम रमाइलो भयो,' लामो अवधिसम्म नाचेकी उमा अग्रवालले भनिन्। यति ठूलो र भव्य कार्यक्रम पहिलो पटक भएको बताउने उमाका अनुसार डाण्डिया नृत्य महिला र पुरुषले जोडी मिलाएर नै नाच्नुपर्छ भन्ने अनिवार्यता छैन।

उत्सवमा प्रतियोगितात्मक नृत्य पनि गराइएको थियो। विराटनगरमा मनाइने होली पर्वमा मारवाडी समुदायले ५० वर्षदेखि डाण्डिया नृत्यको आयोजना गर्दै आएको बताइन्छ।

गोकुलमा कृष्ण र राधाले नाचेर डाण्डिया नृत्यको सुरुवात भएको बताउने स्थानीय बुद्धिजीवी लक्ष्मण नेवटिया डाण्डिया नृत्य राजस्थानको सांस्कृतिक नृत्य पनि भएको बताउँछन्।

उत्सवमा खाद्यवस्तु, गहना, साडी, राखी आदि स्टल राखिएको थियो। मध्यभागमा बनाइएको डान्स फ्लोरमा डाण्डिया नाच्नेहरू नअटेर बाहिरै नाचेका थिए। युवामञ्चका सचिव जितेन्द्र सिंघानियाका अनुसार, मीठा परिकारहरू खाएर रमाउँदै नाच्न सजिलो होस् भनेर खासगरी खाद्यवस्तुका स्टलहरू बढी राखिएको हो। पाउभाजी, मम, चाउमिन, पुच्का, पनिरचिल्ली, समोसा, गुलाव जामुन, रसवरी, छोला-भटौरा, पकौडी, कचौडीजस्ता परिकारका स्टल उत्सवमा राखिएका थिए। गहना, सारी र राखिका स्टलहरूमा महिलाहरू बढी आकर्षित देखिन्थे भने खाद्य परिकारका स्टलमा युवायुवतीको भीड थियो।

–कमल रिमाल

## समलिंगीहरूले हक-अधिकार मागे

वीरगन्ज– पारिवारिक एवं सामाजिक लोकलज्जाका कारण खुलेर आफ्नो पहिचान सार्वजनिक गर्न नसकेका वीरगन्ज र आसपासका तेस्रो लिंगी तथा समलिंगीहरू अब खुलेर आउन थालेका छन्। वीरगन्जमा शनिबार आयोजित एक अन्तर्क्रियामा उनीहरू खुलेर सहभागी भए। नेकपा



संयुक्त पर्सा एवं नीलहीरा समाज पर्साद्वारा संयुक्त रूपमा आयोजित यौनिक तथा लैंगिक अल्पसंख्यक र संविधानसभा विषयक अन्तर्क्रियामा उनीहरू खुलेर सहभागी भए।

आफूलाई तेस्रो लिंगी वा समलिंगी भन्न संकोच नमानी करिब एक दर्जन तेस्रो लिंगीहरू महिला परिधानमै सजेर सहभागी भएका थिए। कार्यक्रमको प्रमुख अतिथि थिए– नीलहीरा समाजका संस्थापक तथा नेकपा संयुक्तका तर्फबाट सभासद सुनिलबाबु पन्त। पन्तले समलिङ्गी र तेस्रो लिङ्गीको हक-अधिकार सर्वोच्च अदालतले सुनिश्चित गरे पनि सरकारले हालसम्म त्यस सम्बन्धमा कानुन निर्माण गर्न नसकेको गुनासो गरे।

कार्यक्रमका वक्ताहरूले बदलिंदो परिवेश र सबै वर्गले आफ्नो हक-अधिकारका लागि संघर्ष गरिरहेको समयमा तेस्रो लिंगी एवं समलिंगीहरूले पनि आफ्नो हक-अधिकारका लागि संघर्ष गर्नु जायज रहेको र त्यसमा आफूहरूको समर्थन रहने जनाएका थिए। झन्डै आठ महिनाअघि वीरगन्जमा नीलहीरा समाजको शाखा स्थापना भएपछि यस क्षेत्रका करिब २ हजार तेस्रो लिंगी र समलिंगी उक्त शाखामार्फत संगठित भैसकेका छन्।

–शंकर आचार्य



# प्रेमीहरूको संसार-पार्क

चिसो मौसम, त्यसमाथि सिमसिम पानिमा भिज्दै बसेका जोडी। कठ्यांग्रिँदो जाडोले पनि उनीहरूको मिलनलाई अवरोध गर्न सकेको थिएन। बिदा भयो कि आफ्ना प्रेमी-प्रेमिकालाई भेट्न आतुर हुन्छन् उनीहरू। मायाप्रीति र भविष्यका बारेमा गफ गर्दै थिए उनीहरू बालाजु पार्कमा। मोबाइल एस.एम.एस.बाट पिरतीमा बाँधिएका कृष्ण भण्डारी र छोइसाङ लामा पाँच वर्षपछि विवाह गर्ने सोचमा छन्। 'अन्तर्जातीय विवाहका लागि घरले स्वीकार गर्दैन,' कृष्णले भने– 'विवाह मैले गर्ने हो, परिवारले होइन। त्यसैले म उनलाई आफ्नै बनाउँछु।'

भविष्यमा समाजसेवा गर्ने लक्ष्य राखेकी मानविकी प्रथम वर्षमा अध्ययनरत लामा मागी विवाहमा भावना बाँड्न, चिन्न र बुझ्न नसक्ने भएकाले प्रेमविवाहलाई नै रोज्छिन्। मानविकी दोस्रो वर्षमा अध्ययनरत उन्नाइस वर्षीय भण्डारी आफ्नो कक्षामा नौ जोडी र क्याम्पसभरि दुई दर्जन जोडी भएको अनुमान गर्छन्। प्रायः टिन एजका युवाहरूमा यो ट्रेन्ड देखिन्छ। कसैले प्रेमलाई रोमान्सका रूपमा लिएका हुन्छन् भने कसैले प्रेमलाई जिन्दगी नै मानेका हुन्छन्। यी जोडीले भने प्रेमलाई जिन्दगी मानेका छन्। पेन्टिङका सौखिन भण्डारी जातभात, रंगरूपलाई भन्दा मन मिल्नुलाई प्राथमिकता दिन्छन्। उनले पहिलो पटक बालाजु पार्कमा विनागल्ती पुलिसको पिटाइ, धम्की र घूस मागेको तीतो अनुभव सुनाए। केही सीप नलागेर चुपचाप रु. ५ सय झिकेर दिएको बताउँदै उनले भने– 'पार्कमा जोडीहरूलाई सुरक्षाकर्मीले यस्तो व्यवहार नगरेकै बेस। अहिलेसम्म पार्क जोडीहरूका लागि ठीक छ, तर यस्तो व्यवहारले पार्क नै असुरक्षित हुन सक्छ।'

बालाजु पार्कमा आजकाल जोडीको आगमन कम भएको पार्क कर्मचारी खिलानाथ खतिवडाले बताए। खतिवडाका अनुसार हाल प्रतिदिन लगभग १५ देखी २० जोडी आउने गरेका छन्। विवाह, भोज, पार्टी आदिको होहल्ला हुने हुँदा जोडीको संख्यामा कमी आएको उनको अनुमान छ।

धुम्बाराईको शंख पार्कमा शनिबारको दिन जोडीहरूको भीड देखिन्छ। यो पार्कमा प्रवेश नि.शुल्क छ। मोबाइलबाट संगीत सुन्दै बसेका अमित राई र अञ्जना गुरुङ ८ कक्षादेखि नै एक-अर्कालाई मन पराउँदै आएको बताउँछन्। बौद्धस्थित एक कलेजमा प्रथम वर्षमा अध्ययनरत यी जोडी भर्खर मात्र औपचारिक प्रेमबन्धनमा बाँधिएका हुन्। उनीहरू भविष्यका बारेमा चिन्तित देखिन्छन्। गुरुङको परिवार साह्रै कडा र अन्तर्जातीय विवाह गर्न नदिने, आफूखुसी पनि गर्न नसकिने भएकाले पछि जोडी छुट्टिने हो कि ? –उनी शंका व्यक्त गर्छिन्। प्रेममा परेपछि बाबुआमाभन्दा प्रेमीको माया बढी लाग्ने गुरुङले बताइन्। प्रेमी चोर, फटाहा, कुलतमा फसेको जे भए पनि प्रेममा परेपछि सज्जन नै देखिन्छ, –उनले आफ्नो विचार व्यक्त गरिन्। भविष्यमा ब्रिटिस लाहुरे बन्न चाहने राई भन्छन्– क्याम्पसमा जोडी नभएको व्यक्ति फेला पार्न मुस्किल छ। पाउनु मात्र प्रेम होइन, गुमाउनु पनि प्रेम हो, तर सबै जना आफ्नो प्रेम नगुमोस् भन्ने कामना गर्छन्। प्रेम गर्दा अचानक छुट्टिएमा के गर्नुहुन्छ ? भन्ने प्रश्न गर्दा गुरुङका आँखा आँसुले भरिएर आए। उनी एकछिन मौन रहिन्। उनमा परिवारले अर्कै केटासँग विवाह गरिदिने डर देखियो।

अर्का जोडी ख्याल-ठट्टा गर्दै पार्कमा यता-उता हिंड्दै थिए। उनीहरू भने नाम नलेख्ने सर्तमा कुरा गर्न राजी भए। कालो मफलरले मुख छोपेकी प्रेमिका केही असजिलो महसुस गरेझैं देखिन्थिन्। विदेश गएर धन कमाई नेपालमा व्यापार गर्ने लक्ष्य राखेका चौबीस वर्षीय झापाली ठिटो उनको प्रेमी बन्न पाउँदा असाध्यै खुसी छन्। पुरानो बानेश्वर निवासी यी जोडी देखादेखको भरमा प्रेममा गाँसिन पुगेका हुन्। विज्ञान विषय लिएर दोस्रो वर्षमा अध्ययनरत युवती भविष्यमा डाक्टर बन्न चाहन्छिन्। प्रायः केटीहरू केटाले बढी माया गरोस् भन्ने चाहन्छन्, तर कतिपय केटाहरू केटीको रूपरंगलाई प्राथमिकता दिन्छन्, –उनले भनिन्।

**–ममता थापा**



# सच्चा प्रेमलाई चिनौं

मानिसको जीवनमा प्रेम पटक-पटक दोहोरिरहँदैन। जीवनमा एकपटक मात्र प्रेम हुन्छ। त्यसैले प्रेमको परिभाषा बुझेर मात्र प्रेम गर्नुपर्छ। आधुनिक समयमा प्रेम पनि एक किसिमको आवेग बन्दैछ र प्रेम फेसनका रूपमा गरिँदैछ। आजको समयमा सच्चा मायालुलाई नचिन्दा वा गलत व्यक्तिप्रति विश्वास गर्दा कैयन् प्रेमी-प्रेमिकाको जीवन नारकीय बनेको कटु यथार्थ सबैका सामु छ। बाहिरी स्वरूपमा सच्चा प्रेम प्रतिविम्बित गरी भित्र कटुता पाल्ने वा भनौं, स्वार्थले अभिप्रेरित प्रेमप्रति सतर्क रहनुपर्छ। यदि सच्चा प्रेमी-प्रेमिका पहिचान गर्न सकिएन भने कुनै प्रेमिका कुनै प्रेमीको धन रित्याएर जीवन नै बर्बाद पारी टाढा भागिदिन्छे त कुनै प्रेमीले कुनै प्रेमिकाको अस्मिता निचोर्नुमा नै प्रेमको सार देख्न सक्छ। त्यसैले सच्चा प्रेमलाई चिन्नु नितान्त आवश्यक छ।

**सुख–दुःखमा सहारा** : यदि सच्चा प्रेमी र सच्चा प्रेमिका हुन् भने उनीहरू सुख-दुःखमा सहचरी हुन्छन्। उनीहरू दुःखमा एक-अर्काका सहारा हुन्छन्, मायालुको दुःख बाँड्न हरपल आतुर हुन्छन्। सुखमा मात्र साथ दिएर, दुखमा टाढा भाग्ने मायालु सच्चा मायालु हुँदैनन्। यस्ता मायालुले जीवनको कुनै पनि विपत्तिमा धोका दिन सक्छन्। यस्ता मायालुलाई बेलैमा पहिचान गरी ऊसगँको जीवनयात्रालाई टुङ्ग्याइहाल्नु भलो हुन्छ।

**उपहारमा सन्तुष्टि** : प्रेममा दिइने उपहारमा कुनै पनि सर्त हुँदैन। हार्दिक मनले दिइएको जुनसुकै उपहार पनि मूल्यवान् हुन्छ। मायालाई भौतिक स्मारक वा आभूषणले तौलिँदैन। प्रेममा प्रेमजन्य एक थुँगा फूलको पनि त्यति नै महत्त्व हुन्छ, जति शाहजहाँले बनाएको ताजमहलको महत्त्व छ। त्यसैले प्रेममा हैसियतअनुसारको उपहार दिए पनि त्यसमा निःस्वार्थ भावना अन्तर्निहित हुनुपर्छ। यदि कुनै प्रेमी वा प्रेमिकाले आफ्नो उपहार प्रार्थनाका रूपमा जाहेर गर्छ भने त्यो प्रेम कुनै प्रलोभनले प्रेरित छ र त्यसको प्राप्तिसँगै यस्तो प्रेम पनि सदाका लागि तुहिन सक्छ। उपहारमा भौतिक वस्तुको सर्त लगाउने प्रेमी वा प्रेमिकाले प्रेमलाई पनि एउटा व्यापारका रूपमा लिएका हुन्छन्। यस्ता प्रेमीले प्रेममा पनि घाटा र नाफाको लेखाजोखा गर्न सक्छन्। यदि प्रेममा घाटा भए उनीहरू टाढिन सक्ने सम्भावना प्रबल हुन्छ।

**सार्वजनिक स्थलमा चुम्बन** : यदि कुनै प्रेमीले, आफ्नी प्रेमिकाको पूरै शरीरलाई आफ्नो मानेर, कुनै सार्वजनिक स्थलमा चुम्बन गर्न खोज्छ भने त्यो प्रेम प्रेम नभएर आवेग मात्र हो। त्यस्ता प्रेमीले आफ्नी प्रेयसीलाई बलजफती चुम्बन गरेर बदनाम गर्ने नियत राखेका हुन सक्छन्। नारीको अस्मिता काँचजस्तै भएकाले कुनै पनि प्रेमी जो सच्चा प्रेम गर्छ उसले आफ्नी प्रियसीको इज्जतलाई पनि आफ्नै इज्जतजत्तिकै मान्छ। त्यस्ता सच्चा प्रेमी आफ्नी मायालुको पवित्रताका लागि आफ्नो परीक्षा दिनसमेत चुक्दैनन्। सच्चा प्रेम गर्नेहरूमा आफ्नी प्रेयसीप्रतिको यौन भावना पनि न्यून हुन्छ। किनभने सच्चा प्रेम गर्नेहरू आफ्नी प्रेयसीको सामीप्यतामा सुखी हुन्छन् र यस्ता प्रेमी ओठसँग ओठ जोडेर भन्दा पनि दुई ओठको बीचमा दूरी ल्याएर, मायालुको ओठको मुस्कानमै चुम्बनभन्दा हजारौं गुणा मीठो अमृतपान गरिरहेको हुन्छ।

**सम्झौता** : यदि सच्चा प्रेमी-प्रेमिका हुन् भने उनीहरूबीच हरेक कुरामा सम्झौता हुन्छ। मानिसहरू भावनात्मक रूपमा एक भए पनि उनीहरूको सपना, लक्ष्य एवं जीवनको परिभाषा फरक हुनसक्छ, जुन भिन्नताले प्रेममा बाधा सिर्जना गर्न सक्छ। यसकारण सच्चा प्रेमी-प्रेमिकामध्ये केही सपना प्रेमीले हारिदिन्छ भने केही सपना प्रेमिकाले हारिदिन्छे। उनीहरू भावी जीवनमा सन्तुलन खोज्न आपसमा विचार-विमर्श गर्छन्।

**नजर** : भनिन्छ, नजरमा सबै कुरा पढ्न सकिन्छ। नजर एउटा खुला पुस्तक हो। यदि कुनै प्रेमी-प्रेमिका सच्चा प्रेम गर्छन् भने उनीहरूमा मायालुप्रति एक प्रकारको श्रद्धा हुन्छ। यदि कुनै प्रेमीको नजर स्थिर नभई, आफ्नी मायालुको आँखा, गाला, कान, गर्दन वा यस्तै-यस्तै शारीरिक अङ्गमा रहन्छ भने त्यो प्रेममा कामुकताको अंश हुनसक्छ। यदि सच्चा प्रेम हो भने त्यसमा स्थिरता हुन्छ।

**दबाब** : सच्चा प्रेममा प्रेमीले प्रेमिका र प्रेमिकाले प्रेमीमाथि कहिल्यै दबाब दिँदैनन्। उनीहरू आफ्नो मायालुको इच्छा कदर गर्न आतुर हुन्छन्। मैले भनेको पुरा हुनैपर्छ भनी प्रेममा अहं पाल्ने हो भने त्यो प्रेमले मायालुको इच्छालाई कुल्चिरहेको हुन्छ। सच्चा प्रेमीले मायालुलाई एकतर्फी हार्न वा हराउन चाहँदैनन्। यसरी दबाब दिने प्रेमी-प्रेमिकाको अभिमान टुक्रिन पुग्छ र उनीहरूको प्रेम सदाका लागि समाप्त हुन्छ।

**–प्रेमकृष्ण श्रेष्ठ**

## पारिवारिक स्वास्थ्य

यदि आफ्नो स्तनमा सुजन अथवा अप्ठ्यारो अनुभव गरिरहनुभएको छ भने त्यो क्यान्सर नै हो भन्ने छैन। यद्यपि स्तनमा कुनै समस्या देखियो भने त्यसलाई बेवास्ता पनि गर्नु हुँदैन। स्तनको सानो समस्यालाई पनि बेवास्ता गर्नु ठूलो भूल हुन सक्छ।

यदि स्तनको सुजन अथवा अप्ठ्यारोपनसँग परिचित हुनुहुन्न भने चिन्ता नलिनुहोस्। ध्यान दिएर स्तनको सुजन पत्ता लगाउने प्रयास गर्नुभयो भने त्यसमा केराउका दानाजस्ता स-साना गेडा फेला पार्न सकिन्छ। यसलाई बेवास्ता गर्ने हो भने त्यो बिस्तारै बढेर ठूलो हुन समय लगाउँदैन।

वर्षमा एक अथवा दुई पटक स्त्री रोग विशेषज्ञ कहाँ गएर आफ्नो स्तन त परीक्षण गराउनुपर्छ, तर स्तनलाई बाहिर बाट मात्र गरिने परीक्षणले स्तनको सामान्य अवस्थाका बारेमा पर्याप्त जानकारी हासिल गर्न सकिँदैन। यदि केही भिन्न महसुस भयो जुन चिन्ताजनक पनि छ भने आफ्नो अनभिज्ञता दर्साउँदै समस्याबाट टाढा भाग्न सकिँदैन। स्तनहरूमा भएको विकासलाई केवल शारीरिक परिवर्तन मात्र हो भनेर चुप लागेर बस्नु हुँदैन।

आफ्नो स्तनको परीक्षण गर्ने महिलाहरू मात्र यो कुरा विश्वासका साथ भन्न सक्छन् कि दुग्धग्रन्थिहरूको वरिपरि केही परिवर्तन आएको छ। स्तनसँग जोडिएका प्रत्येक समस्याको अर्थ त्यो क्यान्सर नै हो भन्ने होइन। क्यान्सर नभए पनि ध्यान दिनुपर्ने कुरा के हो भने शरीरका अन्य अंगहरूमा झैं स्तन दुख्न सक्छ अथवा अरू कुनै समस्या देखिन सक्छ। यदि त्यस्तो कुनै समस्या देखियो भने तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ।

**छालासम्बन्धी समस्या**

शरीरका अन्य भागहरूजस्तै छालासम्बन्धी थुप्रै प्रकारका समस्या स्तनमा पनि उत्पन्न हुन सक्छ। त्यसमध्ये एग्जिमा, कालो दाग तथा हेजर फलिकल्सहरू एकै ठाउँमा भेला भएर हुने शोथ आदि प्रमुख समस्या देखिन्छन्।

**निप्पलबाट दुध बगिरहनु**

यो दुग्धवाहिनीको रेखामा आएको समस्या अथवा दुग्धवाहिनीको प्रसारका कारण हुन्छ। चिकित्सकहरू के भन्छन् भने यो समस्यामा सेता अथवा रगतजस्तो रंगको तरल पदार्थ निरन्तर बगिरहे गम्भीर स्थिती सिर्जना हुन्छ। यदि स्तनबाट यस्तो तरल पदार्थ बगिरहे तुरुन्त चिकित्सकसँग सम्पर्क राख्नुपर्छ।

**फाइब्रोएडिनोमस**

यो चिल्लो तथा कठोर हुन्छ। यो खासगरी हानिकारक हुन्छ। यसलाई सर्जरीद्वारा निकालिन्छ। एकपटक सर्जरी गरेर निकालेपछि यो समस्या दोस्रो पटक देखिँदैन।

**संक्रमित दुग्धवाहिनी**

स्तनपान गर्ने बेलामा शिशुले स्तनमा दाँतले टोके दुग्धवाहिनी संक्रमित हुन्छ। फलस्वरूप छालामा चिरा पर्छ, जसबाट दुग्धवाहिनी तथा छालाको चिराबाट ब्याक्टेरिया भित्र प्रवेश गर्छ। यो संक्रमण स्तनलाई चलाउनाले अथवा तातो हावा दिनाले अथवा कुनै एन्टिबाइटिकद्वारा हटाउन सकिन्छ। यदि स्तनमा कुनै फोका आयो भने चिकित्सकले सर्जरी अथवा सुईबाट त्यसलाई निकाल्न सक्छन्।

यस्ता स-साना समस्यालाई बेवास्ता गर्नु घातक हुनसक्छ।

**– अरुणा भट्टराई**

# महिलाहरूको पीडामा लाभदायक

महिनावारी हुँदा उचित रुपमा केही अमिलो खानेकुरा खाए पीडा घटाउन सहयोग पुग्छ। मह, केरा, सखरखण्ड पनि खानु लाभदायक हुन्छ किनभने कब्जियत हटाउने क्षमता यी खानेकुरामा प्रशस्त मात्रामा हुन्छ। कब्जियत भएमा पेट दुःख्ने क्रम बढी हुन्छ। त्यसैले मह, केरा, करेला, सखरखण्ड आदि खाए कब्जियत हटाउन सकिन्छ। यदि महिनावारीको बेला रगत एकदमै थोरै भए अलिकति वाइन खाएर दुःख हरण गर्नुका साथै रक्तसञ्चार पनि ठीक गर्न सकिन्छ। सुन्तला, धनियाँ, गाँजर, इस्कुस, अदुवा आदि तरकारी एवं फलफूलमा वायु मिलाउने र रक्तसञ्चारलाई सुचारु गर्ने क्षमता हुन्छ।

केही महिलाको महिनावारी एकदमै कम रगत जान्छ भने केही महिलामा एकदमै धेरै रगत जान्छ। बढी रगत गए रक्तअल्पताको आशंका गर्न सकिन्छ। यस्तो अवस्थामा लौहतत्व बढी भएका खानेकुरा खानुपर्छ। जस्तै-मासु, माछा, कुखुरा वा हाँसको मासु भटमास लौह तत्व भएका विस्कुट, सोयाविन ससजस्ता खानेकुरा खानुपर्छ।

◆ पेयपदार्थ, केक, चिनी वा मिठाई धेरै नखानुहोस्। ती खानेकुरा बढी खाए रगतभित्रको चिनीको मात्रा बढ्ने डर हुन्छ र महिनावारी हुँदा बिसञ्चो अनुभव हुन्छ।

◆जुनेलो, जौ, मकै, कागुनु आदि खाद्यपदार्थमा रेशातत्व बढी हुन्छ र यसमा रगतभित्रको म्याग्निज्मको मात्रा बढाउने तथा महिनावारी ठीक पार्ने शक्ति हुन्छ। स्नायुतन्तु शान्त पार्न यी खाद्यपदार्थ सफल हुन्छन्। त्यसैले यी अनाजद्वारा बनाइएका खानेकुरा खानु बेस हुन्छ।

◆ दुई मुख्य खानाका बीचमा अलिकति ओखर, काजु, मास, भटमास आदिद्वारा बनाइएका खानेकुराहरू खानुपर्छ। किनभने यी खानेकुरामा भिटामिन 'बी' बढी हुन्छ।

◆ मध्याह्न र बेलुकीको मुख्य खानामा मासु, अन्डा, भटमास, आदि प्रोटिनयुक्त खानेकुरा खाए महिनावारी हुँदा खेर गएको तत्व एवं खनिज पदार्थ थप गर्न सकिन्छ।

◆ निश्चित मात्रा र नियमित समयमा खाना खानुहोस्। यसले रगतभित्रको चिनी घटबढ नभएर मुटुको गति ठीक हुने, रिंगटा नलाग्ने, थकाइको महसुस नहुने एवं मनःस्थिति शान्त हुने चिकित्सकहरू बताउँछन्।

◆ कफी वा चिया धेरै नखानुहोस् किनभने ती खानेकुराले भावना उत्तेजित पार्न सक्छ। त्यस्तै धेरै तातो वा धेरै चिसो खानेकुरा खानु हुँदैन।

◆धेरै रगत खेर गएका महिलाहरूले पालुंगो, रातो तरकारी, किसमिस खानु लाभदायक मानिन्छ।

◆उमेर ढल्कँदै गएका महिलाहरूले दूध, माछा, सिद्राजस्ता बढी क्याल्सियम हुने खानेकुरा खानुपर्छ।

# प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
२. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
३. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
४. यो संसार कस्तो छ ?
५. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
६. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
७. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
८. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
९. नेपालको राजनैतिक हिरो को हो ? किन ?
१०. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?

जीवनभन्दा मूल्यवान् वस्तु अरू केही नभएर होला ।

**अज्ञानी समीर, काठमाडौं**

आफूलाई माया गर्ने मान्छेको मनमा आफूप्रति पलाएको ममता जाँच्न तथा सँगै बाँच्न-सँगै मर्न ।

**शम्भुराज घिमिरे, शनिश्चरे, मोरङ**

मर्ने-मार्ने कसम नखाई त डार्लिङले पत्याउँदै पत्याउँदैनन् । हामी पनि उही ड्याङका मूला न पर्यौं ।

**प्रकाश, झापा**

प्रेममा सफल भइन्छ कि भनेर कसम खाइन्छ तर थोरैले मात्र यस्ता कसम निभाएको सुनेको छु मैले ।

**जयराम भट्टराई, जनकपुर**

सहरमा केटाकेटीले लगाउने चुज पाइन्ट फेसन जस्तै प्रेममा मर्ने-मार्ने कसम पनि फेसन भएकाले यस्तो कसम खाइएको होला ।

**चतुर कुलुङ (१६), छेस्काम, सोलुखुम्बु**

आफू त बूढो भइयो हाम्रा पालामा यस्ता कसम खाइन्थे ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

वास्तवमा प्रेम यस्तो रोग हो जसले मानिसलाई पागल बनाउँछ । अब तपाईं आफै भन्नुहोस् त पागलले बोलेको कुरा साँचो हुन्छ र ?

**निरोज भट्टराई**

एकछिन झूट बोल्दा के नै बिग्रन्छ भनेर होला नि ।

**समर्पण भट्टराई, जनकपुर**

प्रेममा कि सफल भइन्छ कि असफल ? सफल भए विवाह हुन्छ र त्यसपछि एक-अर्कालाई मार्न मन लाग्छ र असफल भए आफै मर्न मन लाग्छ । त्यसैले होला प्रेममा मर्ने-मार्ने कसम खाइन्छ ।

**सुरज सिंह, जनकपुर**

विश्वास दिलाउन हुनसक्छ, तर मलाई लाग्छ जहाँ दुई साँचो मनले माया-प्रेम गरिन्छ त्यहाँ मर्ने-मार्ने कसम खानु जरुरी छैन ।

**निर्मल विष्ट, काठमाडौं**

एक-अर्काको माया कति छ भनेर जाँच्न मर्ने-मार्ने कसम खाइन्छ ।

**वैधनाथ कोइराला, धादिङबेंसी**

एकले अर्कालाई चोखो र पवित्र प्रेम गरेको छ भने सँगै मर्ने-मार्ने कसम खाइन्छ । यदि त्यो कसम कसैले तोड्न खोज्छ भने उसले मार्न पनि पछि पर्दैन । चोखो प्रेम गर्ने व्यक्ति मर्न-मार्न डराउँदैन ।

**यशोदा महत (२१), सौठा, मोरङ**

प्रेम केवल एकपटक मात्र गरिन्छ, त्यसैले पनि मर्ने-मार्ने कसम खाइन्छ ।

**उद्धवकुमार थापा (१९), काठमाडौं**

प्रेम खेलौना होइन, यो त दुई आत्माको मिलन हो, त्यसैले ।

**बिरु नुगो (१९), ताप्लेजुङ**

प्रेमसम्बन्धलाई मजबुत पार्दै दुःख-सुखमा सँगै जिउने अठोट लिएर नै यस्तो कसम खाइन्छ ।

**गोकर्ण लामिछाने (१७), स्वयम्भू**

चोखो प्रेममा धोका पाएपछि कि मर्छ कि मार्छ, त्यसैले सुरुमै भविष्यवाणी गरेका होलान् ।

**सुनिल मंग्रान्ती (१८)**



प्रेमलाई सही दिशामा हिँडाउन मर्ने-मार्ने कसम खाइन्छ ।

**अनिल श्रेष्ठ (१६), भीमान**

प्रेम आफैमा हतियार हो त्यसैले ।

**जितेन्द्र श्रेष्ठ (२५)**

प्रेममा कसैले धोका दिन्छ भनेर वा आफूलाई मन परेको मान्छे सधैं मेरो मात्र होस् भनेर मर्ने-मार्ने कसम खाइन्छ ।

**अन्दीप उप्रेती, सर्लाही**

बल्ल एउटीलाई प्रेम गरेको हुन्छ उसैले पनि धोका दिन लागे भने मर्ने-मार्ने कसम नखाएर भयो त ?

**राम त्रिपाठी (२२), सर्लाही**

मर्न सबैलाई डर लाग्छ, यो डर पनि सहर्ष स्वीकार गर्नेले मात्र स्वच्छ माया गर्छ भनेर होला ।

**प्रतिमा भट्टराई घिमिरे, शनिश्चरे, मोरङ**

प्रेम गर्नेलाई नै थाहा होला, उनीहरूसँगै सोध्नुहोस् ।

**हडिन्द्र कार्की (२४), धनकुटा**

स्वार्थ पूरा नहुन्जेल त विश्वास दिलाउनै पर्‍यो नि । कि कसो सम्पादकज्यू ?

**युवराज न्यौपाने (२१)**

यो प्रश्नको जवाफ सम्पादकज्यूले नै हामीलाई दिनुपर्छ, किनकि यो समस्या तपाईंले भोगिसक्नु भएको छ ।

**गोविन्द रिजाल, धादिङ**

प्रेम प्राप्ति मात्र होइन, त्यसमा समर्पण, त्याग र बलिदान पनि हुन्छ भन्ने देखाउन ।

**रेसम सुनुवार**


प्रेममा खाइने यस्ता कसम झूटा हुन्, यी त स्वार्थ पूरा गर्ने माध्यम मात्र हुन् ।

**दिनेश न्यौपाने (२१), बलाम**

काम नै के हुन्छ र प्रेममा मर्ने-मार्ने भन्दा ? न त प्रेम गरेर देश बन्छ न त आनन्द प्राप्त हुन्छ, न त स्वास्थ्यस्थिति राम्रो हुन्छ न कि आर्थिक लाभ, न त बौद्धिक वृद्धि, न त कसैले चिन्छ । बेकारमा वाहियात क्रियाकलाप, समयको बर्बादी ।

**समल जोइटिंग्रे, करादी**

---





**डा. राजेन्द्र भद्रा**

**प्रश्न : म १८ वर्षीय युवक हुँ । मेरो समस्या के छ भने म अलि-अलि केटीजस्तै छु र म केटा भएर पनि केटाहरूप्रति नै आकर्षित छु । म कुनै हेन्डसम युवकलाई देख्नासाथ उसको लिंग कत्रो होला, यसको लिंगलाई छुन पाए, ऊसँग शारीरिक सम्पर्क राखेजस्तो महसुस हुन्छ र मेरो लिंग असाध्यै उत्तेजित हुन्छ । मैले सुनेको छु, यो समलिंगी हो रे । मलाई समलिंगी भनेको पनि थाहा छैन । मेरा प्रश्नहरू यसप्रकार छन्– १. म केटा भएर पनि केटाकै लिंगप्रति किन आकर्षित भएको होला ? २. समलिंगी भनेको के हो ? ३. हस्तमैथुन भनेको के हो ? लिंग उत्तेजित नभै अध्ययनमा ध्यान दिन के गर्नुपर्ला ? मैले केटाजस्तै हुन के गर्नुपर्ला ?**

**–नाम उल्लेख नभएको**

**उत्तर : केटाकै लिंगप्रति किन आकर्षित भएको होला ?**

मानिस जन्मजात नै यौनिक हुने भए पनि किशोरावस्थामा विशेष गरी यौनभावना प्रबल हुनुका साथै स्पष्ट रूपमा प्रकट भएर पनि आउँछ । यसरी आउने यौनभावनाको कुरा गर्दा हामी सामान्यतः विपरीत लिङ्गप्रति आकर्षित हुने भन्छौं र धेरैजस्तो पुस्तकमा पनि यसरी नै प्रस्तुत भएको पाउँछौं, तर अर्को यथार्थ के हो भने धेरैजसो व्यक्तिका लागि यो कुरा सत्य भए पनि सबैका लागि भने सत्य नहुन सक्छ । कतिपय व्यक्ति समान लिङ्ग भएकै व्यक्तिप्रति यौनका दृष्टिकोणले एक-अर्काप्रति आकर्षित हुन्छन् । यस्तो किन हुन्छ त भन्ने कुरामा संसारमा अनेक विचार छन् र ठूलो विवाद पनि छ । गहन वैज्ञानिक अनुसन्धानपछि यो कुरा पत्ता लागेको छ कि यो जन्मजात नै स्वाभाविक रूपमा हुन्छ । यसलाई परिवर्तन गर्न सजिलो छैन ।

किशोरावस्थाको उतारचढावको केही वर्षमा विभिन्न किसिमका क्रियाकलापमा संलग्न हुने चाहना हुन्छ र आफूलाई नौलो लाग्ने कतिपय कुरालाई प्रयोग गर्न (experimentation) खोजिन्छ, तर पछि उनीहरू आफ्नो प्राकृतिक स्वभावमा मिल्ने क्रियाकलाप मै संलग्न हुन्छन् ।

**समलिंगी भनेको के हो ?**

यौनको दृष्टिकोणले विपरित लिङ्गी व्यक्तिप्रति आकर्षित हुने व्यक्तिलाई हामी 'विपरीत लिङ्गी' यौन परिचय भएको मानिस भन्छौं भने आफ्नै जस्तो समान लिङ्ग भएको व्यक्तिप्रति आकर्षित हुनेलाई 'समलिङ्गी' (homosexual) र यस्तो 'पन'लाई समलैङ्गिकता (homosexuality) । यौनका दृष्टिले पुरुष तथा महिला दुवैप्रति आकर्षित हुने व्यक्तिलाई हामी द्विलिङ्गी (bisexual) भन्छौं ।

केटाजस्तो हुन के गर्नुपर्ला ?

पुरुष समलिङ्गीबीचको यौन व्यवहार एकातिर छ भने उनीहरूबीचको लैङ्गिक भूमिका आफ्नै ठाउँमा छ । यहाँ दुवै पुरुष भए पनि एकले पुरुषको जस्तो र अर्कोले महिलाको जस्तो भूमिका निर्वाह गर्छन् । कतिपय स्थितिमा यी भूमिकालाई परिवर्तन गरेर यौनसम्पर्कलाई अघि बढाइन्छ भने कतिपय स्थितिमा एक व्यक्तिले पुरुषको भूमिका र अर्कोले महिलाको भूमिका निर्वाह गर्छन् ।

पत्रअनुसार तपाईं महिलाको भूमिका रुचाउने व्यक्ति हुनुहुँदो रहेछ । यसलाई परिवर्तन गर्न तपाईंले सोच्नुभएको जस्तो सजिलो नहुनसक्छ । यस विषयमा थप विचार गर्नुहोस् अनि पत्ता लगाउनुहोस् कि तपाईं वास्तवमा भित्रैबाट केटा भएर बाँच्न चाहनुहुन्छ कि केटीजस्तो भएर । पक्का भएपछि आफ्नो भावी जीवनलाई कसरी डोऱ्याउने भन्ने कुरा सजिलो हुन्छ ।

सामान्यतः समाजमा धेरैजसो व्यक्तिले अनुसरण गर्ने व्यवहार तथा चलनलाई नै ठीक मानिन्छ र त्यसबाहिरको व्यवहारलाई अप्राकृतिक मानिन्छ । यथार्थ के हो भने प्राकृतिक नै भए पनि धेरै जनाले गर्ने भन्दा फरक किसिमको व्यवहार गर्ने व्यक्तिहरू पनि समाजमा पाइन्छन् । समलैंगिकतालाई संसारकै धेरैजसो समाजले तटस्थ भएर नहेर्ने भएकाले परिवार अनि समाजका अरू मान्छेलाई थाहा भए विभिन्न अप्ठ्याराको पनि सामना गर्नुपर्ने हुनसक्छ । अहिले नेपाल पहिलेको भन्दा तुलनात्मक रूपमा केही सहज बनेर आएको छ, तर पनि अप्ठ्याराहरूसँग सामना गर्न तयार रहनुपर्छ । तपाईं यदि पूर्ण रूपमा समलैंगिक हुनुहुन्छ भने यसलाई परिवर्तन गर्न गाह्रो हुनेछ भन्ने कुरा बिर्सनु हुँदैन । समलैङ्गिकताको क्षेत्रमा कार्य गरिरहेका संस्थाहरू (जस्तै : नीलहिरा समाज) ले तपाईंलाई मद्दत गर्न सक्छ ।

**लिंग उत्तेजित हुन नदिन के गर्नुपर्ला ?**

माथि नै भनिसकियो कि किशोरावस्थामा यौनभावना प्रबल हुन्छ र स्वाभाविक रूपमा यौनसम्बन्धी सानो कुराले पनि लिङ्ग नै उत्तेजित हुन पुग्छ । यो एकदमै स्वाभाविक कुरा हो । यी कुराले तपाईंमा यौनसम्बन्धी कुराको विकास राम्ररी भैरहेको कुराको संकेत गर्छ । यो कुरा पक्कै हो कि यौनभावना प्रबल हुँदा अध्ययन वा अन्य कुराबाट त्यसैमा ध्यान गैरहन्छ, तर यसलाई पूर्ण रूपमा रोक्न खोज्नु बुद्धिमानी होइन । यौनको दृष्टिकोणले स्वस्थ व्यक्ति यी अवस्थाबाट गुज्रिएको हुन्छन् । शारीरिक परिश्रम हुने क्रियाकलापमा संलग्न हुनुका साथै धेरै समय एकान्तमा त्यसै नबस्ने अनि आफ्ना रुचि (हबी)का विषयमा बढी समय दिन सके केही सहयोग पुग्न सक्छ । तालिका बनाई, लक्ष्य राखेर पढे तपाईंलाई केही सजिलो हुनसक्छ ।

**हस्तमैथुन**

आफ्नो यौनअंग आफैंले चलाएर यौन सुख प्राप्त गर्ने क्रियाकलाप नै हस्तमैथुन हो । यो स्वाभाविक कुरा नै हो । प्रायःजसो हस्तमैथुनसँगै यौन परिकल्पना पनि गाँसिएर आउँछ ।

ग्यारेन्टी उपचार
No side effect, 100% Gurantee
With Home Delivery
शारिरीक तौल
चाहेजति बढाउन घटाउन सक्ने
यौनः
शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्गको लम्बाई तथा मोटाई बढाउन।
स्तन, गुप्ताङ्ग
बढाउने, घटाउने तथा टाईट गर्ने।
अनुहारः
पोतो, चाँया, डण्डिफोर तथा wrinkle हटाउने।
उपचार नभए पैसा फिर्ता
gaurranty_upachar@yahoo.com
2121576 9841570546
9803326359 2325352

अब गर्व गरौ
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
डेलिभरी सुविधा
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौनः लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तनः बढाउन, घटाउन र टाइट गर्न
शरीरः ३ महिनामा 12kg घटाउन, बढाउन
कुलतः जाँड रक्सीबाट पूर्ण मुक्ति 061-240234
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
4672065, 2084130
2172882, 9841883397

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modem Management Modem Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज वसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

Bonanza Offer
50-65% Discount in IT courses
Graphic, WebPage Design
Hardware & Networking
Tally/FACT/Tata Ex
Php, My SQL, Asp.Net
Basic - Advanced Aplication
* First 50 Students only
WANTED
Online DataEntry
Part Time HomeTypists - 20
REDSTAR Pvt.Ltd.
Jamal DilliBazar
01-2302518 9851106078
info@redstarforyou.com 9803043877

सुखी विवाहित जीवनको लागि
सेवाको १४ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतनं, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगानाः फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

## सन्देश

ममी, तपाईंको जन्मदिन (साउन ६ गते) को उपलक्ष्यमा हामी छोराहरूको तर्फबाट हार्दिक मंगलमय शुभकामना एवं उत्तरोत्तर प्रगतिको कामना ।

**उज्ज्वल/प्रज्ज्वल**

हाम्रा आयुष्मान् नाति मनीषकुमार बरालको पाँचौं शुभजन्मोत्सवको अवसरमा सुस्वास्थ्यको कामना गर्छौं।

**कुमार**

एस., तिमीलाई जन्मदिनको अवसरमा हृदयदेखि शुभकामना । दुःखमा पनि खुसी रहन सक्ने क्षमता आओस्। चाहेका कुरा तिमी प्राप्त गर । तिम्रो परिवारिक जीवन सफल होस्। तिमीलाई जन्मदिनको धेरै-धेरै शुभकामना, सधैं खुसी अनि सुखी रहनु... ।

**ए.**

बिहीबार ३:३० बजेतिर कोटेश्वरदेखि नेपाल यातायातमा न्यू प्लाजासम्म जाँदा मीनभवनबाट चढ्ने दुई जना साथीमध्ये मेरै छेउमा उभिनुभएको कहिले स्कुटी किन्नुपर्‍यो भन्ने कहिले एक्सिडेन्ट हुन्छ भन्ने, नोटबुकहरू भारी भए भन्ने तर म बोकिदिन्छु भन्दा नदिने र अन्त्यमा मैले सिट छोडिदिएको अपरिचितसँग मित्रताको हात बढाउन चाहन्छु ।

**pupra69-yahoo.com**

सिर्जनालगायत भानुभक्तमा अध्ययनरत जुना, केशु, दुर्गा, लक्ष्मी, महेन्द्र, राजेश, राज, याम, शमु, तेशु, मीतज्यू, तेज, खिमलगायत दीपा, मीना, दिनेश, मणि, सुवास, तारा, अमृत, पूर्ण, विनिता, सुनीता तथा इन्दु, रश्मिलालगायत सबैमा सफलताको कामना ।

**दिनेश कार्की**

नवीना, तिम्रो यादले सतायो । सन्चै होला नि हैन ? राम्रोसँग पढ्नु है, पार्वती, सम्झना, सुरज सावित्री,



सुष्मा, तगु, अनिता, साथै पत्रमित्र नमुना, मीना, दुर्गाका साथै साथीहरूलाई मेरो मीठो सम्झना छ है ।

**kalyan_gurung2007@yoo.com**

उही चञ्चले र हँसिलो स्वभाव भएकी 'स्वर्गकी रानी मायाकी खानी' 'पी', तिमी जहाँ भए पनि आजको दिनसम्म तिमीलाई धेरैभन्दा धेरै सम्झना एवं न्यानो माया । तिमीले त मलाई चिन्दिनौ होला, तर म भने तिमीलाई हरक्षण हरपल सम्झिरहन्छु ।

**राज**

मेरो टाउको दुख्ने रोगका कारण धेरै ठाउँमा उपचार गरेर औषधी खाए पनि सञ्चो नहुँदा मैले जीवनदेखि टाढा हुन आत्महत्या गर्ने विचारमा थिएँ, तर डा. अरुण शर्माको उपचारपछि सबै रोग सन्चो भई अर्को जुनी पाएजस्तो भएका कारण धेरै-धेरै शुभकामना व्यक्त गर्दछु ।

**रोहित**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................................................

उमेर : ....................................... उचाइ : ..................................

पेसा : .................................. शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ...............................वर्ण : ..................................

इमेल : ..............................................................................

ठेगाना :.............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

# यसरी बित्दैछ जिन्दगी



हिजोआज दिनहरू साह्रै उराठ लाग्दा भएका छन् । म पात झरेको पलाँसझैं उजाड देखिन्छु । कुनै चाहना नभएको, उदास र थकित, त्यसमाथि उनको बदलिँदै गएको इच्छा एवं आकांक्षा देख्दा मलाई अनौठो लाग्छ ।

आज पनि बिहानै उनको मोबाइल बज्यो । ल, ल म आइहालें भन्दै फोन राखिदिई उसले । मेरो मन भने तीतो भयो । ऊ छाँटिएर हतारिँदै हिँडी । बाहिर हेरें एउटा कार उसैलाई पर्खिरहेको रहेछ । कारको ढोका उघार्दै ऊ भित्र पसी, कार हुइँकियो । यति सबेरै लिन आउने को होला ? लामो कपाल पाल्या छ, हेर्दै डर लाग्यो । म पुरुष भएर पनि त्यस्तो मान्छेको संगत अहिलेसम्म गरेको छैन । ऊ त एउटा नारी कस्ता-कस्ताको संगत उसको, कति महसुर ? कहिलेकाहीं मनमनै सोच्छु, अनेक कुराहरूले मन भरिन थाल्छ । सबै हाँसीखुसी हिँडेको देख्छु । मेरो मन भने खाली उसकै चिन्तामा अल्झिएको छ । दिन अफिस, क्याम्पस एवं साथीभाइसँग सजिलै बित्छ । जब उसलाई सम्झिन्छु बोल्दा बोल्दैको बोली पनि रोकिएर झ्याप्पै गम्भीरताले छोपिदिन्छ । गास-बासको समस्या पर्थ्यो पहिले-पहिले गाउँबाट झर्दा । अहिले कुनै कुराको समस्या छैन । उसको दराज खोलेर हेरें हिजोभन्दा झन् धेरै पैसा थियो त्यहाँ । म छक्क पर्छु ऊ बिहान हिँड्दा कहिल्यै पैसा लग्दिन । घुम्न पनि त पैसा चाहिँदो हो, फेरी-फेरी फेसन गर्छे । आफ्नो पैसा चलाउँदिन ऊ । आखिर कसले दिन्छ उसलाई पैसा ? सोचें बोसो पगालेर बाल्न पल्केकाहरू किन मैनबत्ती किन्थे र !

दिन ढल्किसक्यो, रातले पनि फड्को मार्दैछ । अझै पनि ऊ आउने कुनै संकेत छैन । बिहानै गएकी मान्छे, त्यो पनि त्यस्तो डरलाग्दो मान्छेसँग । मन त्यसै-त्यसै आत्तिन थाल्छ । काम गरूँ हातमा काम आउँदैन । चिन्तै चिन्तामा खाटमा ढलेंछु कतिखेर निदाएँ कुन्नि, ऊ कतिखेर आइछे कतिखेर, थाहै पाइनँ । छिट्टै ब्युँझिएँछु । क्रमशः बिहानी हुँदै थियो । ट्रेसी च्यापननको 'बेबी क्यान आई होल्ड यु' गीत बज्दै थियो । म गीतसँगै बग्दै थिएँ ।

उफ्... ऊ किन एक्कासी बदलिँदै छे । मलाई जुनसुकै बेला यही कुराले सताइरहन्छ । ऊ कहाँ जान्छे, के गर्छे केही थाहा हुँदैन । आज दिनभर उसकै चिन्तामा मन अल्झियो । अफिस र क्याम्पस छुट्टी भएकाले कतै जान मन लागेन । यताउता गर्दैमा दिन बित्यो । बिहानै सोधेको थिएँ हिंजो कहाँ गएकी थियौ भनेर । साथीसँग थिएँ, ऊ सधै यसै भन्थी । आज पनि ऊ हतारमै थिई । आज प्रणय दिवस, पहिले-पहिले हामी सँगै कतै गएर यो दिन रमाइलोसित मनाउँथ्यौं तर आज सँगै हुँदा पनि मसँग बोल्ने फुर्सदसम्म थिएन उसलाई । ऊ भन्दै थिई म आउँदिन क्यारे आज... । मैले निसंकोच स्वीकारिदिएँ । आज दिउँसो उसलाई एउटा डिस्को अगाडि देखें । ऊ थुप्रै केटाहरूको माझमा चुरोट सल्काएर बसेकी थिई । पहिले-पहिले आँगनमा निस्कँदा पनि लाजले शिर झुकाउने ऊ डान्स र डिस्को धाउन थालिछे । मन फेरि खिन्न भयो । गाउँमा कहिलेबाहीं रोदी जाँदा ऊ मलाई गाली गर्थी । आज ऊ डान्स तथा डिस्को धाउँदा मैले केही भन्न सकिनँ । सारा इच्छा-चाहनाले लात मारेझैं लाग्छ । दिउँसो यताउता लखाक लुखुक हिँड्यो, मनमा केही आशा उब्जिन्थ्यो । घर फर्कियो उही बिरानो कथाले सताउँछ । मन मरिसकेको छ तर पनि मेरो नजर ऊबाहेक अन्त जानै सक्दैन । मान्छे त्यति सजिलै बदलियो तर माया किन बदलिन सक्दैन ? मान्छे त्यति सजिलै मरेतुल्य बन्यो तर माया किन मर्दैन ? जति सोच्दै जान्छु त्यति नै गम्भीर बन्दै जान्छु । आफ्नो भन्ने कोही नभएझैं लाग्छ । हाँसेर बोल्न लगभग-लगभग भुलिसकेको छु । आगोले त पोल्छ भन्थे तर मन पोल्नलाई आगो चाहिँदो रहेनछ । आजभोलि हाँस्ने रहर हुँदाहुँदै पनि हाँस्न सक्दिनँ यद्यपि पुरुषमा हुनुपर्ने गुण हुँदाहुँदै पनि सारा सपनालाई चुपचाप सती पठाउँदैछु ।

पुरुषको भाग्य र नारीको चरित्र दैवले पनि जान्दैनन् रे, म त एउटा लाचार पुरुष न हुँ के नै जान्दथें र... ? हिंजोआज ऊ मेरी हो भन्न पनि लाज लाग्छ । छोटाछोटा लुगा लगाउँछे । सिङ्गारपटार गर्छे अनि कहाँ जान्छे, के गर्छे थाहै हुँदैन । डर र चिन्तामा बाँच्दैछु । मसँग प्यास छ तर पानी छैन । निधार छ भाग्य छैन । आँखा छ दृष्टि छैन । श्रीमती छ तर प्रेम छैन । जीवनको अर्थ चाहनाको भूमरीभित्र मृत्यु पर्खनुबाहेक केही रहेन ।

हैन कहाँ गइछे आज ऊ ? रात निकै छिप्पिसक्यो तैपनि आएकी छैन । बाहिर चारैतिर अन्धकार छ । कतै केही आवाज सुनिँदैन । हावाले पातहरू मात्र हल्लाइरहेछ स्यार्र...सुर्र... । म भने बत्ती बालेर उसलाई पर्खिरहेंछु । कहाँ गइहोली मेरी प्रेयसी, कोही कसैले कुनै कुनाकाप्चातिर देख्नुभएथ्यो कि ?... ।

**– जीपेश**

## साप्ताहिक साथी



उच्च शिक्षा हासिल गरी भर्खरै जागिर पाएका रुल्फा गुरुङ २४ वर्षका छन् । ५ फिट १० इन्च अग्ला गुरुङ अविवाहित हुन् । नरम स्वभावका गुरुङ साहित्य तथा पत्रमित्रता गर्न रुचाउँछन् । सहयोगी, इमान्दार, उत्तरदायित्व बहन गर्न सक्ने व्यक्तिको खोजीमा रहेका गुरुङलाई aabessg@hotmail.com मा पत्राचार गर्न सकिन्छ ।



गोरो वर्णका दीपकसिंह ठकुरी ५ फिट ४ इन्च अग्ला छन् । २० वर्षीय ठकुरी जागिरका सिलसिलामा काठमाडौंमा बस्छन् । हालसम्म अविवाहित ठकुरी संगीत सुन्न तथा नयाँ-नयाँ साथी बनाउन रुचि राख्छन् । प्रवेशिका उत्तीर्ण गरेका ठकुरी मिलनसार, सहयोगी तथा अरूको भावना बुझ्ने साथीको खोजीमा छन् । उनलाई पोस्ट बक्स नम्बर ९३००, ठमेल, केशरमहल, काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।



दिनेश शर्मा १९ वर्षीय विद्यार्थी हुन् । उनले हालै १२ कक्षा उत्तीर्ण गरेका छन् । मिलनसार स्वभावका दिनेश ५ फिट ७ इन्च अग्ला छन् । पत्रपत्रिका पढ्न रुचि राख्ने दिनेश अविवाहित हुन् । रूप र धनको घमन्ड नगर्ने, सबैप्रति समान व्यवहार गर्ने, मीठो बोलीवचन भएका युवतीको खोजी गरिरहेका निदेशलाई दुलेगौंडा-९, बेलचौतारा, तनहुँमा पत्राचार गर्न सकिन्छ ।

# वातावरणमैत्री गोसाइँकुण्डको यात्रा



गोसाइँकुण्डको यात्रामा आउने वातावरण विज्ञानका विद्यार्थीहरूलाई त्यस क्षेत्रमा रहेका वनस्पतिहरू संकलन नगर्न गोसाइँकुण्ड क्षेत्र विकास समितिले अनुरोध गरेको छ । विद्यार्थीहरूले जथाभावी वनस्पति संकलन गर्नाले यहाँको जैविक विविधतामा ह्रास आएको देखिएपछि यस्तो अनुरोध गरिएको हो । रसुवा जिल्लाको स्याफ्रु गाविसको ४ हजार २ सय ४० मिटरको उचाइमा रहेको गोसाइँकुण्ड, लाङटाङ राष्ट्रिय निकुञ्जभित्र अवस्थित धार्मिक क्षेत्र हो । जनैपूर्णिमाका दिनमा मात्र हजारौं मानिस आउने यो क्षेत्रमा अरू बेला दृश्यावलोकन एवं पदयात्राका लागि स्वदेशी-विदेशी पर्यटक आउँछन् ।

समुन्द्र मन्थनबाट उत्पन्न कालकुट विषको डाहा शान्त पार्न हिमालय खण्डमा आई भगवान् शिवले आफ्नो हातमा भएको त्रिशूल पहाडको भित्तामा हिर्काउँदा भित्ताबाट बगेको पानीबाट कुण्ड उत्पत्ति भएको भन्ने धार्मिक विश्वास छ । यो कुण्डमा स्नान गरी महादेवको दर्शन गर्नाले पितृ तर्नुका साथै स्वर्गमा बास पाइन्छ भन्ने विश्वासका साथ भक्तजनको भीड लाग्ने गरेको हो । यो क्षेत्र वरिपरि सूर्यकुण्ड, भैरवकुण्ड, आमाकुण्ड, सरस्वतीकुण्ड आदि १ सय ८ कुण्ड छन् । यस क्षेत्रको भ्रमण गर्दा, हिमाली भेगका वन्यजन्तु, चराचुरुङ्गी, गुराँसका एक दर्जनभन्दा बढी प्रजाति तथा तामाङ संस्कृति, गुम्बा, वेशभूषा आदिका बारेमा जानकारी पाइने भएकाले पर्यटकका लागि यो ठाउँ महत्त्वपूर्ण एवं रमणीय गन्तव्य भएको छ ।

गोसाइँकुण्ड पुग्ने सबैभन्दा प्रचलित मार्ग धुन्चे हो । काठमाडौंबाट १ सय १७ किलोमिटर उत्तरमा रहेको धुन्चेसम्म काठमाडौंबाट नौ घन्टाको बस यात्रापछि पुग्न सकिन्छ । धुन्चेमा बास बसेको भोलिपल्ट घट्टेखोला, देउराली, ठिम्सा हुँदै साँझसम्ममा ३ हजार ३ सय मिटरको उचाइमा स्थित चन्दनबारी पुगिन्छ । चन्दनबारीबाट ठाडो उकालो उक्लँदै चोलाङपाटी, लौरीविनायक पुगेपछि समथल बाटो भेटिन्छ । उकालो उक्लँदा प्रयोग गरिएका लौरीहरू लौरीविनायकको मन्दिरमा चढाइन्छ । त्यसपछि आधा घन्टाको रमाइलो बाटो हिंडेपछि गोसाइँकुण्ड पुगिन्छ ।

स्थानीयबासीले यो क्षेत्रमा प्रदूषण फैलन नदिन तीर्थयात्रीहरूलाई प्लास्टिक, बोतल, टिनका बट्टा आदि कम मात्र प्रयोग गर्न सुझाव दिएका छन् । यहाँ विश्वमै लोप हुन लागेका मिनोनप्सिस तथा ससुरिया प्रजातिका बिरुवा भएकाले वातावरणविद्हरूलाई जथाभावी बोटहरू नचुँड्न एवं नकुल्चन स्थानीय प्रशासनले अनुरोध गरेको छ । तीर्थालुहरूलाई भेटी र प्रसाद पोखरीमा नचढाउन अनुरोध गर्दै बाहिर तोकिएको स्थानमा मात्र चढाउने व्यवस्था मिलाएको छ । वन्यजन्तु र वनस्पतिको संरक्षणका लागि कुण्डसम्म जान तोकिएको बाटो मात्र प्रयोग गर्न स्थानीय निमा लामा शेर्पाले भक्तजनहरूसँग अनुरोध गरेका छन् । स्थानीय उपभोग्य वस्तु प्रयोग गरी यात्रालाई हलुका र आरामदायी बनाउन सकिन्छ ।

गोसाइँकुण्डबाट फर्कंदा चिलिमे पावर हाउस तथा ऐतिहासिक रसुवागढीको अवलोकन गर्न सकिन्छ । चिलिमेको तातोपानी, पार्वतीकुण्ड, लाङटाङ उपत्यका र क्यान्जिङ उपत्यका यस क्षेत्रका थप रमणीय स्थल हुन् । फर्कंदा गोसाइँकुण्डको चिनोका रूपमा चन्दनबारीबाट याकको चीज, बटर एवं घिउ ल्याउन सकिन्छ । रसुवाको स्याउ, त्रिशूल धाराको पवित्र जल, लालीगुराँसको जुस र तामाङ वेशभूषा चिनोका रूपमा ल्याउन सकिन्छ, तर वातावरण विनाश हुने गरी वनस्पति एवं वन्यजन्तु लिएर आएको भेटिए कानुनबमोजिम कारबाही हुने कुरा गोसाइँकुण्ड क्षेत्र विकास समितिले जनाएको छ ।

**–रविन राचलिका**




## प्रतीक चिन्ह

कुनै पनि ओलम्पिकको प्रतीक चिह्नले विशेष अर्थ राख्छ । बेइजिङ ओलम्पिकको प्रतीक चिह्नले पनि विभिन्नअर्थ बोकेको छ । बेइजिङ ओलम्पिकको प्रतीक चिह्न 'डान्सिङ बेइजिङ' हो । चिनियाँ परम्परामा छापका रूपमा प्रयोग हुने सिलभित्र नाचिरहेको मानिस देख्न पाइन्छ । रातो रंग चिनियाँहरूबीच शुभ रंगका रूपमा प्रयोग हुने हुँदा प्रतीक चिह्नको रंग पनि रातो छ । प्रतीकको बीच भागमा चिनियाँ अक्षरको जिङलाई क्यालिग्राफी तरिकाले लेख्दा नाचिरहेको मानिसजस्तो देखाइएको छ । चिनियाँ भाषामा जिङको अर्थ राजधानी हो । उक्त प्रतीकमा मानिसको नाचिरहेको खुट्टाले ड्रागनको समेत संकेत गरेको छ भने मानिसले फिँजाएको हातले स्वागतको संकेत गरेको छ । नाचिरहेको मानिसको खुट्टालाई राम्रोसँग नियाल्ने हो भने मानिस कुदिरहेको देखिन्छ र उसले दौडको अन्तिम घेरा छुन खोजेको छ । प्रतीक चिह्नको तल बेइजिङ ओलम्पिक २००८ लेखेर त्यसको तल्लो भागमा ओलम्पिक रिङ राखिएको छ । १ हजार ९ सयभन्दा बढी प्रतियोगीले प्रतीक चिह्न निर्माणको प्रतिस्पर्धामा भाग लिए पनि ग्वाङ चुनिङले बनाएको यो प्रतीक चिह्न छनौट भएको थियो ।

## पदक




बेइजिङ ओलम्पिकमा सफलता पाउने खेलाडीहरूलाई प्रदान गरिने पदकमा चीनको प्राचीन परम्परा झल्काउने प्रयास गरिएको छ । प्राचीन चीनमा गहनाका रूपमा प्रयोग हुने 'बिई' (विशेष धातुबाट बनेको गोलाकार सिक्का जसको मध्यभागमा प्वाल पारिएको हुन्छ) मा ड्रागनको कलात्मकता भरिएको छ । पदकमा सुन र जाडे नामक धातु सम्मिश्रण गरिएको छ । जाडे चीनमा चौथो महत्त्वपूर्ण धातु मानिन्छ । यसको प्रयोगले मानिसमा आफ्नो परम्परालाई कायम गर्ने र अरूलाई सम्मान गर्ने सामाजिक भावनाको विकास गराउने जनविश्वास छ । पदकको गोलाई ७० मिलिमिटर तथा मोटाइ ६ मिलिमिटर छ । पदकको अघिल्लो भागमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको प्रतीक चिह्न राखिएको छ भने पछिल्लो भागमा बेइजिङ ओलम्पिकको प्रतीक चिह्न मध्यभागमा छ । पदक झुन्डाउने रिबनलाई पनि जाडे झुन्ड्याउने शैलीमै ड्र्यागन आकारमा बनाइएको छ ।

## मस्कट



बेइजिङ ओलम्पिकको मस्कट ओलम्पिक रिङ पाँच रंग प्रयोग गरेर बनाइएको छ । पाँच किसिमका जनावरको प्रतीक रहेको मस्कटलाई 'फुवा' नामकरण गरिएको छ, जसको अर्थ मित्रता र शान्ति हुन्छ । चिनियाँ बालबालिकाहरूमा अत्याधिक लोकप्रिय जीव जनावर माछा, पाण्डा, तिब्बतमा पाइने चिरु र धोवी चरा तथा ओलम्पिक ज्योति समावेश गरेर मस्कट निर्माण गरिएको छ । चिनियाँ बालबालिकाले माछालाई बिइबिइ, पाण्डालाई जिङजिङ, ओलम्पिक ज्योतिलाई ह्वानह्वान, चिरुलाई यिङयिङ र धोवी चरालाई निनि भन्छन् । यी सबै नामलाई एकै शब्दमा राख्दा बिई जिङ ह्वान यिङ नि हुन्छ जसको अर्थ बेइजिङमा स्वागत छ भन्ने हुन्छ । यसबाहेक फुवाभित्र रहेका जनावरको टाउकोमा देखिने कलात्मक चिनियाँ मुकुटले पानी, जंगल, आगो, पृथ्वी तथा आकाशको प्रतिनिधित्व गर्छ ।

फुवाको अग्रभागमा माछा अर्थात् चिनियाँ बालबालिकाको भाषामा बिइबिई छ । माछाको सम्बन्ध पानीसँग हुने र पानीले कृषिलाई समृद्ध तुल्याउने गरेको छ । बिइबिईको टाउकोमा पानीको छाल छ जसले बेइजिङ ओलम्पिकमा पानीसँग सम्बन्धित खेलको प्रतिनिधित्व गर्नेछ । यसको रंग नीलो छ जसले ओलम्पिक रिङमा रहेको नीलो घेराको प्रतिनिधित्वसमेत गर्छ ।

चिनियाँ बालबालिकाका सामु जिङजिङ शब्द उच्चारण गर्दा उनीहरूमा खुसी आउँछ भने बालबालिका खुसी हुन् भनेर उनीहरूले विश्वकै दुर्लभ वन्यजन्तु पाण्डालाई जिङजिङ भनिन्छ । पाण्डाको शरीरमा भएको कालो रंगलाई ओलम्पिक रिङमा रहेको कालो रंगसँग तुलना गरिएको छ । जिङजिङको टाउकोमा कमलको फूल आकारको आभूषण छ । यो आभूषण चीनमा इसापूर्व ९६० तिर सोङ राजवंशको समयमा प्रयोग हुन्थ्यो । कमलको फूल आकारको आभूषणले प्रकृतिको समेत प्रतिनिधित्व गरेको छ ।

फुवाको बीचमा रहेको ह्वानह्वानले ओलम्पिक ज्योतिको प्रतिनिधित्व गर्छ । बीचमा बसेको ह्वानह्वानले सबैलाई प्रोत्साहन गरिरहेको हुन्छ र ओलम्पिक ज्योतिले चाँडो दौडन, उफ्रन र बलियो हुन प्रोत्साहित गरिरहेको हुन्छ । ह्वानह्वानको टाउकोमा रहेको गहना परम्परागत चिनियाँ आभूषण हो । यो आगो रङको आभूषणले कुनै पनि काम गर्नुअघि शुभसंकेत गर्छ । आगोको रंग रातो हुन्छ र यसले ओलम्पिक रिङमा रहेको रातो रङको घेराको प्रतिनिधित्व गरेको छ ।

ओलम्पिक रिङको पहेंलो घेराको प्रतिनिधित्व यिङयिङले गरेको छ । तिब्बतको क्विङ हाई क्षेत्रमा हजारौंको झुन्डमा हिँड्ने चिरुलाई चिनियाँहरू यिङयिङ भन्छन् । यो जनावरले प्रकृतिको प्रतिनिधित्व गर्छ । यसको टाउकोमा रहेको गहना तिब्बतको क्विङ हाई तथा सिनकिहाङ क्षेत्रको कलात्मक गहनाको प्रतिरूप हो ।

चीनमा वसन्त ऋतुमा चङ्गा उडाउने परम्परा छ । चीनमा विभिन्न आकारका चङ्गा उडाउने क्रममा सुनौलो पखेटा भएको धोवी चरा सर्वाधिक लोकप्रिय मानिन्छ । सुनौलो प्वाँख भएको धोवी चरा चिनियाँ परम्परामा शुभ मानिन्छ । यो चरालाई चिनियाँ भाषामा याङ पनि भनिन्छ । याङजिङ बेइजिङको पुरानो नामसमेत हो । फुवामा यो चराले ओलम्पिक प्रतियोगिताको हरियो रंगको प्रतिनिधित्व गर्छ । चिनियाँ बालबालिकाले निनी भन्ने यो चरा सधैं उत्साहित रहँदै हावामा बकटे हान्छ र यसले जिम्न्यास्टिक खेलको प्रतिनिधित्व गर्छ ।


## रोजगार

शिक्षित/ अशिक्षित महिला/ पुरुष आवश्यकता, १५ जना, रु ८०००/- कौशलटार, ९८०३४२१५२६, ६६३५४०१

कम्प्युटर प्रविधीबाट मोवाइलफोन मर्मत टेलिभिजन, हाउसवाइरिङ्ग, तालिम साथै ५ जनालाई रोजगार दिइने, ०१-२४०५८३२।

महिला कर्मचारीहरु चाहियो, घरमै बसि पार्टटाइम, फुलटाइम कामगर्न सकिने ७०००। गौशाला ४४६६७००।

Online Data Entry Home Typist Redstar 9851106078, 2302518

NGO द्वारा निःशुल्कमा मोबाइल, रेडियो, टिभि, हाउसवाइरिङ्ग तालिम ४२६७३१६।

निशुल्क सुपर लर्निङ्ग, २४०६१४५, नबदुर्गा, बसुन्धारा

## कम्प्यूटर/भाषा तालिम

RJ /VJ /Mc पत्रकारितामा रोजगारी सहित तालिम खुल्यो, Rejoice Media P. Ltd. 4241371

अमेरिकनसँग अंग्रेजी सिकौं साथमा RJ, VJ Tuition तथा Computer Premium Academy कलंकीचोक २०२४००७, ९८४१७५७७६९

English, Japanese, Hebrew लगायत सम्पूर्ण भाषा सहित कम्प्यूटर को सम्पूर्ण कोर्षमा दक्षबनौ OLC चावहिलः ४४६१४५९

Computer, Graphic, Tally, Web, Hardware, Language, English, Japanese, German, French, Spenish, Korean, Hibrew, IELTS, Abroad Study Youth Institute Narayangopal Chowk: 4371530

नेपालमा नै पहिलो पटक अत्याधुनिक उपकरणहरु सहित मोवाइल फोन इन्जिनियरहरुबाट एडभान्स मोवाइल ट्रेनिङ्ग भैरहेछ, अब गुणस्तरिय तालिम लिन India जान नपर्ने , न्यरोड २३५७२०५

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

चाबहिल गणेस्थान पछाडीको कष्मेटिक ९८४१२९७९५०

चालिरहेको ब्युटिपार्लर बिक्रिमा सितापाइला चोक, ९८४१२३०६९८

## होटल तालिम

छुटमा कुक वेटर बारमेन क्याप्टेन तालिम४२२७३४६

## सम्पर्क

संगीतको स्तरिय शिक्षा तथा सस्कारको लागि हामीलाई सम्झनुहोस्, अनुराग संगित बिद्यालय, ४२३३६९०

विज्ञापन गर्नुपरेमा सम्पर्क ५६३९६४५, ५६३९५९९,

Cheap Bank Balance with Transaction Documentation, 9841588709

गाई, भैंसीको दही, मही, घ्यू, चिज, बटर, पनिर, क्रिम, आईसक्रिम, गुँदपाक, पुष्टकारी तथा मिठाईहरु पाईन्छ श्रीराम डेरी महाराजगञ्ज, चक्रपथः ४३७३२५२

तयारी ताजा चिकेन विशेष सहुलियत मूल्यमा धमाधम बिक्री भैरहेको छ खरिद परिणाम अनुसार विशेष छुटको व्यवस्था छ सम्पर्क चिकेन हाउस नयाँबजार, फोनः ४३५८८४४, ४३५८२५७

ईटा, बालुवा, गिट्टी, ढुङ्गा, ग्राभेल, माटो आदि चाहिएमा दुप्चेश्वरी महादेव सप्लायर्स बसुन्धरालाई सम्झनुहोस्: ०१६९१५२४१।

चाहेजति शारिरिक तौल घटाउन, बढाउन तथा लिङ्गको लम्बाई, मोटाई बढाउन, २३२५३५२, ९८०३५०२२५९

२, ३, ४ बोरिङ्ग तथा फील्टर गरेर खानेपानी निकालिन्छ, ९८४११९८३४०

## रिकण्डिसन मोटरसाईकल

मोटरसाइकल खरिद बिक्रि तथा सट्टापट्टाकोलागि मनोज अटो इन्टर प्राइजेज, मित्रपार्क सम्पर्कः ९८४१३८५९३१, ४४६९०२५

मोटरसाइकल खरिद बिक्रि तथा सट्टापट्टाकोलागि लुम्बीनी इन्टरप्राइजेज चाबहिल मित्रपार्कः ४४८८४२४, ९८४१६४३६२७

मोटरसाइकल ट्याक्सी खरिद बिक्रि तथा सट्टापट्टाकोलागि महालक्ष्मी रिकन्डीशन शोरुम चाबहिल मीत्रपार्कः २०७३५५४, ९८५१०४२६२८

## IELTS/TOEFL

IELTS @ 3000, Books CD Free, Grand Max, New Baneshwor 4485916

## मर्मत

Key House पुतलीसडक, न्यूप्लाजाः ४४३०८११, मोवाईलः ९८४१८८८२४२

## ब्यूटिपार्लर

ऐश्वर्य ब्युटिपार्लरमा तीजको अवसरमा सौन्दर्य सम्बन्धी कार्यमा विशेष छुट, नया बानेश्वर, ९८०३१६०९००

सबिनाज ब्युटि केयर एण्ड ट्रेनिङ्ग सेन्टरमा बिदेशबाट तालिमप्राप्त ब्युटिसियनद्धारा आधुनिक मेशिनबाट एडभान्स, बेसिक, स्पेसल ब्युटिसियन कोर्षहरुको तालिम संचालन भइरहेको छ, साथै हेयर Straighting, Perming, skin अनुसार हर्बल फेसियल ब्युटिकेयर सम्बन्धि कार्यहरु गरिन्छ, पकनाजोल, ९८४१५५४७५७, ०१६२२६९४२

श्रृङ्गार ब्युटिपार्लरमा हेयर कटिङ्ग, कलरिङ्ग स्ट्रेट, कर्लि रेन्बो, हाईलाइट, फेसियल गर्नुका साथै ट्रेनिङ्ग पनि दिइन्छ, तीजको अबशरमा बिशेष छुट, ९८४१५९२२९५, ९८४१७७८४२४

लम्बु हरि ॐ हेयर ड्रेसर शैलुनमा लेडिज एण्ड जेन्ट्सको कपाल स्ट्रेट, रातो, कालो साथै फेसियल, मसाज पनि गरिन्छ, नयाँबजार ९८०३६८९९४६

## ड्राईभिङ्ग सिकौं

सुमन मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर नयाँबजार खुशिवुमा महिलाद्वारा महिलाहरुलाई कार रु. ५०००। मोटर साइकल रु. १५००। स्कुटर रु. २०००। मा सिकाइन्छ, ४३५७०८३, ९८४१२३४६९५

बुढाथोकी ड्राईभिङ्गमा ड्राइभिङ्ग सिकौं, नयाँबानेश्वर, २०४२५१७, ९८४१२३४५५२

ग्यारेन्टीका साथ ड्राइभिङ्ग सिक्नुहोस्, ९७४१०८०४१५, २०६४१०३

ट्रायल ग्यारेन्टी- कार मोटरसाइकल, स्कुटर सिकाइन्छ, बुढाथोकी ड्राइभिङ्ग, ४२४२३८५

श्री शैलुंगेश्वरी मोटर ड्राइभिङ्ग सेन्टरमा ग्यारेन्टीकासाथ ड्राइभिङ्ग सिक्नकोलागिः ४२३१४७०

ग्यारेण्टीका साथ ड्राईभिङ्ग सिकौं महाराजगञ्जः ४३७५३३९, ९८४१२६४८५५

## भाडामा

घरफ्ल्याट तुरुन्तै भाडामा लिनदिनः ९८४१८१२०९५, २३६२७८०

## घरजग्गा

बसुन्धारा आत्माज्ञान भन्दा ५०० मिटर बाहिर ३-३ आनाको टुक्रा जग्गा बिक्रिमा, ४३८३२२८, ९८५१०७२३१६

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-४१७०२२ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# नेपाली खेलाडीहरूको सम्झनामा ओलम्पिक



काठमाडौं- सन् १९६४ मा टोकियो सहर पुग्दा ओलम्पियन भूपेन्द्र सिलवाललाई जिउदै स्वर्ग आइपुगेझैं अनुभूति भयो। गोदावरी, ललितपुरका स्थानीय बासिन्दा सिलवालले देखेको ठूलो सहर काठमाडौं मात्र थियो। 'संसार त यस्तो पो हो त,' टोकियो पुग्नेबित्तिकै सिलवालले मनमा यही तर्कना गर्न थाले। टोकियोको रमझममा नेपाली ठिटो रमाएको देखेपछि छोटो समयमै मित्र भएका जापानीले उनलाई त्यही बस्न भने, तर देशको इज्जत सम्झेर खेल सकिएपछि उनी आफ्नै देश फर्किए।

सन् १९६४ को टोकियो ओलम्पिकमा सहभागिता जनाएर प्रथम नेपाली ओलम्पियन बनेका सिलवालले यसअघि एसियाली खेलकुदमा पनि सहभागिता जनाएका थिए। एसियाली खेलकुदमा नांगै खुट्टा कुदेर सातौं स्थान पाएका कारण चर्चामा आएका सिलवाललाई ओलम्पिक खेलमा पनि केही गर्छु जस्तो लागेको थियो, तर उनी ७० औं स्थानमा रहे। नेपालको पहिलो ओलम्पियन बन्न पाएकोमा उनी गर्व महसुस गर्छन्। टोकियोको आधुनिकतालाई बुझ्न पाउनु उनको खेलजीवनको अर्को पाटो बन्यो। ओलम्पिक अनुभवसँगै उनले मनमा एउटै कुरा खेल्न थालेका छन्– 'देशका ठूला भनाउँदाहरू पनि त्यहाँ पुगेका होलान्। उनीहरूलाई चाहिँ हामी यस्तो उनीहरू त्यस्तो भन्ने किन नलागेको होला। आफ्नो क्षमताप्रति किन ग्लानि नभएको होला ?' उनी टोकियो ओलम्पिकको सम्झनासँगै देशको नेतृत्वसँग आक्रोश व्यक्त गर्छन्। विगतको त्यो यात्रा सम्झँदा उनको मनमा एउटा प्रश्न उठ्न थालेको छ, ४४ वर्ष अघिको त्यो जापान अहिले त झन् कस्तो भयो होला ?

भारोत्तोलनका सुनीललाल जोशी, सन् १९९६ को एटलान्टा ओलम्पिकमा हेभिवेट तौल समूहमा सहभागी भएका थिए। सुनीलले १९ जना प्रतिस्पर्धीमा दुई जनालाई मात्र पछि पारे, उनले नयाँ राष्ट्रिय कीर्तिमान कायम गरे तर उनको यो सफलताको खासै चर्चा भएन र यसबापत उनले खासै सम्मान पनि पाएनन्। हाल उनी ओलम्पियन संघका अध्यक्ष छन्। आफूले ओलम्पिकमा राष्ट्रिय सम्मान नपाए पनि अबका खेलाडीले राष्ट्रिय कीर्तिमान नै कायम गर्दा पनि प्रोत्साहित गर्नुपर्छ भन्ने पहिलो आवाज उठाउने सुनील लगातार पुरस्कारको घोषणा हुँदा सन्तुष्टिको अनुभव गर्छन्।

नेपाली समाजमा सुनीलको अर्को परिचय छ उनको भीमकाय शरिर। ओलम्पिक खेल्दा उनको तौल १ सय १५ किलोग्राम थियो, तर अचम्म अमेरिकामा त उनी साधारण देखिए। त्यहाँ उनले साधारण व्यक्ति नै १ सय ३५ किलोकासम्म भेट्टाए। प्रशिक्षण र खेलभन्दा बाहेक अर्को कुरामा आफूलाई केन्द्रित गर्नु नपरेको सुनीलको अनुभव छ। एटलान्टा ओलम्पिकमा सहभागिता गर्ने टोलीको ज्येष्ठ सदस्य सुनीललाई नै अन्य खेलाडीबारे ध्यान दिने जिम्मेवारी थपिएको थियो।

सन् १९८४ को लसएन्जलस ओलम्पिकमा ४ सय मिटर दौडमा सहभागी पुष्पराज ओझालाई पनि खेलको तयारीबाहेक अन्य कुराले खासै छोएन। प्रदर्शन पनि सामान्य रह्यो। अमेरिकी जनजीवनका बारेमा नेपालमै धेरै सुनेका कारण लसएन्जल्स सहर उनलाई त्यति अचम्म लागेन, तर संसारभरका खेलाडी, रमाइलो माहौल र आधुनिकताको संसारमा रमाएका ओझालाई ओलम्पिक सकिँदा नरमाइलो लागेको थियो। अहिले प्रशिक्षकका रूपमा ओलम्पिक यात्रा गर्ने क्रममा रहेका ओझा आफूले अहिले बढी जिम्मेवारी पाएको मान्छन्। 'खेलाडी हुँदा र प्रशिक्षक हुँदा कस्तो फरक हुन्छ, त्यो त त्यही पुगेपछि थाहा होला,' ओझा बताउँछन्।

गत ओलम्पिकमा सहभागी धावक राजेन्द्र भण्डारीको विचारमा यो चार वर्षमा धेरै फरक आइसकेको छ। यही चार वर्षको बीचमा खेलाडीलाई प्रोत्साहनस्वरूप थुप्रै रकमको व्यवस्था हुनुलाई उनी सकारात्मक मान्छन्। पहिलो ओलम्पिकमा भन्दा यो पटक नेपाली टोली फरक रहने उनी बताउँछन्। आफ्ना सहयात्री दीपक विष्टको खेल साँच्चै उत्कृष्ट रहेका कारण यस पटक विगतको भन्दा प्रदर्शन राम्रो हुने अपेक्षा उनले गरेका छन्। खेलाडी खेलमा मात्र केन्द्रित हुने र अधिकारीले बेवारिसे पारेर छाड्ने प्रचलन विगतमा पनि देखिएकाले यसमा सुधार आउने अपेक्षा भण्डारीले गरेका छन्।

चार वर्षअघि आयोजना भएको एथेन्स ओलम्पिकको १ सय मिटर ब्रेस्टस्ट्रोकमा सहभागी नयना शाक्य ओलम्पिकमा सहभागी हुन पाउँदा संसारका नाम चलेका खेलाडीलाई नजिकबाट देख्न पाउँदा उत्साहित बनेकी थिइन्। माइकल फ्लेप्स, अमान्डा बर्ड र एरोन पार्सलजस्ता पौडी स्टारसँग एक शब्द मात्र बोल्दा पनि गर्व लाग्नु स्वाभाविक बन्यो उनका लागि। अन्य खेलका स्टारको खेल पनि भ्याएजति हेरेकी थिइन् नयनाले। हाउभाउ र स्टाइल प्रत्येकलाई नजिकबाट नियालिन्। केही स्टार खेलाडीसँग उनको गफगाफ पनि भयो।

एक खालको डिप्रेसन पैदा भयो उनमा। गफकै क्रममा खेलकुदमा अन्य राष्ट्रले गरेको लगानी, भौतिक पूर्वाधार र सम्बन्धित पक्षको गाम्भीर्यतालाई बुझेपछि उनी नेपाली अधीकारी एवं निकायप्रति निराश हुनु स्वाभाविक थियो। 'लगानी, भौतिक पूर्वाधार, प्रशिक्षण शैली र खेलकुदप्रति उनीहरूको गाम्भीर्यतालाई हेर्दा नेपालका हरेक खेलाडीको प्रदर्शन स्तरीय र सहानीय मान्नुपर्छ।' एथेन्स ओलम्पिकपछिको बुझाइलाई नयना यसै गरी प्रस्तुत गर्छिन्।

बेइजिङ ओलम्पिकका लागि पहिलो महिला जुडो खेलाडीका रूपमा सहभागी हुँदैछिन् देवु थापा। श्रीलंकामा भएको १० औं दक्षिण एसियाली खेलकुदमा रजत पदक जितेकी थापाले भारतमा सम्पन्न इन्डियन कप जुडो प्रतियोगितामा पनि कांस्य पदक प्राप्त गरेकी थिइन्।



## ५ प्रश्न

**ओलम्पिकमा तपाईंको सहभागिता कस्तो रहनेछ ?**

सबै खेलाडी जित्नका लागि प्रतिस्पर्धा गर्छन्। म पनि प्रतिद्विन्द्वीलाई उछिनेर कसरी सफलता प्राप्त गर्ने भन्नेमै लागेकी छु तर प्रशिक्षण अवधि कम भएकाले वर्षौंदेखि प्रशिक्षित खेलाडीसँग भिड्न निकै गाह्रो छ।

**जुडोमा तपाईंको कमजोरी ?**

प्राविधिक क्षमता। यो खेलाडीका लागि ज्यादै महत्त्वपूर्ण कुरा हो, जसलाई म मेन्टेन गर्दैछु।

**खेलमा सफलताका लागि के आवश्यक छ ?**

मस्तिष्क, प्रविधि र शक्ति। प्रतिद्वन्द्वी कुन रूपमा प्रस्तुत हुन्छ सोहीअनुसार आफूलाई तयारी अवस्थामा राख्नुपर्छ।

**विदेशमा खेल्न जाँदा खेलाडीहरू उतै हराउँछन् नि ?**


नेपालमा खेलाडीहरू ज्यान जोखिममा राखेर खेल्छन् तर पर्याप्त सेवा सुविधाबाट भने वञ्चित छन्। देशको झन्डा बोकेर खेल्ने खेलाडी देशभित्र अभावै अभावमा बाँच्नुपर्छ। यस्तो अवस्थामा विदेश पलायन हुनु उसको बाध्यता हो तर मचाहिँ विदेश पलायन हुने पक्षमा छैन।

**ओलम्पिकमा सहभागी हुँदै हुनुहुन्छ, कस्तो लागिरहेको छ ?**

मैले १४ वर्षदेखि खेल्दै आएकी छु। यो मेरो परिश्रमको फल हो।

**–शिव मुखिया**

# बेइजिङ ओलम्पिकका प्रतियोगितास्थलहरू



२९ औं गृष्मकालीन ओलम्पिक आयोजनाका निम्ति चिनियाँ राजधानी बेइजिङ दुलहीझैं सिंगारिएको छ। कडा सुरक्षा, खेलस्थलहरूको आकर्षक डिजाइनले पहिलोपल्ट चीनले आयोजना गर्न लागेको खेलकुदको कुम्भमेला यतिबेला सबैका निम्ति चर्चाको विषय बनेको छ। मुख्य आयोजना स्थल बेइजिङ हो तर बेइजिङ नजिकका केही सहरमा पनि विभिन्न खेल हुँदैछन्। बेइजिङमा एक दर्जन इन्डोर हल तथा खुला रंगशाला नयाँ ढाँचामा निर्माण गरिएको छ भने विभिन्न खेलका निम्ति ११ वटा पुरानै खेलस्थल तयारी अवस्थामा छन्। आठवटा अस्थायी इन्डोर हल तथा खुला खेलस्थल बनाइएको छ। बेइजिङबाहिरका क्विङ्दाओ, हङकङ, संघाई, सेन्याङ, तियानजिन तथा क्विनहुआङ्दाओमा पनि आधा दर्जन प्रतियोगिता सम्पन्न हुँदैछन्।

२ सयभन्दा बढी देशका १६ हजारभन्दा बढी खेलाडी तथा प्रशिक्षक ओलम्पिक ग्राममा परिवारकै रूपमा बस्नेछन्। ओलम्पिक ग्राम इतिहासकै सबैभन्दा सुविधासम्पन्न भएको बताइएको छ। चराको गुँडको आकारमा आर्किटेक्चरहरूले डिजाइन गरेको बेइजिङ राष्ट्रिय रंगशाला ओलम्पिक सुरु हुनुअगावै चर्चामा छ। ठ्याक्कै चराको गुँडजस्तो आकृतियुक्त उक्त रंगशालामा ९१ हजार दर्शकले एकैपटक खेल गतिविधि अवलोकन गर्न सक्छन्। पुरानो स्वरूपलाई पाँच वर्षअघि भत्काई ५ अर्ब डलर खर्च गरेर गत मार्चमा पुननिर्माण सम्पन्न गरिएको उक्त रंगशालामा २९ औं ओलम्पिकको उद्घाटन तथा समापन समारोह हुँदैछ। एथलेटिक्सका सबै इभेन्ट तथा फुटबलका फाइनल खेल सञ्चालन हुने चराको गुँडले २ लाख ५८ हजार वर्गमिटर क्षेत्रफल ओगटेको छ।

प्रयोगमा आउने ३५ ओलम्पिक खेलस्थल कम्तीमा ४ हजार दर्शक क्षमताका छन्। इन्डोर हलहरूमा एकैपल्ट १९ हजार दर्शकले खेल अवलोकन गर्न सक्छन्। १७ हजार दर्शक क्षमताको नेसनल अक्वाटिक्स सेन्टरमा स्वीमिङ, डाइभिङ तथा सिन्क्रोनाइज्ड स्वीमिङका सबै प्रतिस्पर्धा हुँदैछन्। कलात्मक जिम्न्यास्टिक, ट्र्याम्पोलाइन तथा ह्यान्डबलका स्पर्धाहरू १९ हजार दर्शक क्षमताको नेसनल इन्डोर स्टेडियममा हुँदैछ। बेइजिङ सुटिङ रेञ्ज हलमा सुटिङका ३ इभेन्टको प्रारम्भिक चरण र फाइनल प्रतिस्पर्धा हुनेछ। वुकेसोङ इन्डोर स्टेडियममा बास्केटबल तथा लाओसान भेलेड्रोममा साइक्लिङ (ट्र्याक) का खेलहरू हुँदैछन्।

उत्तरी बेइजिङस्थित ३७ हजार दर्शक क्षमताको स्युन्यी ओलम्पिक पार्कमा रोइङ, क्यानोइङ तथा कायकिङको प्रतिस्पर्धा हुँदैछ। चाइना कृषि विश्वविद्यालयको व्यायमशालामा रेस्लरहरू भिड्नेछन्। पेकिङ विश्वविद्यालयले चीनको राष्ट्रिय खेल टेबलटेनिसको आयोजना गर्दैछ। विज्ञान तथा प्रविधि विश्वविद्यालयमा जुडो तथा तेक्वान्दो खेलाडीहरू भिड्नेछन्। पदकको एक मात्र नेपाली





आशा दीपक विष्ट यही खेल्दैछन्। ७ हजार ५ सय दर्शक क्षमताको प्रविधि विश्वविद्यालयमा ब्याडमिन्टन तथा रिदमिक जिम्न्यास्टिक हुँदैछ। रोजर फेडेरर, राफेल नाडालजस्ता टेनिस स्टारहरू ओलम्पिक ग्रीन टेनिस सेन्टरमा भिड्नेछन्।


ओलम्पिक स्पोर्ट्स सेन्टरमा फुटबलका केही म्याचसँगै आधुनिक पेन्टाथलन खेलाइनेछ। ओलम्पिक स्पोर्ट्स सेन्टर व्यायमशालामा ह्यान्डबल तथा ६२ हजार दर्शक क्षमताको वर्कर्स स्टेडियमले फुटबलका केही खेल आयोजित गर्दैछ। वर्कर्स व्यायामशालामा बक्सरहरू भिड्नेछन्। क्यापिटल इन्डोर स्टेडियममा भलिबल, फेङताई सफ्टबल मैदानमा सफ्टबल, यिङ तुङ नाटाटोरियममा वाटर पोलो र वाटर पेन्टाथलनको स्वीमिङ स्पर्धा हुँदैछ। लाओसन माउन्टेन बाइक कोर्समा साइक्लिङ (माउन्टेन बाइक), शुटिङ क्ले टार्गेट रेञ्जमा सुटिङ, इन्स्टिच्युट अफ टेक्नोलोजी व्यायामशालामा भलिबलका केही खेल हुँदैछन्। एरोनटिक्स तथा अस्ट्रोनटिक्स विश्वविद्यालयको मुखाकृतियुक्त व्यायमशालामा भारोत्तोलनको प्रतिस्पर्धा हुँदैछ।

फेन्सिङ हलले फेन्सिङ तथा आधुनिक पेन्टाथलनको फेन्सिङ र सुटिङ स्पर्धा आयोजित गर्दैछ। ओलम्पिक ग्रीन हकी मैदानमा हकीका २२ टिम १७ हजार दर्शकका अगाडि स्वर्णपदकका निम्ति भिड्नेछन्। ओलम्पिक ग्रीन आर्चरी फिल्डमा आर्चरी, वुकेसुङ बेसबल फिल्डमा बेसबल, चाओयाङ पार्कमा बीच भलिबल तथा पश्चिम बेइजिङको लाओसान बीएमएक्स ट्र्याकमा साइक्लिङ (बीएमएक्स) को प्रतिस्पर्धा हुँदैछ। मिङ तोम्ब रिजर्भ्वायरमा ट्रायथलन, बेइजिङको आठ जिल्लामा फैलिएको अर्वान रोड साइक्लिङ कोर्समा साइक्लिङको सडक दौड हुँदैछ।

बेइजिङपूर्वको क्वीङदाओस्थित ओलम्पिक सैलिङ सेन्टरमा सैलिङ, हङकङको ओलम्पिक इक्वेस्ट्रियन सेन्टरमा घोडचढी, ६० हजार दर्शक क्षमताको सेन्याङ रंगशाला, संघाई रंगशाला, तियानजिनस्थित ओलम्पिक स्पोर्ट्स स्टेडियम, क्विनहुआङ्दाओस्थित ओलम्पिक स्पोर्ट्स सेन्टरले पनि फुटबलका केही स्पर्धा आयोजित गर्ने अवसर पाएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले तोकेको समयभन्दा निकै अघि नै चीन सरकारले ओलम्पिक खेलस्थलहरूको निर्माण र पुननिर्माण कार्य सम्पन्न गरेको थियो।

**–राजु घिसिङ**





# बेइजिङ ओलम्पिकबाट नेपालको अपेक्षा

काठमाडौं– २९ औं ओलम्पिक खेलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएका नेपाली खेलाडीहरू अहिले बेइजिङमा कडा अभ्यास गरिरहेका छन् । आज हुने उद्घाटन समारोहमा सहभागी भएपछि उनीहरू उत्कृष्ट नतिजाका लागि जुट्नेछन् ।

ओलम्पिकका लागि छनौटका सबै प्रक्रियामा सफलता पाएका दीपक विष्ट दक्षिण कोरियामा प्रशिक्षण लिएर स्वदेश फर्किई सोभ्कैं बेइजिङ ओलम्पिकमा सहभागिता गर्न नेपाली टोलीसहित प्रस्थान गरेका हुन् । पौडीमा वाइल्ड कार्डमार्फत सहभागिता जनाउने अवसर पाएकी करिश्मा कार्की तथा प्रसिद्धजंग राणा भारतमा विशेष प्रशिक्षण गरी स्वदेश आई बेइजिङतर्फ लागेका छन् । त्यस्तै केही साताअघि मात्र वाइल्ड कार्डमार्फत छनौटमा परेका कमल अधिकारी स्वदेशमै विशेष प्रशिक्षण गरेर बेइजिङ गएका छन् भने एथलेटिक्स खेलमा वाइल्ड कार्ड पाएर सहभागिता जनाउन पाएकी चन्द्रकला थापा तथा अर्जुनकुमार बस्नेत, सुटिङकी फूलमाया क्यापछाकी, जुडोकी देवु थापाले पनि स्वदेशमै विशेष प्रशिक्षण गरेर बेइजिङ ओलम्पिक प्रतियोगितामा सहभागिता गरिरहेका छन् ।

ओलम्पिकका लागि नेपालबाट विभिन्न विधाका खेलमा आठ खेलाडीले सहभागिता जनाउँदैछन् । दक्षिण एसियाली खेलकुदमा लगातार तीन पटक स्वर्ण पदक जित्न सफल विष्ट काठमाडौंमा भएको आठौं साफ खेलकुद, पाकिस्तानमा भएको नवौं साफ खेलकुद र श्रीलंकामा भएको दसौं साफ खेलकुदमा लगातार स्वर्ण पदक जितेका थिए । त्यस्तै, अमेरिकामा भएको गर्भनर कप एवं प्लेयर्स कपमा पनि स्वर्ण पदक जितेका विष्टबाट नेपाली खेलप्रेमीहरूले धेरै आशा गरेका छन् ।

ओलम्पिकका लागि वाइल्ड कार्डमार्फत छनौटमा परेका बाँकी खेलाडीहरू पदक जित्न नसके पनि राष्ट्रिय कीर्तिमान भंग हुने कुरामा आशावादी छन् । आवश्यक भौतिक सामग्रीको अभाव छोटो अवधिको प्रशिक्षणका भरमा ओलम्पिकजस्तो ठूलो खेलमा सहभागिता जनाउन पाउनु नै एउटा उपलब्धि मान्छन् नेपाली खेलाडीहरू ।

नेपालले ५८ वर्षको ओलम्पिक इतिहासमा एउटा मात्र पदक पाएको छ । नेपालले आधिकारिक रूपमा सन् १९६४ मा जापानमा भएको ओलम्पिक खेलमा सहभागिता जनाएको थियो । त्यसबेला टोकियो ओलम्पिकमा नेपालले एथलेटिक्स र बक्सिङमा सहभागिता जनाएको थियो, तर ती खेलमा नेपालले उत्कृष्ट प्रदर्शन गर्न सकेन ।

नेपालले बक्सिङ, एथलेटिक्स, भारात्तोलनजस्ता खेलमा मात्र सहभागिता जनाउँदै आएकोमा सन् १९८८ मा दक्षिण कोरियाको सिओलमा भएको २४ औं ओलम्पिकमा पहिलो पटक एथलेटिक्स, बक्सिङसँगै तेक्वान्दो, जुडो र सुटिङ खेलमा सहभागिता गरेको थियो । उक्त ओलम्पिकमा नेपालका १७ जना खेलाडीले सहभागिता गरेका थिए । ओलम्पिकमा तेक्वान्दोमा विधान लामाले कांस्य पदक जितेका थिए । त्यसपछिका सन् २००४ को २८ औं एथेन्स ओलम्पिकमा तेक्वान्दो खेलाडी संगीना वैद्यले पदक दिलाउने आशा गरिएको थियो, तर खेल हुनुअघि नै मानसिक रूपमा पराजित संगीनाको पदक जित्ने सपना साकार हुन सकेन ।

बेइजिङ ओलम्पिकका लागि नेपालका खेलप्रेमीहरूले दिपक विष्टबाट पदकको अपेक्षा गरेका छन् । यद्यपि बाँकी खेलाडीहरूले पनि थुप्रै अन्तराष्ट्रिय खेलको अनुभव सँगालिसकेका छन् ।

ओलम्पिकमा सहभागि हुन पाउनु नै आफ्नो सफलता मान्ने नेपाली खेलाडीहरू पदक नजिते पनि उत्कृष्ट प्रदर्शन गरेर राष्ट्रको इज्जत धान्ने बताउँछन् । 'पदक जित्नु सबैको सपना हुन्छ,' सुटिङ खेलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएकी फूलमाया क्याप्छाकी भन्छिन्- 'तर वर्षौंदेखि प्रशिक्षित खेलाडीसँग प्रतिस्पर्धा गरेर पदक हात पार्नु सामान्य कुरा होइन ।' पदक जित्नेमा भन्दा पनि राष्ट्रिय कीर्तिमान भंग गर्ने ध्याउन्नमा रहेकी फूलमायासँग सन् २००४मा पाकिस्तानमा भएको नवौं साफ खेलकुद र सन् २००६ मा श्रीलंकामा भएको दसौं साफ खेलकुदको अनुभव छ । त्यस्तै सन् २००६ मा कतारको दोहामा भएको १५ औं एसियाली खेलकुदमा पनि उनले सहभागिता जनाएकी थिइन् ।

छोटो आवधिको प्रशिक्षणमै आफूले धेरै सिकेको बताउने चन्द्रकला थापा एथलेटिक्समा नयाँ राष्ट्रिय कीर्तिमान राख्ने आशा रहेको बताउँछिन् । 'प्रशिक्षणबाट धेरै सुधार भएको छ,' सन् २००३ फ्रान्समा भएको नवौं आईएएफ विश्व प्रतियोगितालगायतका अन्तर्राष्ट्रिय प्रतियोगितमा भाग लिइसकेकी चन्द्रकला भन्छिन्- 'ओलम्पिकमा राम्रो प्रदर्शन गर्न सक्छु भन्ने आत्मविश्वास लिएकी छु ।'

चन्द्रकलाले सन् २००४ मा पाकिस्तानमा भएको नवौं साफ खेलकुद र सन् २००६ मा श्रीलंकामा भएको दसौं साफ खेलकुदमा भाग लिएकी थिइन् । उनले सन् २००४ मा भएको ३४ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिता र सन् २००६ मा भएको ३५ औं राष्ट्रिय एथलेटिक्समा स्वर्ण पदक जितेकी थिइन् ।

केही महिना प्रशिक्षण गरेका नेपाली खेलाडीहरूले वर्षौंको नियमित प्रशिक्षणबाट खारिएका विश्वका खेलाडीहरूसँग प्रतिस्पर्धा गर्नेछन् । अधिकांश खेलाडी विभागीय टिमबाट आएका भए पनि उनीहरूका लागि वाइल्ड कार्ड प्राप्त भएपछि मात्र विशेष प्रशिक्षणको व्यवस्था गरिएको हो । त्यसैले उनीहरू पदक जित्नेमा त्यति धेरै आशावादी देखिँदैन, तैपनि उनीहरू राष्ट्रको इज्जत सम्भ्केर उत्कृष्ट प्रदर्शन गर्ने बताउँछन् ।

'प्रतियोगिता हुने बेला मात्र विशेष प्रशिक्षण दिएका छन्,' भारोत्तोलनका कमल अधिकारी भन्छन्- 'राम्रो प्रशिक्षण पाउनु, सेवा सुविधा र खेलसामग्री अन्तर्राष्ट्रिय स्तरको हुने हो भने हामी पनि पदकका दावेदार हुन सक्थ्यौं ।' ओलम्पिकमा नेपालबाट भारात्तोलनका लागि आठौं खेलाडीका रूपमा सहभागिता जनाउने अधिकारीले सन् २००६ मा श्रीलंकामा भएको दसौं साग खेलकुदमा स्वर्ण पदक जितेका थिए । त्यस्तै सन् २००४ मा पाकिस्तानमा भएको नवौं दक्षिण एसियाली खेलकुद तथा सन् २००६ मा कतारमा भएको १५ औं एसियाली खेलकुदको समेत अनुभव सँगालेका अधिकारीले वाइल्ड कार्डमार्फत ओलम्पिकमा सहभागिता जनाउने अवसर पाएका हुन् ।

हालको प्रशिक्षण अवधि थोरै भए पनि त्यसबाट सबै खेलाडी सन्तुष्ट छन् । सम्बन्धित प्रशिक्षकहरू पनि आफ्ना खेलाडीहरूले राम्रो पदर्शन गर्न सक्नेमा आशावादी छन् । खासगरी तेक्वान्दो खेलाडी दीपक विष्टले नेपाललाई ओलम्पिक पदक दिलाएर नयाँ इतिहास कोर्नेमा धेरैले अपेक्षा गरेका छन् । 'ओलम्पिकजस्तो प्रतियोगितामा सहभागिता जनाउन पाउनु नै आफ्नो खेलजीवनको एउटा उपलब्धि ठान्छु' एथलेटिक्सका खेलाडी अर्जुनकुमार बस्नेत भन्छन्- '१२ वर्षअघि खेल सुरु गर्दा नै मैले ओलम्पिकमा भाग लिने सपना देखेको थिएँ ।'

गत एसियाडमा २ घण्टा २३ मिनेट ५५ सेकेन्डको कीर्तिमान राखेका बस्नेतसँग छैटौं एसियन क्रस कन्ट्री प्रतियोगिता, सिङ्गापुर अन्तर्राष्ट्रिय म्याराथन, हङकङ म्याराथन, आठौं च्याम्पियनसिप म्याराथन, कोरियामा भएको १४ औं एसियन खेल तथा इस्लामावादमा भएको नवौं साफ खेलकुदको अनुभव छ ।

श्रीलंकामा भएको दसौं दक्षिण एसियाली खेलकुदमा रजत पदक जितेकी देवु थापाले भारतमा सम्पन्न सन् १९९६ को इन्डिया कप जुडो प्रतियोगितामा पनि कांस्य पदक जितेकी थिइन् । ओलम्पिकमा पदक जित्न नसके पनि राम्रो प्रदर्शन गर्ने उनको आशा छ । 'पदक नजिते पनि उत्कृष्ट प्रदर्शन गर्नेछु' -थापाले बताइन् ।

पौडीका लागि ओलम्पिकमा भाग लिने नेपालका खेलाडीहरू करिस्मा कार्की र प्रसिद्धजंग शाहसँग पनि थुप्रै अन्तर्राष्ट्रिय खेलको अनुभव छ । सन् २००४ मा पाकिस्तानमा भएको नवौं साफ खेलकुद तथा श्रीलंकामा भएको दसौं साफ खेलकुदमा सहभागिता जनाएकी करिस्माले सन् २००५ मा थाइल्यान्डमा सम्पन्न चौथो एसियन एज ग्रुप पौडी प्रतियोगिता, थाइल्यान्डमा नै पहिलो पटक भएको इन्डोर एसियन गेम एवं अस्ट्रेलियामा भएको १२ औं विश्व पौडी प्रतियोगिताबाट अनुभव सँगालेकी छिन् । त्यस्तै फ्री स्टाइल पौडीखेलाडी प्रसिद्धजंगले पाँच वर्षदेखि विद्यालय स्तरको प्रतियोगितामा सहभागिता जनाउँदै आएका छन् ।

अपर्याप्त भौतिक सामग्री र छोटो अवधिको प्रशिक्षणबाटै ओलम्पिकमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाएका खेलाडीहरूको उत्साह एवं मेहनत प्रशंसायोग्य छ ।

**–शिव मुखिया**

# शीतयुद्ध कालमा ओलम्पिक आन्दोलन

दोस्रो विश्वयुद्धको ाप्तिपछि सन् १९५२ मा नल्यान्डको राजधानी ासिन्कीमा भएको ओलम्पिक पावो नुर्मीले टर्च बोकेर रंगशाला प्रवेश गरेपछि सम्पन्न भएको थियो । उक्त ओलम्पिकका नायक एमिल ज्याटोपेकले ५ हजार र १० हजार मिटर दौडमा स्वर्ण पदक जित्दै नयाँ इतिहास कायम गरे । शीतयुद्धको प्रारम्भिक प्रभाव देखिएको यो ओलम्पिकमा सोभियत संघले पहिलो पटक सहभागिता जनायो, तर सोभियत टिम ओलम्पिक प्रतिस्पर्धा भिलेजभन्दा बाहिर बसेको थियो । सन् १९२४ मा श्रीमती सुत्केरी हुने समय भएका कारण ओलम्पिक गुमाएका बिल हेभेन्सका लागि यो ओलम्पिक महत्त्वपूर्ण बन्यो । त्यही समयमा जन्मिएका उनका छोरा फ्रान्क हेभेन्सले यो ओलम्पिकमा स्वर्ण पदक जिते ।

अर्जेन्टिनाको राजधानी ब्युनर्सआयर्सलाई एक मतले पराजित गर्दै अस्ट्रेलियाको मेलबोर्न सहरले सन् १९५६ को ओलम्पिक आयोजनाको अवसर पायो । दक्षिणी गोलार्द्धमा भएको यो पहिलो ओलम्पिक पनि थियो । यो ओलम्पिकमा युक्रेनका जिम्न्यास्ट भिक्टर चुकानेनले सोभियत संघका लागि ३ स्वर्णसहित ४ पदक जिते भने हंगेरीका आग्नेस कालोटीले ४ स्वर्ण र २ रजत जित्दै ओलम्पिकमा व्यक्तिगत पदक संख्या १० पुऱ्याइन् ।

सन् १९६० मा ५४ वर्षपछि इटलीको राजधानी रोमले दोहऱ्याएर ओलम्पिक आयोजित अवसर प्राप्त गऱ्यो । लगातार तीन पटक ओलम्पिक फुटबलको फाइनलमा पराजित तत्कालीन युगोस्लाभिया टसमार्फत छनौट भएको थियो र ऊ स्वर्ण पदक जित्न पनि सफल भयो । हंगेरीका फेन्सर अलाडर गेल्भिचले लगातार छैटौं पटक ओलम्पिक स्वर्ण पदक जिते । क्यानोइङमा स्वीडेनका गर्ट फ्रेड्रिक्सनले पनि त्यस्तै सफलता हात पारे । घानाका मुक्केवाज क्लेमेन्ट इके रजत पदक जित्दै ओलम्पिकमा पदक जित्ने पहिलो अश्वेत अफ्रिकी बने । त्यसको पाँच दिन पछि इथियोपियाका एबे बिकिलाले नांगो गोडाले दौडेर म्याराथुनको स्वर्ण जित्दै नयाँ इतिहास कायम गरे ।

सन् १९६४ मा टोकियोमा सम्पन्न ओलम्पिक एसियामा भएको पहिलो ओलम्पिक मात्र थिएन, नेपालले सहभागिता जनाएको पहिलो ओलम्पिक पनि थियो । दोस्रो विश्वयुद्धमा ध्वस्त जापानले पुनर्संरचनापछि ओलम्पिकको आयोजना गरेको थियो । हिरोसिमा र नागासाकीमा भएको आणविक



आक्रमणमा बाँच्न सफल योसिनिरो साइकाइले ओलम्पिक टर्च बोकेका थिए । यो ओलम्पिकमा अमेरिकाका पौडीबाज डोन सोलान्डरले ४ स्वर्ण पदक जिते ।

त्यसको चार वर्षपछि मेक्सिकोको राजधानी मेक्सिकोसिटीमा भएको ओलम्पिक हाई एल्टिच्युडका कारण विवादित बन्यो । २ हजार ३ सय मिटर उचाइमा रहेको मेक्सिकोसिटीमा समुद्र सतहमा भन्दा ३० प्रतिशत कम मात्र अक्सिजन उपलब्ध हुन्छ । उचाइका बाबजुद ४ सय मिटरभन्दा लामो दूरीको दौडमा समेत यो ओलम्पिकमा नयाँ विश्वकीर्तिमान कायम भयो । स्वीडेनका हान्स गनर ओलम्पिकमा प्रतिबन्धित औषधी सेवन गरेको अभियोगका कारण अयोग्य घोषित हुने पहिलो ओलम्पियन बने ।

सन् १९७२ मा जर्मनीको म्युनिखमा भएको ओलम्पिकमा थुप्रै कीर्तिमान बनेका थिए । तथापि ओलम्पिकको सुरुमै प्यालेस्टाइनी विद्रोहीद्वारा इजरायली खेलाडीमाथि ओलम्पिक भिलेजमै बम आक्रमण गरियो, जहाँ दुई जनाको तत्काल मृत्यु भयो । अन्य नौ जना घाइते भए । सोही घटनाका कारण ओलम्पिक खेल निर्धारित समयभन्दा ३४ घन्टा ढिलो प्रारम्भ भएको थियो । यसअघिको ओलम्पिकमा २ स्वर्ण पदक जितेका अमेरिकी पौडिबाज मार्क स्पिट्जले ७ स्वर्ण पदक जित्दै नयाँ इतिहास रचे ।

चार वर्षपछि सन् १९७६ मा क्यानाडाको मन्ट्रियलमा भएको ओलम्पिकलाई रग्बी खेलमा देखिएको विवादका कारण अफ्रिकीहरूले बहिस्कार गरे । रोमानियाकी जिम्न्यास्ट नादिया कामानेसीले अन इभन बारमा १० स्कोर गर्दै कीर्तिमान कायम गरिन् । सन् १९४८ मा ह्यामर थ्रोमा स्वर्ण पदक जितेका हंगेरीका इम्रेका छोरा मिकोलास नेमेथले यो ओलम्पिकमा ज्याभलिन थ्रोमा स्वर्ण पदक जित्दै कीर्तिमान कायम गरे ।

सन् १९८० को मस्को ओलम्पिकलाई अफगानिस्तानमा तत्कालीन सोभियत संघले गरेको सैनिक हस्तक्षेपको विरोधमा अमेरिकी नेतृत्वमा पश्चिमा राष्ट्रहरूले बहिस्कार गरे । यो ओलम्पिकमा सोभियत संघका अलेक्जेन्डर डिटिनले प्रतियोगितामा समावेश जिम्न्यास्टिकका सातै पुरुष स्पर्धामा पदक जिते । त्यसको चार वर्षपछि अमेरिककाको लसएन्जलसमा दोस्रो पटक भएको ओलम्पिक सोभियत संघको नेतृत्वमा साम्यवादी राष्ट्रले बहिष्कार गरे । उक्त ओलम्पिकमा ४ स्वर्ण पदक जित्दै अमेरिकाका कार्ल लुइस ओलम्पिक इतिहासका नयाँ नायक बने ।

सन् १९८८ मा दक्षिण कोरियामा भएको ओलम्पिक नेपालका लागि महत्त्वपूर्ण रह्यो । प्रदर्शन खेल तेक्वान्दोमा विधान लामाले कांस्य पदक जित्न सफल भए । उक्त ओलम्पिकमा १ सय मिटर दौडमा क्यानाडाका बेन जोन्सनको स्वर्ण पदक प्रतिबन्धित औषधीको सेवन गरेका कारण खोसियो । छोटो दूरीको दौडमा अमेरिकी धाविका फ्लोरेन्थ ग्रिफ्थ जोयनरले सनसनी मच्चाइन् । टेनिस खेलाडी स्टेफी ग्राफले यही ओलम्पिकमा स्वर्ण पदक जितेर चार ग्रान्डस्लामसहित ओलम्पिक स्वर्ण जितेर नयाँ इतिहास कायम गरिन् ।

सन् १९९२ मा स्पेनको बार्सिलोना सहरले आयोजना गरेको ओलम्पिकमा ड्रिम टिमका रूपमा परिचित अमेरिकी बास्केटबल टिमले चर्चामा रहँदै स्वर्ण पदक जित्यो । रुसका जिम्न्यास्ट भिटाली सर्वोले ६ स्वर्ण पदक जित्दै नायक बने । १९९६ को एटलान्टा ओलम्पिकमा आतंकारीको बम आक्रमणका कारण प्रतियोगिताअगावै एक जनाको मृत्यु भयो भने १ सय १० जना घाइते भए । कार्ल लुइसले आफ्नो स्वर्ण पदकको संख्या ९ पुऱ्याए । सन् २००० को सिड्नी ओलम्पिक सबैभन्दा धेरै खेलाडी सहभागी ओलम्पिक खेल बन्यो भने त्यसको चार वर्षपछि एथेन्समा नै आएर ओलम्पिक खेलले एक चक्र पूरा गऱ्यो ।

## प्रसंग कतिपय



**विक्रम राई**

मिस नेपालको आयोजनासँगै यसको पक्षमा सहभागी सुन्दरीहरू, आयोजक र प्रायोजकहरू देखा परेका छन् भने विपक्षमा आफूलाई क्रान्तिकारी भन्ने महिला संगठनहरू लागेका छन्। यो विवादभित्रका कथाहरू जे भए पनि केही वर्षलाई अपवाद भनी छोड्दाबाहेक प्रत्येक वर्ष एक सुन्दरी मिस नेपाल हुँदै आएकी छिन्। यो उपाधिले प्रदान गर्ने गौरव र रातारात चर्चाको चुचुरोमा पुग्ने अवसरले गर्दा युवतीहरू यो प्रतियोगितातर्फ हौसिएका छन् भन्दा शतप्रतिशत झूटा नठहरिएला, तर गणतन्त्रको ज्वरो नउत्रिएको बेलामा हामी नेपालीहरूका लागि कुनै पनि कुराको विरोध गर्नु दैनिकीजस्तै भएको अवस्थामा हामीमध्ये धेरैलाई यसको समर्थन गर्न कठिन छ। साहूकोमा सयकडा ३६ प्रतिशत ब्याजदरले घरखेत बन्दक राखी बिदेसिएकाहरू पनि विदेशमा विरोध र आन्दोलन गर्न पछि नहटेको अवस्थामा स्वदेशभित्र यस प्रकारको मुद्दामा विरोध हुनु स्वभाविक हो।

गरिबीको रेखामुनि रहेका नेपालीका लागि यो प्रतियोगिताको के महत्त्व छ भनेर प्रश्न गर्दा नेपालबाट एक सुन्दरीको विश्वसुन्दरी प्रतियोगितामा सहभागिताबाहेक अन्य जवाफ पाउन गाह्रो छ। कुरै गर्ने हो भने भारत र खाडी मुलुकलगायत धेरै देशका कोठीहरूमा हाम्रा छोरी-चेलीहरू यस प्रकारको आयोजनाबिना त्यहाँ पुगी आफ्नो देशको प्रतिनिधित्व गरिरहेका छन्। लाज र अस्मितामाथिको यो प्रश्नमा क्रान्तिकारीहरू मौनवादी भएको साँचो हो।

यस प्रकारको आयोजनामा दिमागको पनि नाप-जाँच गरिन्छ। पहिले-पहिले बन्द कोठामा गरिने यस प्रकारको परीक्षामा जाल-झेल भयो भन्ने आरोप लागेकाले हिजोआज लाइभ प्रश्नहरू सोधिन्छ। सुन्दरीहरूलाई गरिने यस प्रकारको एक-दुइटा प्रश्नले उनको दिमागको जाँच कसरी हुन्छ, त्यो अनुत्तरित छ। जे होस्, प्रश्नको जवाफ नाजवाफ हुन्छ, तर प्रतियोगिताको दौरान यसो गर्छु वा उसो गर्छु भन्नेहरू केही दिनपछि नै शिथिल हुन्छन्। यसका पछाडि कारणहरू जे भए पनि वाचा पूरा गर्न नसक्ने सुन्दरीहरूलाई मिस नेपाल बनाएर आउने नयाँ पुस्तामा भ्रम सिर्जना किन गर्ने भन्ने प्रश्न नै विरोधीहरूको छ। मिस्टर नेपालमा गठिलो र तगडा शरीरको बोलवाला रहनु र मिस नेपालमा सुडौल र सुन्दर अनुहारको खोजी हुनुले कतै हामी उपभोक्तावादीहरूको जन्जालमा फस्दै गएको त छैनौं, आफूलाई स्वयं परीक्षण गर्नुपर्ने बेला आएको छ।

अहिले यहाँ यो आयोजनाको विरोध गर्नु भनेको क्रान्तिकारी नारीवादी बन्नुसरह भएको छ। यसको पक्षमा उभिनुले सामन्ती सोचका महिलाविरोधी भनेर चित्रित गर्न थालिएको छ। बुझ्नुपर्ने कुरा के छ भने जबसम्म एउटा पिताले आफ्नी छोरीको यो प्रतिस्पर्धालाई प्रोत्साहित गरिरहन्छ र छोरीको जितलाई आफ्नो र परिवारको गौरव मान्छ तबसम्म जतिसुकै ठूल-ठूला क्रान्तिकारीहरू यसको विरोधमा लागे पनि केही हुनेवाला छैन। मानवअधिकारका कुरा गर्नेहरूले अरूको स्वतन्त्रता र मानवअधिकार पनि हनन गर्नु अनुचित हो। नेपालमा महिलाको हकमा गर्नुपर्ने आन्दोलन धेरै छन्। त्यसका निम्ति लड्न बिर्सेर बर्सेनि यही आयोजनाको विरोध गर्नुले कतै मिस नेपालजस्तै रातारात चर्चामा आउन खोजेको त होइन भन्ने प्रश्न तेर्स्याएको छ। लगभग दुई दशकअघि भारतीय राजनीतिमा शिवसेनाको पहिचान नभएको बेलामा ठाकरे परिवार बम्बईमा त्यसै पनि बेला-बेलामा ढुङ्गामुढा गर्थे र त्यसबाट राजनैतिक जीवनका लागि अक्सीजन प्राप्त गर्थे। कम्तीमा हामीकहाँ महिलावादीहरू योभन्दा सुदृढ र बलिया छन्– मुद्दाको हिसाबले पनि र सांगठनिक हिसाबले पनि। होइन भने सधैंका लागि यो प्रतियोगिता बन्द गर्ने हिम्मत किन देखाउन सक्दैनन् ? आखिर जीवन बुर्काभित्र पनि चलेकै छ। द्वितीय विश्वयुद्धपश्चात् सैनिक मनोरन्जनका निम्ति देखाइने सुन्दरीहरूको फ्लैग मार्चको परिष्कृत रूप अहिलेको सुन्दरी प्रतियोगिता भएकाले त्यसकै नक्कल गर्दै कतै हामी पनि विरोधका कारणले वा कार्यक्रमस्थलको अभावले आर्मी क्लबतिरै ठोक्किन पुग्ने त होइनौं, शंका गर्नुपर्ने छ है।

prasangakatipaya@hotmail.com
















कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।